# अध्याय - एक

## १.१ अध्ययनको परिचय (Introduction of the Study)

विश्व मानचित्रमा नेपाल एशिया महादेशको मध्य भागमा पर्दछ । हिमालयको देश भनेर चिनिने यो देश कूल १,४७,१८१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । नेपाल २६°२२' देखि ३०°२७' सम्म उत्तरी अक्षांस र ८०°४' देखि ८८°१२' पूर्वी देशान्तरसम्म फैलिएको छ ।[१] नेपाललाई भौगोलिक हिसावले हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश गरी तीन प्रदेशमा विभाजन गरिएको छ भने प्रशासनिक हिसावले ५ विकास क्षेत्र, १४ अंचल, ७५ जिल्ला, ४वटा उपमहानगरपालिका, ५८वटा नगरपालिका, १ महानगरपालिका तथा ३९१५ वटा गाउँ विकास समितिमा विभाजित गरिएको छ ।[२] यो राष्ट्र सानो भए पनि विविध साँस्कृतिक विशेषताले युक्त देश हो ।

नेपाल बहुजाति, बहुभाषिक, वहुधार्मिक, बहुसाँस्कृतिक तथा बहुआयामिक राष्ट्र हो । नेपालमा भर्खरै युगान्तकारी परिवर्तन भएको छ । नेपालको इतिहासमा यहाँका जनताले गरेका विभिन्न चरणका जनआन्दोलनको क्रमसँगै २०६२/६३ मा भएको ऐतिहासिक जनआन्दोलनको परिणामस्वरुप २०४७ सालको संविधान खारेज भै २०६३ सालको अन्तरिम संविधान जारी गरियो । त्यस अन्तरिम संविधानको भाग १ अन्तर्गत धारा ४ मा नेपाललाई धर्म निरपेक्ष राज्यको रुपमा घोषणा गरिएको कुरा उल्लेख छ ।[३] त्यसपछि २०६४ साल चैत्र २८ गते सम्पन्न ऐतिहासिक संविधानसभाको निर्वाचनपश्चात बनेको संविधानसभाको पहिलो वैठकले २०६५ साल जेष्ठ १५ गते नेपाललाई राजनैतिक रुपले संघीय लोकतान्त्रिक गणतन्त्र राष्ट्रको रुपमा घोषणा गऱ्यो । विभिन्न जाति तथा जनजातिहरुको बसोबास रहेको यस राष्ट्रमा हिन्दु धर्म बाहेक बौद्ध, इसाई, क्रिश्चियन, शिख, जैन जस्ता धर्महरुको अस्तित्व रहेको छ । त्यसैले नेपालमा विविध धर्महरुको अस्तित्व भए तापनि यी धर्मावलम्वीहरुवीच रहेको धार्मिक सहिष्णुता र जातीय सह-अस्तित्व विश्वमै एक उदाहरणको रुपमा प्रस्तुत भएको छ ।

बौद्ध धर्मअन्तर्गत हीनयान, बज्रयान, महायान, इस्लाम धर्ममा शिया र सुन्नी वा क्रिश्चियन धर्ममा क्याथोलिक र प्रोटेष्टेण्ट आदि जस्ता सम्प्रदाय भए जस्तै हिन्दु

---

[१] *मेचीदेखि महकाली, भाग ३,* पश्चिमाञ्चल क्षेत्र, काठमाडौंः श्री ५को सरकार, संचार मन्त्रालय, सूचना विभाग, २०३१, पृष्ठ ३२५ ।

[२] *पपुलेशन अफ नेपाल,* (सेलेक्टेड डाटा), काठमाडौंः केन्द्रीय तथ्याङ्क विभाग, सन् २००१, पृ.२० ।

[३] *नेपालको अन्तरिम संविधान २०६३,* दोश्रो संशोधन, काठमाडौंः नवदीप प्रकाशन, पृष्ठ १ ।

धर्मअन्तर्गत पनि विभिन्न आध्यात्मिक संस्थाहरु देखा परेका छन् । जस्तो साईबाबा, राधेराधे, श्री कृष्ण प्रणामी, रजनीश, आनन्दमार्गी, आत्मा ज्ञान प्रचार संघ र ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय आदि । यी संस्थाहरुको मुख्य उद्देश्य भनेको समाजमा शान्ति स्थापना गर्नु र आफूलाई परमात्मा, भगवान, परमेश्वर, प्रभु, अल्लाह आदिमा समाहित गर्नुपर्छ भन्ने नै हो । तर प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयले आफूहरु चाहिं यी संस्थाहरु भन्दा फरक भएको दावी गर्दछन् ।[४] यसै परिप्रेक्ष्यमा हाल नेपालमा तीब्र रुपमा आफूलाई विस्तार गर्न सक्षम आध्यात्मिक संस्था 'प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय' पनि एक हो । यस विश्व विद्यालयलाई सेवाकेन्द्र वा शाखा पनि भनिन्छ । वर्तमान अवस्थामा पोखरा उपमहानगरपालिकामा रहेको प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको संक्षिप्त परिचयका साथै यस संस्थाबाट प्रदान गरिने शिक्षाले सामाजिक क्षेत्रमा पारेको प्रभावका बारेमा प्रस्तुत अध्ययनमा संक्षिप्त रुपमा प्रकाश पार्ने प्रयास गरिएको छ ।

## १.२ अध्ययनको सीमा (Limitation of the Study)

मानव जाति जब घुमन्ते युगदेखि कृषि युगमा प्रवेश गर्‍यो त्यस पछि उ समाजमा बस्न थाल्यो । समाजमा बस्न थालेपछि त्यहाँभित्र अनेक समस्याहरु देखा पर्नुका साथै उनीहरुको बौद्धिक स्तर पनि विस्तारै विस्तारै बढ्न थाल्यो । जसले गर्दा उनीहरुले पृथ्वीको उत्पत्तिलगायत समाजका विविध पक्षका बारेमा चिन्तन मनन गर्न थाले । अचानक हुने मौसम परिवर्तन वा विविध प्राकृतिक विपत्ति वा महामारीबाट आइ पर्ने समस्याहरुसँग जुध्न शुरुमा एउटा अलौकिक शक्तिको कल्पना गर्न थाले । साथै विस्तारै बढ्दो जनसंख्याको कारण समाजमा अशान्ति फैलिन थाल्यो । यसैक्रममा विभिन्न देवीदेवताहरुको परिकल्पना गरियो । उनीहरुका बारेमा विभिन्न कथा तथा उपकथाहरु कथिए । समय क्रममा राम, कृष्ण, बुद्ध, क्राइष्ट, मोहम्मद वा नानक आदि महापुरुषहरु यस धर्तीमा अवतरित भए । उनीहरुले तत्कालीन समाजलाई सुधार गर्न र मानव मात्रलाई सुखी एवं संमृद्धि बनाउने उद्देश्यले जुन दर्शनहरुको प्रतिपादन गरे ती आज पनि उत्तिकै महत्वपूर्ण र समसामायिक छन् । कालान्तरमा यिनै महापुरुषहरु भगवानका रुपमा दरिए । वर्तमान समयमा पनि धर्म सुधारका नाममा विभिन्न आध्यात्मिक संस्थाहरुको रूपमा स्थापना भएका छन् । यस्ता संस्थाहरुमा श्रीराधेराधे, श्रीकृष्ण प्रणामी, आत्माज्ञान प्रचार संघ, आनन्दमार्गी, सत्य साइवावा र प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय आदि महत्वपूर्ण छन् ।

---

[४] *ब्रह्माकुमार शिशिरसँग* मिति २०६५।४।२० मा पार्दीमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

कास्की जिल्लाको पोखरा नगर नेपालको मात्र हैन संसारमै पर्यटकीय सुन्दर नगरीका रुपमा प्रसिद्ध छ । पर्यटकीय दृष्टिले पोखरा उपत्यका जति सुन्दर एवं मनोरम छ । विविध धार्मिक आस्था र विश्वासका हिसावले पनि यसले त्यत्तिकै महत्वपूर्ण स्थान ओगटेको छ । कारण यहाँ विभिन्न धर्म र आस्थाका धरोहर मठमन्दिरहरु, मस्जिद, गिर्जाघर, गुम्वा, विहार र स्तूप आदिको निर्माण गरिएको छ । हिन्दु धर्मकै शास्त्र श्रीमद् भागवद्गीतालाई पथप्रदर्शक मानेर स्थापना भएको प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयले विशुद्ध आध्यात्मिक एवं नैतिक ज्ञान दिलाउने उद्देश्यका साथ विश्वका विभिन्न मुलुकमा आफ्ना सेवाकेन्द्र, शाखा, उपशाखा तथा ब्रह्माकुमारी गीता पाठशालाहरुको स्थापना गरेको पाइन्छ । नेपालमा पनि यस संस्थाका थुप्रै शाखा, उपशाखा तथा गीता पाठशालाहरु स्थापना गरिएका छन् । यहाँ पोखरा नगरभित्र अवस्थित प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयहरुको संक्षिप्त परिचयका साथै यस संस्थाबाट दिइने ईश्वरीय शिक्षाका प्रभावहरुको बारेमा चर्चा गर्नु यस अध्ययनको सीमा रहेको छ ।

## १.३ समस्याको कथन ( Statement of the Problem)

प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय एउटा विश्वव्यापी आध्यात्मिक विद्यालय हो । यसका शाखाहरु संसारका अन्य देशहरुमा पनि स्थापना भएका छन् । सन् २००७ सम्मको तथ्याङ्कअनुसार यस विश्व विद्यालयका हालसम्म विश्वको १३३ देशमा ८००० भन्दा बढी शाखाहरुको स्थापना भैसकेका छन् ।[५] नेपालमा पनि ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयका थुप्रै शाखाहरु रहेका छन् । संचार क्षेत्रको तीब्र विकास, पश्चिमी छाडा संस्कृतिको बढ्दो प्रभावका साथै आफैभित्र पनि उब्जने नकारात्मक चिन्तनको प्रतिफलस्वरुप वर्तमान समयमा नेपाली समाजको सनातन मूल्य र मान्यतामा क्रमशः ह्रास आइरहेको छ । यही कारण आज समाजमा अशान्ति फैलिरहेको छ । यसै सन्दर्भमा यस ईश्वरीय विश्व विद्यालयबाट दिइने ईश्वरीय ज्ञान तथा राजयोगको शिक्षाले समाजमा शान्ति, प्रेम, स्नेह एवं आपसी सद्भाव र भाइचाराको वातावरणको सृजना गरी मानवीय आत्मालाई परमात्मा शिवमा समाहित गराउन महत्वपूर्ण भूमिका खेलिरहेको कुरालाई नकार्न सकिदैन । हालसम्म नेपालमा यसका लगभग २०० शाखा तथा उपशाखाहरू स्थापना भएका छन ।[६] त्यस मध्ये कास्की जिल्लाको पोखरा नगरमा रहेका प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयहरुको परिचय तथा यसका दैनिक क्रियाकलापहरु के कस्ता रहेका

---

[५] *प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय संक्षिप्त परिचय,* राजस्थानः प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, प्रकाशन मिति उल्लेख नभएको, पृ. ६ ।

[६] *ब्र.कु.शैलेशसँग* मिति २०६५।१।२५ गते नयाँबजारमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

छन् र यसको शिक्षाले समाजमा कस्तो प्रभाव पारेको छ ? जस्ता विषयहरुको बारेमा खोजपूर्ण अध्ययन गर्नु समस्याको कथन रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य (Objective of the Study)

हरेक अध्ययन वा शोध पत्रहरुको आ-आफ्नै उद्देश्यहरु रहेका हुन्छन् । त्यसकारण यस शोध अध्ययनको उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

१. प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको स्थापना र नेपालमा यसको विस्तारकाबारेमा प्रकाश पार्नु ।

२. पोखरा उपमहानगरपालिका भित्र अवस्थित प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको स्थापना, परिचय, र क्रियाकलापहरुका बारेमा प्रकाश पार्नु ।

३. प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयमा दिइने ईश्वरीय ज्ञान (मुरली कक्षा) र राजयोगको अभ्यास तथा यसको शिक्षाको बारे चर्चा गर्नु ।

## १.५ अध्ययनको महत्व (Significance of the Study)

आज भन्दा लगभग ७१ वर्ष अघि (सन् १९३७) हालको पाकिस्तानको सिन्ध प्रान्त मा स्थापना भएको यस प्रजापिता ईश्वरीय विश्व विद्यालयको स्थापना नेपालमा ४१ वर्ष अघि काठमाडौंमा भएको हो । यो संस्थाले हिन्दुहरुको धर्मशास्त्र मानिने श्रीमद्भागवत गीताको ज्ञानलाई मुख्य पथप्रदर्शक मान्दछ । यस ईश्वरीय विश्व विद्यालयले यस संसारमा कलियुगको महाविनाश नजिकै आइसकेको, पुरुषोत्तम संगम युगको सुरुवात भै सत्य युगको स्थापना हुन लागेको अवधारणा राख्दछ । यस समयमा भगवान शिवको अवतरण भैसकेको छ र वहाँले हामी मानव (आत्मा) लाई ईश्वरीय ज्ञान दिदैं आउनुभएको अभिमत राख्दछ ।[७] त्यसैले वहाँले दिनुभएको ज्ञानलाई हामी मानव (आत्मा)हरुले आत्मसात गरी समाजमा शान्ति स्थापना गरी सतमार्गमा लाग्नुको साथै राजयोगको अभ्यास गरेर सत्ययुगको बाटोलाई सुगम बनाउनु पर्छ भन्ने कुराको शिक्षा प्रदान गर्दछ । यस्ता ईश्वरीय ज्ञानले समाजमा कस्तो प्रभाव पारेको छ भन्ने कुराको सत्य तथ्यलाई जनमानसको अगाडि राख्नु नै यस अध्ययनको महत्व रहेको छ ।

---

[७] *ऐजन ।*

## १.६ पूर्व अध्ययनको समीक्षा (Review of the Literature)

प्राचीनकालदेखि नै नेपाल एउटा धार्मिक, साँस्कृतिक एवं ऐतिहासिक महत्व बोकेको राष्ट्र हो । हिमालय कैलाश पर्वतमा भगवान शिवको बासस्थान होस् वा तराईको भूमिमा बुद्धको पदार्पण होस् यो नेपाली मात्रको गौरवको विषय बनेको छ । यस विषयमा थुप्रै अध्ययन तथा अनुसन्धान भएर थुप्रै किताव वा शोध ग्रन्थहरु तयार भैसकेका छन् । यसका बाबजुद पनि अझै सयौं धार्मिक संघ संस्थाहरुका बारेमा अध्ययन अनुसन्धान गर्न बाँकी नैं छ । यसै परिप्रेक्ष्यमा पोखरा उपमहानगरपालिका भित्र रहेका ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयहरुका बारेमा पनि हालसम्म खास त्यस्तो शोध अनुसन्धान भएको देखिदैन । यसबारेमा जनप्रिय बहुमुखी क्याम्पसका विद्यार्थी विकास शर्मा पोखरेलले वि.सं.२०६० सालमा आफ्नो वि.वि.एस. उपाधिको निम्ति भनेर '**ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय अन्तर्गत नैतिक तथा आध्यात्मिक शिक्षा सम्वन्धी जनअवधारणा : एक अध्ययन**' भन्ने शीर्षकमा एउटा स्थलगत अध्ययन प्रतिवेदन तयार पारेको पाइन्छ । जसमा उनले यस ईश्वरीय विश्व विद्यालयद्वारा प्रदान गरिने आध्यात्मिक तथा नैतिक शिक्षालाई ध्यानमा राखेर शिक्षामा आध्यात्मिकता र व्यवहारमा नैतिकताको पाठ सिकाएर मानव (आत्मा) लाई सकारात्मक प्रवृत्तितर्फ उन्मुख गराई एउटा सुन्दर संसारको स्थापना गर्न विभिन्न कार्यनीतिहरु तयार गरेर तिनीहरुको सफल कार्यान्वयन पनि गर्दै आइरहेको निष्कर्ष निकालेका छन् । तर यसको शिक्षाको बारेमा विस्तृत रुपमा प्रकाश पारिएको छैन । यसका अतिरिक्त यस संस्थाका आफ्नै प्रकाशन बाहेक अन्य विद्वान तथा अन्वेषकहरुले यस संस्थाको बारेमा खासै अध्ययन गरेको पाइदैन ।

यसबाहेक प्रस्तुत शोधपत्र तयार गर्दा आधारको निम्ति यस संस्थाका केही आफ्नै प्रकाशनहरुको अध्ययन गरिएको छ । यी पुस्तकहरु पनि हिन्दी भाषामा प्रकाशित भएका छन् । जसको चर्चा यसप्रकार रहेको छ ।

**जीवनको पलटाने वाली एक अदभुत जीवन कहानी** (**भाग** १)

प्रस्तुत पुस्तकमा प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयका संस्थापक दादा लेखराजको जीवनीको बारेमा चर्चा गरिएको छ । दादा लेखराज जो एउटा साधारण हीरा व्यापारी थिए, कसरी ब्रह्माबाबाको रुपमा परिचित भए ? उनको जीवनमा कस्ता कस्ता उतारचढाव आए ? भन्ने बारेमा उल्लेख गरिएको छ । यसका साथै प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको स्थापना, त्यसको भारत आगमन, विद्यालय सञ्चालनमा आएका

बिघ्न बाधाहरुको बारेमा सबिस्तार चर्चा गरिएको छ । प्रस्तुत शोधपत्रको निम्ति यो पुस्तक एउटा महत्वपूर्ण सामग्री साबित भएको छ ।

**भारत के त्योहारों की आध्यात्मिक व्याख्या और उन से जुडे महानुभावों न्यायसंगत परिचय**

जगदीशचन्द्र हसिजाद्वारा लिखित प्रस्तुत पुस्तकमा भारतीय तथा नेपाली समाजमा मनाइने हिन्दु धर्मका चाडपर्वहरुको चिरफार गरिएको छ । चाडपर्वहरु वास्तवमा के हुन्, तिनको आध्यात्मिक अर्थ के हो ? यी चाडपर्वसँग जोडिएका कथा वा व्यक्तिहरुको वास्तविक यथार्थ के हो ? तिनीहरुवीच के सम्वन्ध रहेको छ भन्ने बारेमा पनि विशद चर्चा गरिएको छ । त्यसैले यो पुस्तक पनि प्रस्तुत शोध ग्रन्थको भरपर्दो सन्दर्भ सामग्री भएको छ ।

**श्रीमद् भगवतगीता का सत्य सार**

यो पुस्तकमा भगवत गीताको बारेमा बिश्लेषण गरिएको छ । गीता कस्तो ग्रन्थ हो ? के साँच्चै यो गीता भगवान श्रीकृष्णले अर्जुनलाई महाभारतको युद्धभूमिमा सुनाएका थिए त ? के त्यस्तो सम्भव छ ? नत्र गीता ज्ञान कहिले दिएका थिए ? कहाँ दिएका थिए ? के गीतामा वर्णित श्रीकृष्ण र महाभारतको कृष्ण एउटै हुन् ? भन्ने बारेमा सत्य तथ्य खोतल्ने प्रयास गरिएको यो पुस्तक पनि शोधपत्रको महत्वपूर्ण भूमि भएको छ ।

**ईश्वरीय ज्ञान का साप्ताहिक पाठ्यक्रम**

प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयद्वारा प्रकाशित प्रस्तुत पुस्तक एउटा महत्वपूर्ण पुस्तकको रुपमा रहेको छ । परमात्मा शिव प्रजापिता ब्रह्माको रुपमा अवतरित भएपछि सनातनदेखि मौखिक रुपमा जुन ज्ञान दिएका थिए, त्यही ज्ञानलाई पुस्तकको रुपमा संग्रह गरिएको हो । यो पुस्तकलाई साप्ताहिक कोर्षको रुपमा शुरुमा बिद्यालयमा आउने जिज्ञासुहरुलाई पढाउने पनि गरिन्छ । यस पुस्तकमा आत्मा, परमात्मा, मनुष्य सृष्टि, परमात्माको कर्तव्य, सृष्टि चक्र तथा राजयोगको बारेमा चर्चा गरिएको छ । साथै मर्त्यलोक र परलोक, सनातन धर्मका संस्थापक र त्यसको वास्तविक स्वरुपको बारेमा उल्लेख गरिएको छ । त्यसले यो पुस्तक पनि प्रस्तुत शोधग्रन्थको सहायक भएको छ ।

**परमात्माका अवतरण कब, क्यों और कैसे ?**

यो पुस्तक पनि प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयद्वारा प्रकाशित गरिएको हो । यस पुस्तकमा परमात्माको बारेमा बिस्तृत रुपमा व्याख्या गरिएको छ । यस पुस्तकको अनुसार परमात्मा यस धर्तीमा अवतरित भैसकेका छन् । उनको जन्म मनुष्यात्मा

झैं आमाको स्थूल गर्भबाट जन्म लिदैन र जन्ममरणको चक्करमा पनि आउँदैन भनिएको छ । यसलाई नै वास्तवमा अवतार भनिएको हो । आज धर्तीमा परमात्मा अवतरित भएर मनुष्य आत्माहरुलाई ईश्वरीय ज्ञान राजयोगको अभ्यासको पुरुषार्थ गर्न सिकाएर पतित भएका आत्माहरुलाई पावन बनाउने दिव्य कार्यमा संलग्न भएका छन् । यो पुस्तक पनि शोधपत्रको निम्ति एउटा खुराक भएको छ ।

यसबाहेक यिनै संस्थाहरुबाट प्रकाशित मासिक वा द्वैमासिक पत्रिकाहरुको अध्ययन गरी प्रस्तुत ग्रन्थको निम्ति आवश्यक सामग्री जुटाइएको छ । यसरी यस ईश्वरीय विद्यालयको बारेमा प्रशस्त लेखरचनाहरु पाइएतापनि यसको प्रभावको बारेमा यथेष्ट मात्रामा प्रकाशित वा अप्रकाशित सामग्रीहरु उपलव्ध हुन सकेको छैन । अत प्रस्तुत शोधपत्र मूलतः स्थलगत अध्ययनमैं आधारित भै पोखरा नगरीभित्र अस्तित्वमा रहेका ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयअन्तर्गत रहेका शाखा तथा उपशाखाहरुको संक्षिप्त अध्ययन र यसको प्रभावको चर्चा गर्नु पर्ने अवस्था रहेको छ ।

## १.७ शोधविधि (Research Methodology)

यस शोधकार्यलाई तथ्यपरक तथा यथार्थपरक बनाउनका लागि निम्न श्रोतहरुको सहायता लिइएको छ ।

१. **प्राथमिक श्रोत (Primary Source)**

क) विभिन्न शाखाको स्थलगत अध्ययन, अन्तर्वार्ता वा प्रश्नोत्तर

ख) सम्वन्धित संस्थाबाट प्राप्त अप्रकाशित कागजपत्रहरु

२. **द्वितीय श्रोत (Secondary Source)**

क) धार्मिक विषयमा लेखिएका विभिन्न पुस्तकहरु

ख) संस्थाबाट प्रकाशित विभिन्न म्यागेजिनहरु

ग) प्रजापिता ईश्वरीय विश्व विद्यालयको बारेमा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरु

## १.८ अध्ययनको संगठन (Organization of the Study)

यस शोध कार्यलाई निम्नलिखित शीर्षकहरुमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

अध्याय १ मा शोधपत्रको परिचय खण्ड रहेको छ ।

अध्याय २ मा कास्की जिल्ला र पोखरा नगरको संक्षिप्त परिचयसहित यस नगरको सामाजिक संरचना र आर्थिक अवस्थाका बारेमा प्रकाश पारिएको छ ।

अध्याय ३ मा धर्मको उत्पत्ति र धार्मिक संस्थाहरुको बारेमा संक्षिप्त परिचय प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

अध्याय ४ मा प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको संक्षिप्त परिचय, नेपालमा र पोखरा नगरभित्र यस संस्थाको स्थापना र शाखाहरुको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ

अध्याय ५ मा  प्रजापिता ईश्वरीय विश्व विद्यालयबाट दिइने शिक्षाको बारेमा प्रकाश पार्ने कोशिस गरिएको छ ।

अध्याय ६ मा प्रजापिता ईश्वरीय विश्व विद्यालयका अवधारणाहरुको बारेमा विश्लेषण गरिएको छ ।

अध्याय ७ मा ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको दैनिक क्रियाकलापहरु तथा हिन्दुहरुको धर्मशास्त्र गीताप्रति यस विद्यालयको अवधारणाबारे चित्रण गरिएको छ ।

अध्याय ८ मा प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको प्रभावको साथै यसको आर्थिक व्यवस्थापनका बारेमा प्रकाश पारिएको छ ।

अध्याय ९ मा निष्कर्ष र सुझाव दिइएको छ ।

# अध्याय-दुई

## कास्की जिल्ला एवं पोखरा नगरको संक्षिप्त परिचय

### २.१ कास्की जिल्लाको भौगोलिक अवस्थिति

नेपालको प्रशासनिक विभाजनको निम्ति छुट्टयाइएका १४ अञ्चलमध्ये गण्डकी अञ्चलभित्र पर्ने ६ जिल्लामध्ये एक जिल्ला कास्की पनि हो । कास्की जिल्लालाई नेपालको प्रसिद्ध नदी सेतीगण्डकी, मोदी र मादी नदी र थुप्रै स-साना खोलाहरूले प्रवाहित गरेका छन् । यो जिल्ला मध्ये पहाडी पर्यावरणीय प्रदेशमा परे तापनि जिल्लाभित्रका थुप्रै भू-भाग उच्च हिमाली क्षेत्रमा पर्दछन् । यो जिल्लाको आकार वृत्ताकार छ भने फैलावट करीव ७० कि.मी.को हवाई दुरीमा पूर्व पश्चिम एवं उत्तर दक्षिण फैलिएको छ ।[८] यो जिल्ला २८$^{\circ}$०६' देखि २८$^{\circ}$३६' उत्तरी अक्षांश र ८३$^{\circ}$४०' देखि ८४$^{\circ}$१२' पूर्वी देशान्तरसम्म फैलिएको छ । कूल २०१७ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस जिल्लाको भूस्वरुप उच्च पहाडी, मध्य पहाडी, तथा उपत्यका क्षेत्र मिली बनेको छ ।[९] यस जिल्लाको पूर्वमा लमजुङ्ग, पश्चिममा स्याङजा र पर्वत, उत्तरमा म्याग्दी र मनाङ, दक्षिणमा स्याङ्जा जिल्ला पर्दछन् । राष्ट्रिय जनगणना २०५८ अनुसार यस जिल्लाको कूल जनसंख्या ३,९७,३६८ रहेको छ । यहाँको जनघनत्व १९७ प्रति वर्ग कि.मी. रहेको छ भने जन्मदर २.८% र मृत्युदर ३.५३% रहेको छ । यहाँको साक्षरता ५६.८४% (१९९६ को तथ्यांक) रहेको छ ।[१०]

### २.२ पोखरा नगरको संक्षिप्त परिचय

कास्की जिल्लामा कूल ४३.वटा गा.वि.स., एउटा नगरपालिका र एउटा उपमहानगरपालिका रहेकोमा पोखरा अन्नपूर्ण हिमश्रृंखलाको दक्षिणी काखमा अवस्थित छ । यो नगरपालिका काठमाडौंबाट २०० कि.मी. पश्चिम र सुनौलीबाट १८३ कि.मी उत्तरमा रहेको छ । भौगोलिक अवस्थितिको हिसावले २८$^{\circ}$१०' उत्तर देखि २८$^{\circ}$१३' उत्तर अक्षांश र ८०$^{\circ}$०२'३०" पूर्वी ८३$^{\circ}$५८'३०" पूर्व देशान्तरबीच फैलिएको छ ।[११] यसको कुल क्षेत्रफल

---

[८] *कास्की जिल्लाको वस्तुगत विवरण,* पोखराः जिल्ला विकास समिति, कास्की, २०५८, पृ. १ ।

[९] *ऐजन ।*

[१०] *ऐजन ।*

[११] *पोखरा नगरको वस्तुगत विवरण,* पोखराः पोखरा उपमहानगरपालिकाको कार्यालय, २०६३, पृ.उल्लेख नभएको ।

५१.२१ वर्ग कि.मी. र उचाईं ६८० मीटरदेखि १०३० मीटरसम्म रहेको छ ।[१२] यस उपमहानगरपालिकाले पोखरा उपत्यकाको कुल समथर भूभागको ४५.२५ प्रतिशत ओगटेको छ । जमीन उत्तर पश्चिमबाट दक्षिण पूर्वतर्फ ढल्किएको छ । यसको पूर्वमा लेखनाथ नगरपालिका, पश्चिममा हेम्जा, सराङकोट र पुम्दीभुम्दी गाउँ विकास समितिहरु, उत्तरमा लामाचैर, अर्मला छहरेपानी, काहुँ भलाम र आर्वा विजयपुर गाउँ विकास समितिहरु र दक्षिणमा कृष्तिनाच्नेचौर, निर्मलपोखरी र भरतपोखरी गाउँ विकास समितिहरु रहेका छन् । यसको  पूर्वी तथा उत्तर पूर्वी सीमाना क्रमशः कालीखोला, काहुँ डाँडाको फेदी विजयपुर खोला रहेको छ भने दक्षिणी सीमानामा फुस्रेखोला रहेको छ । पश्चिममा यसको सीमाना फेवातालको बाहिरी किनार, सराङकोट डाँडाको फेदी र पश्चिम उत्तरमा सेती नदी र घार्मी डाँडाको फेदी रहेको छ ।[१३] पोखराको नामकरण कसरी भयो भन्ने बारेमा आधिकारिक आधारहरु केही प्राप्त नभए पनि यस क्षेत्रमा धेरै पोखरी वा ताल तलैया भएको कारणले पोखरी भन्दा भन्दै पोखरा भनिएको भन्ने भनाइहरु पाइन्छ ।

## २.३ पोखरा नगरको सामाजिक संरचना

प्राचीनकालदेखि नैं पोखरा एउटा व्यापारिक केन्द्रको रूपमा विकास भैसकेको थियो । बुढापाकाका अनुसार पोखरा मुस्ताङ्ग र बुटवलवीचको व्यापारीक बाटो पनि थियो ।[१४]  तर पनि सन् १९५१मा भएको प्रजातन्त्रको स्थापनासम्म यो क्षेत्रले विकासको गतिलाई तीव्र रुपमा समात्न सकेको थिएन । १९६० मा पोखराको रामबजारमा भारतीय गोर्खा सैनिकको निम्ति भनेर पेन्सन क्याम्प स्थापना[१५] गरिए पछि यस क्षेत्रले द्रुततर गतिमा शहरीकरणको रुप लिएको हो । त्यसपछि सन् १९५१ देखि हवाइ यातायातको सुरुवात, सन् १९५८ मा प्रथम पटक नगरपालिका घोषित, सन् १९६९ सालमा निर्मित सिद्धार्थ राजमार्गले तराइसँग, सन् १९७२ मा निर्मित पृथ्वी राजमार्गले राजधानीसँग सम्वन्ध जोडिएपछि यहाँको आर्थिक विकासले अझ फस्टाउने मौका पायो ।[१६] त्यस पछि पोखरा विस्तारै पर्यटकीय शहरको रुपमा विकसित हुन थाल्यो । व्रिटिश आर्मीमा भर्ती भएका लाहुरेहरुले अवकाश प्राप्त जीवनको बाँकी अंश यही बिताउन थालेपछि यहाँ घरहरुको निर्माण तथा घडेरीको विक्री

---

[१२] *ऐजन ।*

[१३] *ऐजन ।*

[१४] *श्री डिलबहादुर गुरुङ्गसँग* मिति २०६५।४।३० गते लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[१५] *श्री अमृतकुमार गुरुङ्गसँग* मिति २०६५।५।३ गते लिइएको अन्तर्वार्ता प्राप्त जानकारी ।

[१६] डा.कृष्ण के.सी., *कुरा पोखराको सन्दर्भ फोहोर मैलाको,* पोखराः माछापुच्छ्रे, (वार्षिक मुखपत्र), स्वतन्त्र विद्यार्थी युनियन, पृथ्वीनारायण क्याम्पस, २०५३, पृ.९६ ।

गर्ने क्रम पनि बढ्न थाल्यो । वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनपछि नेपालमा सबभन्दा बढी बसाइसराईं हुने ठाउँ पोखरा नै भएको छ ।

प्राकृतिक सौन्दर्यमा विख्यात पोखरा नगरीले इतिहासको विभिन्न कालखण्डमा विभिन्न जात, जाति, जनजाति, धर्म सम्प्रदाय र भाषा समूहका मानिसहरुलाई आश्रय दिदै आएको छ । यहाँ थोरै मात्रमा भएपनि नेपाल राष्ट्रमा पाइने प्रायः अधिकाँश जातिहरु बसोबास गर्दछन् । यस नगरको कुल जनसंख्या १,६२,२१९ रहेको छ ।[१७] सामाजिक बनोटको दृष्टिकोणबाट पोखरा निरन्तर जातीय विविधतातर्फ उन्मुख छ । यहाँ कुल जनसंख्याको २१.६९% ब्राह्मण, २०.९३% गुरुङ्ग, १७.८५% क्षेत्री, र १२.६६% नेवार जातिको बसोबास रहेको देखिन्छ ।[१८] त्यस्तै अल्पसंख्यकको मात्रामा छौरतेन, ठिनतेन, श्याङ्गतेन, ताङवे, दरै, यादव, अहिर, थारु कायस्थ, मारवाडी र शिख जस्ता तराई र मधेशका जाति वा जनजातिहरुको बसोबास पनि रहेको देखिन्छ । अर्थात कुल जनसंख्याको करीव तीन चौथाइ ब्राह्मण, गुरुङ्ग, क्षेत्री र नेवारको छ भने बाँकी एक चौथाइ हिस्सा मगर, तामाङ्ग, सन्यासी, उत्पीडित जातिहरु, थकाली, चुरेटा (मुस्लिम) हरुको रहेको छ ।[१९]

## २.४ पोखरा नगरको आर्थिक अवस्था

माथि नै उल्लेख गरियो कि हवाइ यातायातको सुविधा र भारतीय पेन्सन क्याम्पको स्थापनापछि पोखराको शहरीकरणमा तीब्रता आयो । फेवातालको बाँध निर्माणपछि पोखरा नगरीको सौन्दर्यमा अझ प्राकृतिक छटा थपियो । त्यसपछि विदेशीहरु यही छटामा रमाउनको निम्ति यहाँ आउन थाले । अन्नपूर्ण पदयात्राको गुरुयोजना शुरु भएपछि पोखरा पर्यटकीय शहरमा परिणत हुन पुग्यो । यसले गर्दा यहाँ ठूलाठूला होटलहरु स्थापना गर्ने वातावरण बनायो । वि.सं.२०२८ सालमा औद्योगिक क्षेत्रको स्थापना गरियो । जहाँ विस्कुट, फलाम तथा भाँडा, तामा, काठ तथा फर्निचर, छाला प्रशोधन, जुत्ता, चक्लेट, कपडा वा ढाका, चाउचाउका साथै अन्य खाद्य सामग्रीहरुको उत्पादन हुन थाल्यो । यसले गर्दा रोजगारीमा वृद्धि भयो । २०४६ साल पछि ठूलाठूला व्यापारिक प्रतिष्ठानहरुको उदय हुन पुग्यो । यही क्रममा वैदेशिक रोजगारीको अवसर खुलेकोले विदेशमा गएका नेपालीहरुले आफूले कमाएको पैसा पनि यही नै लगानी गर्न थाले। यसले गर्दा यहाँको शहरीकरणमा तीव्रता आउनुका साथै आर्थिक विकासमा महत्वपूर्ण भूमिका रहन थाल्यो । पोखराको

---

[१७] *राष्ट्रिय जनगणना,* (सेलेक्टेड डाटा २००१), काठमाडौंः केन्द्रीय तथ्याङ्ग विभाग, सन् २००१ पृ. २० ।

[१८] पोखरा नगरको ..., *पूर्ववत्* , पादटिप्पणी नं. ४ ।

[१९] *ऐजन ।*

विकासमा वि.सं.२०१७ सालमा स्थापित पृथ्वीनारायण क्याम्पसको पनि ठूलो भूमिका रहेको छ । आज नगरका अधिकाँश भित्री भागमा पनि पक्की सडकहरुको निर्माण भएका छन् र कति हुने अवस्थामा छन् । नीजिस्तरमा खोलिएका शैक्षिक संस्थाले शिक्षामा महत्वपूर्ण योगदान दिएको छ भने नीजिस्तरमैं खोलिएका बैंक तथा वित्तीय संस्थाले पनि पोखराको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेलेको छ । यसबाहेक साना साना सहकारी वा आमा समूहको पनि आफ्नै योगदान रहेको छ । राष्ट्रिय जनगणना २०५८ को प्रारम्भिक तथ्यांक अनुसार पोखरा नगरको जनसंख्या १,६२,२१९ रहेकोमा त्यस मध्ये आर्थिक रुपले सक्रिय जनशक्ति ९१६७१ (५६.५१%) रहेको छ भने आश्रित जनशक्ति ७०५४८ (४३.४९) रहेका छन् । यसै गरी पेन्सनर तथा अन्य व्यक्तिहरुको समूहले क्रमशः ४.६९% र ५.६५% स्थान ओगटेको पाइन्छ ।[२०]

---

[२०] *ऐजन ।*

# अध्याय - चार

# प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको स्थापना र यसका संस्थापक लेखराजको संक्षिप्त परिचय

## ४.१ प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको संक्षिप्त परिचय

प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको स्थापना दादा लेखराजले आफ्नो तनमा परमात्मा शिवको परकाया प्रवेशपश्चात ब्रह्माको साकार माध्यमबाट सन् १९३७ मा तत्कालीन भारतको हैदरावाद सिन्ध, कराँचीमा गर्नुभएको हो ।[२१] प्रारम्भमा यस संस्थालाई 'ओम मण्डली' भनिन्थ्यो । तत्कालीन अंग्रेज सरकारबाट भारत स्वतन्त्र भएपछि सन् १९५० पछि यो संस्था भारतको राजस्थान राज्यस्थित माउण्ट आबूमा स्थानान्तरित भयो ।[२२] प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय एक अनौठो र अद्वितीय विश्व विद्यालय हो । जुन आध्यात्मिक एवं मानवीय मूल्यहरुको जगेर्ना गर्न विश्वस्तरमा स्वीकृत अन्तर्राष्ट्रिय रुपमा ख्याति प्राप्त एक शैक्षिक संस्था हो । आध्यात्मिक ज्ञान र राजयोग साधनाको प्रशिक्षणद्वारा जनमानसमा व्यवहारिक सन्तुलन, तनावमुक्त जीवन, मानसिक शान्ति, आपसी प्रेम, एकता, सद्भाव तथा दिव्यता आदि जस्ता वातावरण सृजना गर्नको निमित्त यस सँस्थाको स्थापना भएको हो ।[२३] सन् २००७ को तथ्याङ्क अनुसार यस संस्थाका विश्वका १३३ राष्ट्रमा ८५०० भन्दा बढी शाखा वा सेवा केन्द्रहरु सेवारत छन् ।[२४] यो संस्था संयुक्त राष्ट्र संघको गैरसरकारी सदस्य छ र त्यसको सूचना विभागमा रजिष्टर्ड हुनुका साथै त्यसको युनिसेफ र युनेस्कोको समेत सल्लाहकार सदस्य रहेको छ ।[२५] यस संस्थालाई सन् २००१ मा संयुक्त राष्ट्र संघद्वारा एक अन्तर्राष्ट्रिय शान्ति पदक र शान्ति र शान्ति दूत नामक उपाधि (Peace Massanger Award)ले समेत सम्मानित गरिएको थियो, साथै यो संस्थालाई विभिन्न देशबाट राष्ट्रिय शान्ति पदक एवं शान्तिदूत नामक पुरस्कारहरु पनि प्राप्त भएका छन् । यो संस्थाको लक्ष्य आध्यात्मिक ज्ञान र राजयोग साधनाको अभ्यासद्वारा

---

[२१] *प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय संक्षिप्त परिचय,* राजस्थानः प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, सन् २००८, पृ.४ ।

[२२] *ब्रह्माकुमारी परणितासँग* मिति २०६५।२।२५ गते नयाँबजारमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[२३] *ऐजन ।*

[२४] प्रजापिता ..., *पूर्ववत्* , पादटिप्पणी नं. १, पृ. ६ ।

[२५] *ऐजन,* पृ. ८ ।

शान्ति, एकता र दिव्यताले ओतप्रोत विश्वको नवनिर्माण गर्नु हो ।[२६] यो ईश्वरीय विश्व विद्यालय एक आध्यात्मिक एवं शैक्षणिक संस्था भएकोले मानवको नैतिक र चरित्र उत्थानको लागि आध्यात्मिक शिक्षाको व्यावहारिक प्रयोगको आधारमा व्यक्ति व्यक्तिमा नैतिक मूल्यप्रति जागृति ल्याई सत्चरित्र निर्माणको लागि अभिप्रेरित गर्दछ । यसका साथै ईश्वरीय विश्व विद्यालयका निम्न उद्देश्यहरु पाइन्छ :-

क) आध्यात्म र विज्ञानवीच समन्वय कायम गर्दै मानवको नैतिक एवं चारीत्रिक उत्थान का लागि आध्यात्मिक ज्ञानको महत्वपूर्ण भूमिकालाई जनमानसमा सम्प्रेषण गर्नु ।

ख) मानवलाई आफ्नो कर्तव्यको बोध गराउनु, मानवीय मूल्यहरु सहनशीलता, धैर्यता, मधुरता, प्रेम, सद्भाव परोपकार आदिको पुनः स्थापना गरी सामाजिक सामञ्जस्य अभिबृद्धि गर्नु ।

ग) मानवमा अन्तर्निहित शक्तिहरु जस्तै आत्मविश्वास, साहस, दृढता, सत्यता आदिलाई जागृत गर्दै सकारात्मक एवं श्रेष्ठ दिशातिर उन्मुख गराएर मूल्यनिष्ठ समाजको स्थापना गर्नु ।

घ) प्रेम, एकता, सद्भाव एवं विश्वबन्धुत्व तथा आत्मवत सर्वभूतेषूको भावनालाई विकास गर्दै विश्व शान्ति तथा एक आदर्श विश्व निर्माणको लागि सर्वपक्षीय सहयोग जुटाउने ।

ङ) राजयोग साधनाको अभ्यासबाट मानवका स्वभाव तथा संस्कारहरु दिव्यीकरण गरी मनोविकार र विकृतिरहित श्रेष्ठ एवं सदाचारयुक्त समाजको पुनः निर्माण गर्नु । स्वयंको अस्तित्व र परमात्मा अस्तित्वको बोध गराई आत्मा जागृति गर्दै आध्यात्मिक ज्ञानको शिक्षालाई व्यावहारिक जीवनमा अवलम्वन गर्नु गराउनु ।

च) घर गृहस्थीमा बसेर पनि कमल पुष्प समान पवित्र जीवन बनाई स्वस्थ र पवित्र मानव समाजको संरचना गर्नु ।

छ) आहार, विहार, व्यवहार र विचार शुद्धिको ज्ञान दिदै सकारात्मक जीवनशैलीको प्रशिक्षण दिनु आदि ।[२७]

त्यसका लागि यहाँ अभ्यास र निरन्तर आध्यात्मिक शिक्षाको खुराक दिनुका साथै विचारहरुलाई मार्ग निर्दिष्ट गर्न वा निर्देशित गर्न तथा संयमित बनाउन निरन्तर राजयोगको अभ्यास गराइन्छ ।

**प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयका संस्थापक लेखराजको परिचय**

---

[२६] ब्र.कु.परणिता, *पूर्ववत्* , पादटिप्पणी नं. २ ।

[२७] *प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय* ब्रोसर ।

प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको स्थापना दादा लेखराजले सन् १९३७ मा हाल पाकिस्तानको सिन्ध प्रान्तमा गर्नुभएको हो । दादा लेखराजको जन्म सन् १८७६ मा हाल पाकिस्तानको सिन्ध प्रान्तमा एक कृपलानी परिवारमा भएको थियो ।[२८] उनलाई सबैले 'दादा' भनी सम्वोधन गर्दथे । 'दादा' 'दादी'को अर्थ सिन्धी भाषामा 'दाजु' र 'दिदी' भन्ने हुन्छ । उनी हीराको प्रसिद्ध व्यापारी थिए । हीराको व्यापारको सिलसिलामा उनको चिनजान ठूलाठूला धनी तथा राजपरिवारसँग हुन पुग्यो । यसैकारण उनको सम्वन्ध नेपालको राजपरिवारसँग पनि थियो । उनी अतिथिको रुपमा नेपालको राजदरवारमा पनि आउने गर्दथे ।[२९] उनको परिवार एक मध्यम वर्गीय भए तापनि उनको कुशल व्यवहार, व्यापारी चतुरता, इमान्दारी तथा परिश्रमले गर्दा छिटै धनाढ्य व्यक्तिमा नाम आउन थाल्यो । सरल व्यवहारले गर्दा छिटै उनी मानिसहरुको बीचमा सजिलै घुलमिल हुन सक्थे । उनका पिताजी एक विद्यालयमा प्रधानाध्यापक थिए । उनले औपचारिक शिक्षा लिएका थिएनन् तर निरन्तर एवं अनवरत अभ्यासबाट उनले हिन्दू धर्मका ग्रन्थहरुको अध्ययन गर्न सक्थे साथै अंग्रेजी भाषाको समाचार पत्र पनि पढ्न सक्दथे । उनी पत्र लेखनमा सिद्ध हस्त थिए ।

दादा लेखराज बाल्यकालदेखि नै श्रीनारायणको भक्त थिए । उनी सधैं गीता पाठ गर्दथे । उनको साथमा नारायणको फोटो र गीता सधैं हुन्थ्यो । उनी गीतालाई अत्यन्त श्रद्धा गर्दथे र जहाँ गए पनि गीता पाठ गर्न पछि पर्दैनथे ।[३०] त्यस्तै उनी गुरुप्रति पनि अगाध श्रद्धा गर्दथे । उनी दानी तथा भक्ति संस्कारबाट ओतप्रोत भएका व्यक्ति थिए । ६० वर्षको उमेरपछि उनी सांसारिक मनोवृत्तिसँग टाढा रहन थाले ।[३१] उनलाई अन्तर्मुखी अनुभव हुन थाल्यो र एकान्त प्यारो लाग्न थाल्यो र त्यसमैं बसेर चिन्तन मनन गर्न थाले । दादा लेखराजको बारेमा भनिएको छ - उनी सीधा तर शक्तिशाली ढङ्गबाट बोल्दथे । उनको वाणी मृदु थियो । उनको प्रवचनले कडा जमीनको गहिराइसम्म भिजे जस्तै अनेकौं मनुष्य आत्माहरुको हृदयलाई छुन्थ्यो । उनको वोली धनुषबाट निक्लिएको तीर जस्तै हुन्थ्यो । उनको प्रवचन दिने शैलीले मानव मनमा छिपेर रहेको दानववृत्तिलाई मेटाउने गर्दथ्यो । उनको वाणी अमृत जलको झरना जस्तै बग्दथ्यो । त्यसले मायारुपी विकारले घायल मनुष्यको घाउमा शितल मलहमको काम गर्दथ्यो । उनको उपदेश अद्वितीय थियो । उनको

---

[२८] ब्र.कु.अप्सरा, *मानवताका प्रतिमूर्ति ब्रह्मा बाबा,* भैरहवाः ईश्वरीय उपहार, प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, वर्ष ५, अंक १, २०६३, पृ.११ ।

[२९] *जीवनको पलटाने वाली एक अद्भुत जीवन कहानी, भाग-१,* राजस्थानः प्र.ब्र.कु.ई.वि.वि., मिति उल्लेख नभएको, पृ. ११ ।

[३०] ब्र.कु.अप्सरा, *पूर्ववत्* , पादटिप्पणी नं. ८, पृ.११ ।

[३१] *ऐजन ।*

एउटै शव्दमा अनेक भाव र अनेक अर्थ लुकेका हुन्थे ।[३२] आफ्नो प्रवचनमा उनी ज्ञान र विचारको सम्प्रेषण सरल भाषामा युक्तिसंगत ढंगले गर्दथे । श्रोतागणका निम्ति दादा शिक्षित तथा अशिक्षित दुवै प्रकारका जिज्ञासुका असल शिक्षक थिए । दादाको दिव्य प्रचवनबाट सामान्य जनमानस मात्र नभै प्रतिष्ठित विद्वानजन पनि प्रभावित थिए । उनका अनुयायीमा विद्वान, डाक्टर, वकिल, वास्तुविद, इन्जिनियर, बुद्धिजीवी एवं नागरिक जस्ता व्यक्तिहरु पनि थिए । बाँकी जो अशिक्षित थिए ती पनि आध्यात्मिक सिद्धान्तले परिपक्व थिए । वस्तुतः इतिहासको यो एक दुर्लभ तथ्य हो । उनी स्वयं नयाँ ज्ञानको, नयाँ समाजको नयाँ दुनियाँको खोजकर्ता तथा अन्वेषक थिए । त्यसैले दादाले मानव समुदायलाई जुन ज्ञानोपदेश दिए त्यो आजका कुनै पनि विद्वानहरुले दिने मन्तव्य भन्दा कम थिएन । दादाको माध्यमबाट ईश्वरले दिएका ती दिव्य सन्देश कोलम्वसद्वारा अमेरिकाको खोज तथा भास्को दि गामाद्वारा भारतको खोज जत्तिकै महत्वपूर्ण थियो ।[३३] उनले धर्म र आध्यात्मलाई नयाँ सोच र नवीन गति प्रदान गरे । तत्कालीन रुढीग्रस्त समाजमा नयाँ विचार दिन र नयाँ विश्व व्यवस्थाको लागि उनले आफ्नो तन, मन र धन सर्वश्व समर्पण गरेका थिए । उनी एकान्तवासी चिन्तक, दार्शनिक वा सिद्धान्ती मात्र नभएर एक अत्यन्त व्यवहारिक व्यक्ति पनि थिए । उनी व्यवहारिक सिद्धान्तहरुलाई आदरपूर्वक पालन गर्न प्रेरणा दिने गर्दथे ।[३४]

वास्तवमा यी सवै घटनाक्रमको पछाडि एक ज्योतिर्मय एवं परमशक्ति थियो । ईश्वरले नैं बाबाको माध्यमद्वारा अनुभवयुक्त संसारको वास्तविक सत्यको प्रकटीकरण गरेका थिए । ब्रह्मा बाबाको आध्यात्मिक विषय र विचारको अभिव्यक्तिमा सधैं ईश्वरको सत्य ज्ञानोपदेश लुकेको हुन्थ्यो । ब्रह्माको ईश्वरसँगको अपार प्रेमको कारण उनको मन, वचन, कर्म पनि सधैं रहस्यमय हुन्थ्यो । दादा लेखराज ईश्वरीय शक्तिद्वारा सम्पन्न व्यक्ति भएको हुनाले यस संसारको अज्ञान, अन्धकार निवारणकर्ता र ज्ञान प्रकाशको उद्घाटन- कर्ता थिए । उनको मन, मस्तिष्क र हृदयबाट अद्भूत सत्य अभिव्यक्त भै रहन्थ्यो ।[३५]

यद्यपि दादा लेखराज कुनै चमत्कारी व्यक्ति भने थिएनन्, तर पनि उनले अज्ञानी मनुष्यलाई फूल जस्तै कोमल र सुगन्धमय बनाउन सक्थे । उनले मानिसहरुमा ईश्वरीय ज्ञान र राजयोगको बीजारोपण गरिदिन्थे । त्यही वीज अंकुरित भएर चीरस्थायी सुख, सन्तोष, ज्ञानोदय र आध्यात्मिक उचाइ प्राप्त गर्दथ्यो । उनले युवाहरुलाई सधैं मानिस

---

[३२] जीवनको ..., *पूर्ववत्*, पादटिप्पणी नं. ९, पृ. १५ ।

[३३] *ऐजन,* पृ. १७ ।

[३४] *ऐजन ।*

[३५] ब्र.कु.शंकर देवकोटा, *ब्रह्माको मानवीय शरीरमा निराकार ईश्वरको अवतरण, शक्तिशाली उपदेशद्वारा आध्यात्मिक शक्ति सेनाको निर्माण,* भैरहवाः ईश्वरीय उपहार, प्र.ब्र.कु.ई.वि.वि, वर्ष ४, अंक ४, २०६३, पृ. ५ ।

भित्रको पाँच विकाररुपी माया विरुद्ध संघर्ष गर्न तथा पूर्ण शुद्धता र शान्ति सम्पन्न नयाँ विश्व व्यवस्थाको दिशामा कार्य गर्न प्रेरित गर्दै मानवजातिको कल्याणको लागि आत्मनियन्त्रण आध्यात्मिक सेवा तथा त्यागको नयाँ पाठ बोध गराई शान्ति र पवित्रताको बाटो अँगाल्न प्रेरित गर्दथे । उनकै दिव्योपदेश र कुशल नेतृत्वको कारण आज हजारौं व्यक्तिहरु समर्पण भावका साथ आत्मा रूपान्तरण र शुद्धिकरणको महायज्ञमा लागि परेका छन् ।

दादाको अर्को महत्वपूर्ण कार्य थियो महिला वर्गको नेतृत्वमा एक आध्यात्मिक शक्ति सेनाको निर्माण गरी, नयाँ ज्ञानलाई विश्वभर फैलाउनु र सचेत गराई नयाँ विश्व व्यवस्थाको बागडोर महिलाको हातमा सुम्पनु । नारीलाई केवल सौन्दर्य, मनोरञ्जन र भोग विलासको साधन मान्ने आधुनिक युगमा यी नारी शक्ति सेनाले अहिले आध्यात्मिकतालाई नवीन उचाईमा पुऱ्याई रहेका छन् । आज यी सेनाहरू आध्यात्मिक सेनाको अग्रपंक्तिमा छन् । शान्ति र शुद्धताको झण्डा उनीहरुको हातमा सुरक्षित छ । इतिहासको काल खण्डमा कहिल्यै पनि यस्ता शालीन, विनीत, देवदूतव्रत्, पवित्र, स्नेहमय, समर्पित, त्यागी र तपस्वी महिलाहरुको विशाल दल थिएन । आज हामी यी नारी शक्ति सेनालाई ब्रह्माकुमारीको रुपमा विश्वभर अलौकिक कार्यमा लगनशील भएको पाउँछौं ।[३६]

**दादालाई दिव्य चक्षुको बरदान**

एकदिन दादा मुम्वईको वावुलनाथ मन्दिरको अगाडि भैरहेको सत्संगमा बसिरहेका थिए । उनलाई आनन्दमय आन्तरिक अनुभव हुन थाल्यो । त्यसपछि उनी उठेर आफ्नो कोठामा गए । त्यहाँ बस्दा पनि उनले अलौकिक नशा जस्तो अनुभव गरिरहेका थिए । उनलाई शरीरको भान भएन । त्यही अवस्थामा उनलाई सबभन्दा पहिले 'विष्णु चतुर्भुज' को दिव्य साक्षात्कार भए ।[३७] दादाले सोचे कि गुरुले उनलाई यो साक्षात्कार गराएका हुन् । यसैले उनले आफ्नो गुरुको अगाडि गएर सवै वृत्तान्त सुनाए तर गुरुको हाउभाउबाट उनले थाहा पाए कि गुरु यी कुराहरुबाट एकदम अपरिचित छन् र दिव्य साक्षात्कार गराउनु उनको सामर्थ्य भन्दा बाहिरको कुरा हो । अतः उनको मन परमात्मातिर ढल्क्यो । दादालाई यो निश्चित भयो कि दिव्य दृष्टि र दिव्य बुद्धिको दाता केवल परमात्मा नै हो र उनी मात्र

---

[३६] *ऐजन ।*

[३७] ब्र.कु अप्सरा, *पूर्ववत्* , पादटिप्पणी नं.८, पृ. ११ ।

एक सच्चा गुरु हुन् ।[३८] उनलाई महसुस भयो कि परमात्माले नैं उनलाई दिव्य चक्षु रुप बरदान दिएका हुन् ।

त्यसपछि एकान्तमा वसेर चिन्तन मनन गर्ने समयमा उनलाई सधैं नयाँ अनुभव तथा दिव्य साक्षात्कार हुने गर्दथ्यो । त्यस्तै एकदिन उनलाई निराकार ज्योतिर्लिंगम् शिव परमात्मासँग साक्षात्कार भयो । त्यस्तै कलियुगी सृष्टिको महाबिनाससँग पनि साक्षात्कार भयो ।[३९] दादाले देखे कि एकदम भयंकर बमको निर्माण भएको र त्यसको विस्फोटबाट असह्य आगो निक्लिरहेको कलियुगी सृष्टिको महाबिनाससँग पनि साक्षात्कार भयो । उनलाई यो पनि आभाष भयो कि ५००० वर्ष पहिले महाभारत युद्धमा प्रयोग भएको अस्त्रहरु जस्तै अग्निवाण, ब्रह्मास्त्र वा मुसल जस्ता अस्त्रद्वारा अमेरीका र युरोपको महाविनाश भइरहेको छ ।[४०]

दादालाई यस्तो साक्षात्कार भैरहेको वेला संसारमा दोश्रो विश्व युद्धको बादल मडारिरहेको थियो । अमेरिकाले परमाणु बमको परीक्षण गरिरहेका थिए । त्यसबेला रुस र अमेरिका एकातिर र अर्कोतिर जापान र जर्मनको संयुक्त मोर्चा थियो तर उनलाई यो पनि साक्षात्कार भएको थियो कि रुस र अमेरिकावीच एउटा यस्तो युद्ध हुनेछ कि त्यो युद्धमा सम्पूर्ण देशहरु अग्निज्वालामा समाहित हुनेछन् । त्यसपछि संसार महाविनाशतिर धकेलिनेछ । यही महाविनाशको कारण करोडौं आत्माहरु परमधामतिर त्यसरी नै फर्किरहेका छन् जसरी कीरा बत्तीको उज्यालोतिर झुम्मिन्छन् । त्यस्तै दादालाई यो पनि साक्षात्कार भयो कि भारत विकराल गृहयुद्ध र प्राकृतिक प्रकोपको भयंकर चपेटामा परेको छ । विनाशको यो डरलाग्दो दृश्य देखेर दादा करुणाले काम्न लागे । यसरी भविष्यमा गएर हुने महाविनाशलाई देखेर दादा लेखराजले आफ्नो व्यापारबाट अवकाश लिए ।[४१]

एकदिन सभा चलिरहेको बेलामा दादा उठेर आफ्नो कोठामा गए । त्यसवेला दादाको अनुहार एकदम चम्किरहेको थियो । कोठा पनि प्रकाशमय भएको थियो । त्यतिवेला नैं दादाको मुखबाट कुनै दोश्रो व्यक्तिको आवाज आइरहेको थियो । जुन आवाज थियो -

निजानन्द स्वरुपं, शिवोऽहम्

ज्ञान स्वरुपं शिवोऽहम्, शिवोऽहम्

---

[३८] जीवन को ...., *पूर्ववत्* , पादटिप्पणी नं.९, पृ. १९ ।

[३९] ब्र.कु अप्सरा, *पूर्ववत्* , पादटिप्पणी नं.८, पृ. ११ ।

[४०] *ऐजन ।*

[४१] *ऐजन ।*

प्रकाश स्वरुपं, शिवोऽहम्, शिवोऽहम् ।[४२]

त्यसपछि उनलाई कुनै एउटा विन्दु वा शक्तिले भनेका थिए, "यो संसारलाई तिमीले बनाउनु पर्छ ।"[४३] यो दादाको शरीरमा परमात्मा शिवको प्रवेश थियो । यस घटनापछि दादा अन्तर्मुखी भए र आत्मचिन्तनमा तल्लीन भइरहे । उनले थाह पाए कि परमात्मा शिव आफ्नो शरीरमा प्रवेश भएर कलियुग सृष्टिको महाविनाश र आउने सतयुगी सृष्टिको साक्षात्कार गरे । त्यही पावन सृष्टिको स्थापनाको लागि उनलाई निमित्त वा माध्यमको निर्देशन दिएका छन् । त्यसपछि उनलाई अव्यक्तरुपमा परमात्माले गीता ज्ञान पनि दिए । अन्तर आत्मामा गीता ज्ञानको स्फुरण र दिव्य विवेकको शक्ति पनि प्राप्त भयो ।[४४]

अव दादालाई यो अनुभूति भयो कि मान्छे शरीर हैन, एक अविनाशी आत्मा हो । यो शरीर विनाशी छ । यही कुरा उनले अब उनका मित्र तथा आफन्तहरुलाई पनि सुनाए । आत्मा सम्वन्धि ज्ञान दिएपछि उनी ईश्वरको स्नेहमा मग्न आफ्ना नजरले सबैलाई निहालिरहन्थे । त्यसपछि उनका सम्पर्कमा आउने हरेक नरनारीहरुलाई जीवनको ज्योति जागेको महसुस हुन थाल्यो । सबैलाई आत्मा शान्तिको अनुभव हुन थाल्यो । उनीहरुको आफ्नो मनभित्रको विकारप्रति घृणा पैदा हुन थाल्यो र उनीहरुको खानपानमा पनि शुद्ध हुन थाल्यो ।[४५] उनको शरीरमा परमात्मा शिवको प्रवेश भएको थियो । त्यसपछि दादा लेखराज 'शिवबाबा' र 'ब्रह्मा बाबा'को नामले परिचित भए ।

अव दादाले ईश्वरीय ज्ञानद्वारा समाज सुधार गर्न पट्टि पनि लागे । त्यतिवेला सिन्धमा कुनै नातेदारको मृत्यु भएमा महिलाहरुले फोहर कपडा लगाएर रुने चलन थियो ।[४६] तर बाबाको ज्ञान सुनेपछि उनीहरुले यस्तो काम गर्न छाडी आत्मिक सुखमा रहन थाले । साथै बाबाको ओम मण्डलीमा आएर थुप्रै महिलाहरुले आफूलाई परिवर्तन गरे । पछि उनीहरुमा खानपानमा सादापन तथा कर्मेन्द्रियलाई वशमा राख्न सक्ने भए । समाजमा जरो गाडेको दाइजो प्रथाप्रति पनि नकारात्मक भावना आउन थाल्यो । यसले गर्दा अन्य महिलाहरु पनि ओम मण्डलीमा आउन थाले ।[४७] यसपछि संस्थाको विस्तार पनि हुँदै गयो ।

यसपछि दादाको घरमा हरेक दिन सत्संग कार्यक्रम सुरूवात हुन थाल्यो । यसले यहाँ आउने मानिसहरूको जीवनमा विशेष परिवर्तन आउन थाल्यो र यसको महिमा पनि

---

[४२] जीवनको ..., *पूर्ववत्* , पादटिप्पणी नं.९, पृ. २३ ।

[४३] *ऐजन ।*

[४४] *ऐजन,* पृ. २४ ।

[४५] *ऐजन,* पृ. २५ ।

[४६] *ऐजन,* पृ. ३१ ।

[४७] *ऐजन,* पृ. ३२ ।

दिन प्रतिदिन बढ्न थाल्यो । धेरै मान्छेहरुलाई घरमैं बसेर पनि दादाको साक्षात्कार हुन थाले ।[४८]

सन् १९३७ मा बाबाले जव सत्संग वा ईश्वरीय ज्ञानको कक्षाको अवस्था विकसित भैरहेको देख्नु भयो त्यसपछि उनले ओम राधे (जगदम्वा सरस्वती)लाई यस विद्यालयको अवैतनिक इञ्चार्ज नियुक्त गर्नुका साथै अन्य ८/१० जना महिलाहरुको एक कार्यकारिणी समितिको पनि निर्माण गरे र आफ्ना सारा धनसम्पत्ति उक्त समितिलाई दान गर्नुभयो ।[४९]

अब यस सत्संगको नाम ओम मण्डलीको नामबाट प्रख्यात हुन थाल्यो किनकि यहाँ 'ओम् ध्वनि' को उच्चारण गरिन्थ्यो । बाबाले भन्ने गर्दथे कि,

"काम विकार नरकको द्वार हो । ब्रह्माचार्य विना ज्ञानामृत को भावना पूरा हुन सक्दैन । यो एउटा यस्तो विष हो जसले आत्मालाई पतनको दिशामा धकेलिदिन्छ ।"[५०]

सत्य युग र त्रेता युगमा सतोगुणी व्यक्ति वा देवी देवताहरुमा काम वासनाको भाव हुने थिएन । त्यसबेला सृष्टिको जनसंख्या बढाउन योग बल वा पवित्र बल पैदा हुन्थ्यो । त्यसैले अव पनि त्यस्तै सृष्टिको स्थापना हुनेछ । बाबाको यस्तो भनाइले सत्संगमा आउनेहरुलाई काम विकारयुक्त जिन्दगीप्रति घृणा जाग्न थाल्यो र वासना भोग मृत्यु भन्दा पनि अधिक दु:खदायक अनुभव हुन थाल्यो ।

त्यस्तै ओम मण्डलीमा आउने केटाकेटीहरुलाई आध्यात्मिक पढाइको साथै लौकिक पढाईको पनि प्रवन्ध गरियो । गुरुकुलीय वातावरणमा उनीहरुको शिक्षाको व्यवस्था गरियो । बिहान र बेलुकी सत्संग हुन्थ्यो र वीचको समयमा अन्य पढाई तथा सिलाईसम्वन्धी तालिम दिने गरियो । यसले गर्दा बच्चाहरुमा अनुशासन, पारस्परिक प्रेम, शिष्टाचार तथा सरसफाई सम्वन्धी चेतनाको पनि विकास भएको थियो । बिस्तारै शिक्षार्थीको संख्या बढेपछि भवन निर्माण गरियो । सन् १९४७ मा भारत स्वतन्त्र भए पछि यो संस्था भारतको राजस्थानस्थित माउण्ट आबूमा स्थानान्तरण भयो ।[५१]

---

[४८] *ऐजन,* पृ. ४४ ।

[४९] *ऐजन,* पृ. ४९ ।

[५०] *ऐजन,* पृ. ५० ।

[५१] ब्र.कु. परणिता, *पूर्ववत्* , पादटिप्पणी नं. २ ।

त्यसपछि दादाको सत्संगमा आउनेहरुलाई पनि श्रीकृष्णको साक्षात्कार, कलियुगी महाविनाशको साक्षात्कार, सतयुगी दैवी दुनियाँको साक्षात्कार हुन थाल्यो । बिस्तारै यस कुराको चर्चा शहरभरि भयो र मान्छेहरु सत्संगमा गएर साक्षात्कार हुन थाले ।[५२]

## ४.२ नेपालमा ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको स्थापना

दादा लेखराजको शरीरमा परमात्मा शिवको आत्मा प्रवेश गरेपछि उनले सन् १९३७ मा हैदरावाद (हाल पाकिस्तान)मा ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको स्थापना गरी ईश्वरीय ज्ञानको प्रसार गर्न थाले । यस विद्यालयको प्रमुख उद्देश्य ईश्वरीय ज्ञान तथा राजयोगको माध्यमबाट मानवभित्र रहेको मानवीय मूल्य तथा गुणहरुलाई अवगत गराई सामाजिक क्षेत्रमा लागू गर्ने र आत्मिक भावनाद्वारा विश्वमा शान्ति तथा सुख संमृद्धिसहित मूल्यनिष्ठ समाजको निर्माण गर्नु हो । साथै अनेक प्रकारका अन्धा भावनाहरुलाई वास्तविक ईश्वरीय ज्ञानद्वारा निर्मूल पार्ने र समाजमा दिशाहीन भएर भड्किरहेका युवाहरुको शक्तिलाई वास्तविक जीवनको पहिचान गराउने पनि यस संस्थाको उद्देश्य रहेको छ । हाल यस विश्व विद्यालयको मुख्यालय भारतको राजस्थान राज्यको आबू पर्वतमा रहेको छ । यही नै यसको अन्तरराष्ट्रिय मुख्यालय पनि हो । यहींबाट संसारभरिका सेवा केन्द्रहरु संचालित छन् । नेपालमा पनि यसका थुप्रै शाखाहरु स्थापना भएका छन् ।

नेपालमा यस विद्यालयको स्थापना वि.सं २०२३ सालमा विराटनगरमा भएको थियो भने काठमाडौंमा बि.सं.२०२५ सालमा । त्यतिबेला काठमाडौंको लालदरबार नजिक एउटा घरमा सानो कोठा भाडामा लिएर राज दिदी र शिला दिदी नाम गरेका दुई जना महिलाले संचालन गरेको उक्त सेवाकेन्द्र आज विशाल वृक्ष भएर नेपाल राज्य भरी फैलिएको छ । विशेष गरी विं.सं. २०३३ सालमा काठमाडौंको भृकुटी मण्डपमा गरिएको प्रदर्शनीपश्चात यो संस्थाले अलि बढी परिचित हुने मौका पायो ।[५३] हाल नेपालका साना ठूला शहरहरुमा गरी करीव २०० वटा सेवाकेन्द्रहरुको स्थापना भैसकेको छ ।[५४] यस ईश्वरीय विश्व विद्यालयमा सवै धर्म, संस्कृति तथा जाति सबैले विना कुनै भेदभाव शिक्षा एवं सेवाहरु निःशुल्क रुपमा प्राप्त गर्न सक्दछन् । साथै पुस्तक एवं चित्रहरु, दैनिक प्रवचनहरु, संग्रहालयहरु, प्रदर्शनी, मेला एवं सम्मेलनहरु, सेमिनार, स्नेह मिलन कार्यक्रम, राजयोग शिविर, पत्राचार, पाठ्यक्रम, फिल्म, रेडियो, दूरदर्शन, निवन्ध, चित्रकला एवं अन्य आधुनिक संचार

---

[५२] जीवन के ..., *पूर्ववत्* , पादटिप्पणी नं.९ , पृ. ४४ ।

[५३] ब्र.कु.परणिता, *पूर्ववत्* , पादटिप्पणी नं. २ ।

[५४] *ब्र.कु. शैलेशसँग* मिति २०६५।१।२५ गते नयाँबजारमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

माध्यमद्वारा पनि विभिन्न स्थानमा कक्षा एवं तालिमहरुद्वारा प्रशिक्षण दिने गरिन्छ । साथै यस विद्यालयले आफ्ना सेवा केन्द्रहरु बाहेक अन्य ठाउँहरु जस्तै- विद्यालय, कारागार, अनाथालय, क्याम्पस, विश्वविद्यालय, तालिम केन्द्र, नगर तथा गाउँका प्रत्येक क्षेत्रमा ईश्वरीय शिक्षा दिने गर्दछ ।[५५]

## ४.३ पोखरामा ब्रह्माकुमारी ईश्वरीय विद्यालयको स्थापना र यसका शाखाहरुको संक्षिप्त परिचय

यस संस्थाले नेपाललाई पूर्वी क्षेत्र र पश्चिमी क्षेत्र गरी २ क्षेत्रमा विभाजन गरेको छ । पूर्वी क्षेत्रको मुख्यालय काठमाडौंमा रहेको छ भने पश्चिम क्षेत्रको मुख्यालय भैरहवामा रहेको छ ।[५६] पोखराको नयाँबजारमा अवस्थित यो विश्वविद्यालय पश्चिम क्षेत्र अन्तर्गत पर्दछ । गण्डक क्षेत्रको मुख्य कार्यालय पनि यहीं नैं रहेको छ । हाल यहाँको निर्देशिका ब्र.कु. राजयोगिनी परणिता दिदी हुनुहुन्छ । उहाँ गोरखपुरमा अध्ययनकालको समयमा आफ्नै मित्र सम्वन्धीहरुद्वारा यस विश्व विद्यालयको बारेमा जानकारी पाएपछि नैतिकवान सत्चरित्रवान मानवको निर्माण गर्ने उद्देश्य बोकेर सन् १९७२ देखि नै यस क्षेत्रमा निरन्तर रुपमा क्रियाशिल हुनुहुन्छ । पोखरामा यस विद्यालयको स्थापना गर्न वहाँको पनि ठूलो भूमिका रहेको छ ।[५७] पोखरामा यस विद्यालयको स्थापना भने २०३४ सालमा भैरहवामा सेवाकेन्द्र स्थापना भएपछि मात्र भएको हो । यस सम्वन्धमा परणिता दिदी भन्नुहुन्छ -

"वि.सं. २०३५ सालमा स्व. हर्कवहादुर गुरुङ्गसँग भैरहवामा भेट भएपछि उहाँकै सहयोग र प्रेरणाले गर्दा पोखरामा पनि ईश्वरीय ज्ञान दिनको निम्ति आफू पोखरा आइन् । शुरुमा महेन्द्रपुलमा रहेको मितज्यू होटलमा दुइवटा कोठा भाडामा लिएर ईश्वरीय ज्ञानको कक्षा लिन शुरु गरिन् । त्यतिबेला आफ्नो साथमा ब्र.कु. राजयोगी भाइ रमेशचन्द्र गुप्ता र दिदी सुरेन्द्र पनि सँगै आउनुभएको थियो । त्यसबेला तेर्सापट्टीमा यस विद्यालयसँग सम्वन्धित चित्र प्रदर्शनी समेत गरियो र डाँफे कला मन्दिरमा पनि प्रवचन कार्यक्रम गरियो । मितज्यू होटल पछि तत्कालिन राष्ट्रिय पञ्चायत सदस्य स्थानीयबासी श्रीकान्त अधिकारीको घरमा स्थानान्तरण भयो । ४/५ वर्ष त्यहाँ बसे पछि भू.पू.स्थित थापा निवासमा सऱ्यो । त्यति वेला यस विद्यालयमा लक्ष्मी माकाजु (हाल) महाराजगंज उत्तर

---

[५५] *ऐजन ।*

[५६] *ब्र.कु.चन्द्र श्रेष्ठसँग* मिति २०६३।२।२५ गते नयाँबजारमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[५७] ब्र.कु.परणिता, *पूर्ववत्* , पादटिप्पणी नं. २ ।

प्रदेश, भारत) र विष्णु माकाजु (हाल नौतनवा भारत) आदि महिलाहरु यस सेवाकेन्द्रमा आउने गर्दथे । यसरी घर सर्दै ईश्वरीय ज्ञान दिदैं गर्दा हरिप्रिया (माया) गुरुङ्गले नयाँबजारमा जहाँ अहिले मुख्य केन्द्र रहेको छ त्यहाँ जग्गा प्रदान गर्नुभयो । बि.सं. २०३९ सालदेखि भवन बनाउन शुरु गरेपछि बल्ल पोखरामा यस विश्व विद्यालयको स्थायित्व भयो ।[५८]

यसरी पोखरामा २०३५ सालमा यस संस्थाको आगमन भएपनि पोखराको वरिपरि भने यस विद्यालयको ज्ञान प्रचार प्रसार भैसकेको थियो । जागीरको सिलसिलामा काठमाडौंबाट खैरेनीटारमा आउनु भएका द्वारिकानाथ महर्जन र पण्डित छविलाल पौडेल जसले गोरखपुरमैं ईश्वरीय ज्ञान प्राप्त गर्नुभएको थियो । उहाँहरुले बि.सं. २०२८ सालमा खैरेनीटारस्थित पण्डित छविलाल पौडेलको घरमा गीता पाठशालाको स्थापना गर्नुभएको थियो । छविलाल पौडेलले त शिव बाबा दादा लेखराजलाई वि.सं. २००० मा बनारसको एक गहना पसलमा देखेको कुरा बताउनु हुन्छ । त्यतिबेला दादा हीराको व्यापार गर्दथे ।[५९] त्यसपछि झंकनाथ पौडेलले आफ्नो भाञ्जा डिलबहादुर मार्फत ईश्वरीय ज्ञानको कुरा सुनेपछि बि.सं.२०३० सालमा काठमाडौं जानु भयो र शिला दिदी र राज दिदीलाई निमन्त्रणा गरी कृष्तिनाच्नेचौर गाविस वडा नं.८ भीरस्वाँरा मौलादीमा शान्ति कुण्ड ब्रह्माकुमारी गीता पाठशालाको स्थापना गर्नु भयो ।[६०] त्यतिबेला शिवबाबाको ज्ञानको प्रचार गरेको आरोपमा तत्कालीन अंचलाधीशले ब्र.कु. झंकनाथ पौडेललाई ११ दिनसम्म प्रहरी थानामा पनि राखेको थियो तर पछि वहाँलाई निर्दोष पाएपछि रिहा गरियो । वि.सं. २०३६ सालमा नयाँबजारमा यस विश्व विद्यालयको स्थापना भएपछि ज्ञानको प्रचार गर्ने कार्य अझ बिस्तारित हुन पुग्यो ।[६१] ब्रह्माकुमार शैलेश भाइका अनुसार-

> "बि.सं.२०३४ सालमा ब्रह्माकुमार कविराजले मुम्वईमा प्राप्त गर्नु भएको ईश्वरीय ज्ञानलाई लेखनाथ नगरपालिकाको शिशुवामा प्रचार गर्न थाल्नु भयो। त्यस पछि राजयोगिनी सुभद्राको घरमा ब्रह्माकुमारी गीता पाठशालाको स्थापना गरियो । सुभद्रा त्रिपाठी, दुर्गा बराल तथा सरस्वती

---

[५८] *ऐजन ।*

[५९] *ब्र.कु.छविलालसँग* मिति २०६५।२।२४गते खैरेनीमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[६०] *ब्र.कु.झंकनाथसँग* मिति २०६५।१।२४गते छोरेपाटनमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[६१] *ऐजन ।*

कोइराला तथा गोमा अधिकारी त्यसबेलादेखि हालसम्म पनि यस विद्यालयसँग नै आवद्ध हुनुहुन्छ ।"[६२]

यसरी पोखरा र यसको वरिपरि ईश्वरीय ज्ञानको प्रचार भैरहेको थियो । हाल पोखरामा ८ वटा सेवाकेन्द्र (शाखा, उपशाखा) छन्, जसलाई ईश्वरीय विद्यालय पनि भनिन्छ, भने ३ वटा ब्रह्माकुमारी पाठशाला रहेका छन् । यस विद्यालयमा आउने नारी तथा पुरूषहरुलाई ब्रह्माकुमारी तथा ब्रह्माकुमार भनेर सम्वोधन गरिन्छ । यिनीहरूले पनि सेतो वस्त्र धारण गर्ने गर्दछन् । ब्रह्माकुमारी पाठशाला चाहिं ठाउँ र अवस्था हेरेर मुख्य केन्द्र वा शाखाको स्वीकृति पछि मात्र स्थापना गर्न पाइन्छ । यस्ता पाठशालाहरु नजिकको शाखा वा उपशाखाको प्रत्यक्ष रेखदेखमा रहेका हुन्छन् ।[६३] तिनीहरुको संक्षिप्त परिचय यसप्रकार रहेको छ -

### ४.३.१ प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, मुख्य शाखा, नयाँबजार

प्रजापिता ब्रह्ममाकुमारी ईश्वरीय विश्व विद्यालय, मुख्य शाखा, नयाँबजारको स्थापना बि.सं.२०३९ सालमा भएको हो । यस विद्यालयको आफ्नै तीनतले भवन रहेको छ । यस सेवाकेन्द्रको सञ्चालिका ब्रह्माकुमारी शोभा हुनुहुन्छ । वहाँ विगत १२ वर्षदेखि यस केन्द्रंसँग आबद्ध हुनुहुन्छ । कहिलेकहीं आउनेहरुको संख्या ११० जना भन्दा बढी रहे पनि यस सेवाकेन्द्रमा हरेक दिन लगभग ८५ जना ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरुले नियमित रुपमा मुरली ज्ञान सुन्न र राजयोग गर्न उपस्थित हुने गर्दछ । यस केन्द्रको सञ्चालन यही नियमित आउने विद्यार्थीको दानबाट चल्ने गरेको छ । यो सेवाकेन्द्र गण्डक क्षेत्रको मुख्यालय पनि हो । यहींबाट गण्डक क्षेत्रका अन्य सेवाकेन्द्रहरु निर्देशित तथा परिचालित हुन्छन् । हाल यहाँ १७ जना समर्पित ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरु ईश्वरीय सेवा नियमित सेवारत छन् ।[६४]

### ४.३.२ प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, उपशाखा, छिनेडाँडा

बि.सं. २०५० सालमा स्थापित यस सेवाकेन्द्रको आफ्नै भवन रहेको छ । यस सेवाकेन्द्रको सञ्चालिका ब्रह्माकुमारी नारायणी हुनुहुन्छ । वहाँ वि.सं. २०४७ सालदेखि यस केन्द्रंसँग आबद्ध हुनुहुन्छ । हरेक दिन लगभग १० जना ब्रह्माकुमार तथा ब्रह्मकुमारीहरुले नियमित रुपमा मुरली ज्ञान सुन्न र राजयोग गर्न उपस्थित हुने यो केन्द्रमा कहिलेकहीं

---

[६२] ब्र.कु. शैलेश, *पूर्ववत्* , पादटिप्पणी नं. ३३ ।

[६३] *ब्र.कु. अप्सरासँग* मिति २०६५।४।२५ गते पार्दीमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[६४] ब्र.कु.चन्द्र श्रेष्ठ, *पूर्ववत्* , पादटिप्पणी नं. २ ।

आउनेहरुको संख्या १५ जना भन्दा बढी छ । यस केन्द्रको दैनिक कार्य सञ्चालन यही नियमित आउने विद्यार्थीको दानबाट चल्ने गरेको छ । हाल यस केन्द्रमा बस्ने समर्पित ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरुको संख्या ३ रहेको छ । यो क्षेत्रमा मानववस्ती पातलो भएको कारणले पनि नियमित उपस्थित हुने विद्यार्थीहरुको संख्या न्यून हुन पुगेको हो । तर कुनै विशेष कार्यक्रम सञ्चालन गर्नु पऱ्यो भने स्वतःस्फूर्तरूपमा मान्छेको भीड जम्मा भैहाल्छ ।[६५]

## ४.३.३ प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, शाखा रामबजार

यस केन्द्रको स्थापना बि.सं. २०५६ सालमा भएको हो । यसको आफ्नै भवन रहेको छ । यस सेवाकेन्द्रको सञ्चालिका ब्रह्माकुमारी गोमा हुनुहुन्छ । वहाँ वि.सं. २०४६ सालदेखि लगातार यस केन्द्रंसँग सम्वन्धित हुनुहुन्छ । यस केन्द्रमा हरेक दिन लगभग ४० जना ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरुले नियमित रुपमा मुरली ज्ञान सुन्न र राजयोग गर्न आउँछन् भने कहिलेकहीं आउनेहरुको संख्या ५० जना भन्दा बढी रहेको छ । यस केन्द्रको दैनिक कार्य सञ्चालन यस सेवाकेन्द्रमा नियमित आउने विद्यार्थीको दानबाट चल्ने गरेको छ । हाल यस केन्द्रमा बस्ने समर्पित ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरु ४ जना रहेका छन् ।[६६]

## ४.३.४प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय, उपशाखा विन्ध्यावासिनी

यस केन्द्रको स्थापना बि.सं. २०६० सालमा भएको हो । यस सेवाकेन्द्रको पनि आफ्नै भवन रहेको छ । वि.सं.२०५० सालदेखि यस ईश्वरीय विद्यालयसँग आबद्ध हुनुभएकी ब्रह्माकुमारी उषा हाल यस सेवाकेन्द्रका सञ्चालिका हुनुहुन्छ । यस केन्द्रमा हरेक दिन लगभग २० जना ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरुले नियमित रुपमा ईश्वरीय ज्ञान (मुरली) सुन्न र राजयोग गर्न आउँछन् भने कहिलेकहीं आउनेहरुको संख्या पनि करीव यत्ति नै रहेको छ । यस केन्द्रको सञ्चालन पनि यही नियमित आउने विद्यार्थीको दानबाट चल्ने गरेको छ । हाल यस केन्द्रमा समर्पित ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरु जम्मा २ जना मात्र रहेका छन् ।[६७]

## ४.३.५ प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय, शाखा पार्दी

---

[६५] *ब्र.कु.नारयाणीसँग* मिति २०६५।१०।१२ गते छिनेडाँडामा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[६६] *ब्र.कु.गोमासँग* मिति २०६५।१०।१३ गते विन्ध्यावासिनीमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[६७] *ब्र.कु.उषासँग* मिति २०६५।१०।१३ गते छिनेडाँडामा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

यस केन्द्रको स्थापना बि.सं. २०५९ सालमा भएको हो । यसको आफ्नै भवन रहेको छ । यस सेवाकेन्द्रका सञ्चालिका ब्रह्माकुमारी अप्सरा (कास्कीकोट) हुनुहुन्छ । वहाँ वि.सं.२०५० सालदेखि यस केन्द्रसँग आबद्ध हुनुहुन्छ । यस केन्द्रमा हरेक दिन लगभग ८० जना ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरुले नियमित रुपमा मुरली ज्ञान सुन्न र राजयोग गर्न आउँछन् भने कहिलेकहीं आउनेहरुको संख्या १०० जना भन्दा बढी रहेको छ । यस केन्द्रको सञ्चालन यही नियमित आउने विद्यार्थीको दानबाट चल्ने गरेको छ । हाल यस केन्द्रमा बस्ने समर्पित ब्रह्माकुमार एकजना तथा ब्रह्माकुमारीहरु ४ जना गरी जम्मा ५ जनाको संख्यामा रहेका छन् ।[६८]

## ४.३.६ प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, उपशाखा कुँडहर

यस केन्द्रको स्थापना उपशाखाको रूपमा बि.सं. २०६२ सालमा भएको हो । यसको आफ्नै भवन नभएको हुनाले भाडामा संचालित छ । हाल यस सेवाकेन्द्रका सञ्चालिका ब्रह्माकुमारी अप्सरा (बाग्लुङ्ग) हुनुहुन्छ । वहाँ वि.सं.२०५५ सालदेखि यस केन्द्रंसँग आबद्ध हुनुहुन्छ । यस केन्द्रमा हरेक दिन लगभग ४०/५० जना ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरु नियमित रुपमा मुरली ज्ञान सुन्न र राजयोग गर्न उपस्थित हुने गर्दछ भने विशेष अवसरमा आउनेहरुको संख्या ८० जना भन्दा बढी रहेको छ । यस केन्द्रको सञ्चालन यही नियमित आउने विद्यार्थीको दानबाट चल्ने गरेको छ । हाल यस केन्द्रमा बस्ने समर्पित ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरु ३ जना रहेका छन् ।[६९]

## ४.३.७ प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, उपशाखा लामाचौर

यस केन्द्रको स्थापना बि.सं. २०६५ सालमा भएको हो । यसको आफ्नै भवन नभएको हुनाले भाडामा संचालित छ । यस सेवा केन्द्रको सञ्चालिका ब्रह्माकुमारी विष्णु हुनुहुन्छ जो वि.सं.२०४८ सालदेखि नै यस केन्द्रसँग सम्वन्धित छन् । यस केन्द्रमा हरेक दिन लगभग ४० जना ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरुले नियमित रुपमा मुरली ज्ञान सुन्न र राजयोग गर्न उपस्थित हुने गर्दछ । कहिलेकहीं आउनेहरुको संख्या भने ६० जना भन्दा बढी नाघ्ने गरेको छ । यस केन्द्रको सञ्चालन पनि ईश्वरीय ज्ञानबाट प्रभावित भइ नियमित

---

[६८] *ब्र.कु.शिशिरसँग* मिति २०६५।१०।१४ गते पार्दीमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[६९] *ब्र.कु.अप्सरासँग* मिति २०६५।१०।१४ गते कुँडहरमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

आउने विद्यार्थीहरूको दानबाट चल्ने गरेको छ । हाल यस केन्द्रमा समर्पित ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरु २ जना मात्र रहेका छन् ।[७०]

## ४.३.८ प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, उपशाखा मासबार

यस केन्द्रको स्थापना बि.सं. २०६३ सालमा भएको हो । यसको आफ्नै भवन नभएको हुनाले भाडामा संचालित छ । यस सेवा केन्द्रको सञ्चालिका ब्रह्माकुमारी पुनम हुनुहुन्छ । वहाँ वि.सं.२०४५ सालदेखि यस केन्द्रंसँग आबद्ध हुनुहुन्छ । यस केन्द्रमा हरेक दिन लगभग ४० जना ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरुले नियमित रुपमा मुरली ज्ञान सुन्न र राजयोग गर्न उपस्थित हुने गर्दछ भने कहिलेकहीं आउनेहरुको संख्या १०० जना भन्दा बढी रहेको छ । यस केन्द्रको सञ्चालन यही नियमित आउने विद्यार्थीको दानबाट चल्ने गरेको छ । हाल यस केन्द्रमा बस्ने समर्पित ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरु २ जना मात्र रहेका छन् ।[७१]

## ४.३.९ ब्रह्माकुमारी गीता पाठशाला, छोरेपाटन

यस पाठशालाको स्थापना बि.सं. २०३० सालमा भएको हो । यो गीता पाठशाला यस क्षेत्रको लगभग पुरानो पाठशालामा गनिन्छ । यसको आफ्नै भवन रहेको छ । यस पाठशालाको सञ्चालक ब्रह्माकुमार झंकनाथ पौडेल हुनुहुन्छ । वहाँ विगत ३८ वर्षदेखि यस ब्रह्माकुमारी ईश्वरीय विद्यालयसँग आबद्ध हुनुहुन्छ । यहाँ हरेक दिन लगभग ३० जना ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरु नियमित रुपमा उपस्थित भइ मुरली कक्षा र राजयोगमा उपस्थित हुने गर्दछ । यस पाठशालाको सञ्चालन यही नियमित आउने विद्यार्थीको दानबाट चल्ने गर्दछ ।[७२]

## ४.३.१० ब्रह्माकुमारी गीता पाठशाला, पर्स्याङ

यस पाठशालाको स्थापना बि.सं. २०६३ सालमा स्थापना भएको हो । यसको आफ्नै भवन नभएकोले भाडामा बसेको छ । यस केन्द्रमा हरेक दिन लगभग ३० जना ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरुले नियमित रुपमा मुरली ज्ञान सुन्न र राजयोग गर्न उपस्थित हुने गर्दछ । यस केन्द्रको सञ्चालन पनि यही नियमित आउने विद्यार्थीको दानबाट चल्ने गर्दछ ।[७३]

---

[७०] *ब्र.कु.विष्णुसँग* मिति २०६५।१०।१० गते  लामाचौरमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[७१] *ब्र.कु.पुनमसँग* मिति २०६५।१०।१४ गते मासवारमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[७२] *ब्र.कु.झंकनाथ पौडेलसँग* मिति २०६५।१०।१३ गते  पार्दीमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[७३] ब्र.कु. शैलेश, *पूर्ववत्*, पादटिप्पणी नं. ३४ ।

### ४.३.११ ब्रह्माकुमारी गीता पाठशाला, दीप

यस पाठशालाको स्थापना बि.सं.२०६५ सालमा स्थापना भएको हो । यसको आफ्नै भवन नभएकोले भाडामा बसेको छ । यस केन्द्रमा हरेक दिन लगभग ३५ जना ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरुले नियमित रुपमा मुरली ज्ञान सुन्न र राजयोग गर्न उपस्थित हुने गर्दछ । यस केन्द्रको सञ्चालन यही नियमित आउने विद्यार्थीको दानबाट चल्ने गर्दछ ।[७४]

यसबाहेक पोखरा वरिपरि २०४० र २०५८ सालमा अर्घौंमा, २०४५ सालमा हेम्जा, २०६१ सालमा शिशुवामा पनि यस पनि प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयका शाखाहरु स्थापना भई ईश्वरीय ज्ञानको प्रचारमा संलग्न छन् ।

---

[७४] ब्र.कु.विष्णु *पूर्ववत्* , पादटिप्पणी नं. ५० ।

# अध्याय - पा“च

## प्रजापिता बह्माकुमारी ईश्वरीय विश्व विद्यालयबाट दिइने शिक्षाहरु

मानिसहरु आफूले प्राप्त गरेको शिक्षाको आधारमा नै आफ्नो जीवन चलाउँदै आएका छन् । ईश्वरीय विश्व विद्यालयको अवधारणाअनुसार संसारका सबै मानवहरुलाई परमात्माले बुद्धि र विवेक समान किसिमले दिनुभएको छ । तथापि जन्मजन्मान्तरका कर्म सिद्धान्तको आधारमा हरेकको जीवनशैली सोच एवं व्यवहारमा अन्तर छ तर यो अन्तर परमात्माबाट भएको अन्तर होइन मनुष्यको आफ्नैं कर्मले गराएको अन्तर हो ।[७५] अब यदि समान अवसरको जीवन प्राप्त गर्नु छ भने ईश्वरद्वारा प्रदत्त श्रीमत वा ईश्वरीय मतको आधारमा जीवनको बागडोरलाई चलाउनु पर्दछ जसले मानवीय जीवन सुखमय र दिव्य बनाउँछ । वर्तमान समय सत्कर्मबाट भाग्य उदय गर्ने समय हो । जीवनको वास्तविक अर्थ थाह पाउनुका साथै वर्तमान समयमा चलिरहेको घोर कलियुगको अन्त्य र सत्य युगको आदि युग अर्थात संगम युगको महत्वलाई बुझ्रेर ईश्वरीय ज्ञानको महत्व एवं त्यसको विशेषतालाई आफ्नो जीवनमा अपनाएर संस्कारलाई श्रेष्ठ बनाउन यस विश्व विद्यालयको शिक्षा कोशेढुंगा सावित भएको छ । यसले मानव जीवनलाई सार्थक बनाएको छ । त्यस्तै मानवीय जीवनलाई सफल र सक्षम बनाउन ईश्वरीय ज्ञानको अलावा जीवनको विविध पक्षलाई सहयोग गर्नका निमित्त शिक्षाका अन्य विषयहरुलाई पनि उत्तिकै जोड दिएको पाइन्छ । जस्तै :-

क) स्वयंको अस्तित्वको चिनारी
ख) परमसत्यको परिचय
ग) परमात्माको कर्तव्य
घ) कर्मको गहन गति
ङ) समय दर्शन
च) विश्व दर्शन
छ) धर्म दर्शन
ट) स्वप्रवन्धन
ठ) सम्पूर्ण स्वास्थ्य
ड) व्यक्तित्व विकास
ढ) युवा विकास
ण) नारीको दायित्व एवं नारी सशक्तिकरण
त) मनको शान्ति
थ) शिक्षामा नयाँ दिशा

---

[७५] *ब्र.कु.अप्सरासँग* मिति २०६५।२।१३ गते पार्दीमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

ज) योग दर्शन — द) सच्चा समाज सेवा

झ) नैतिक मूल्य एवं आध्यात्मिक मूल्य — ध) दुर्व्यवसन मुक्ति

ञ) तनाव प्रवन्धन — न) जीवन जिउने कला [७६]आदि ।

यसका साथै श्रेष्ठ समाजको निर्माणको निमित्त यस विश्व विद्यालयले अन्य तीनवटा भातृ संस्थाको स्थापना गरेको छ :

- राजयोग शिक्षा एवं शोध प्रतिष्ठान (Rajyog Education and Research Foundation)
- विश्व नवनिर्माण आध्यात्मिक संस्था (World Renewal Spiritual Trust)
- ब्रह्माकुमारी शैक्षिक संस्था (Brahma Kumaris Educational Society)[७७]

त्यस्तै

”राजयोग शिक्षा एवं शोध प्रतिष्ठानअन्तर्गत संस्थाले समाजका विभिन्न विभागहरु जस्तै वैज्ञानिक, एवं इञ्जिनियर, चिकित्सक, संचारकर्मी, शिक्षक, व्यापारी एवं उद्योगपति, महिला, युवा, राजनीतिज्ञ, समाजसेवी न्यायविंद, प्रशासक, धर्म, कला, सुरक्षाकर्मी आदिको सेवार्थ अलगअलग विभागहरुको स्थापना गरी आफ्नो मुख्यालयको ज्ञान सरोवर विद्यापीठ (Academy for a Better World) एवं अन्य परिसरहरुमा सवै वर्गका लागि प्रतिवर्ष सम्बन्धित विभागद्वारा कार्यशाला गोष्ठी, रिट्रिट,सम्मेलनहरु एवं तालिमहरु इत्यादिको आयोजना गरिरहन्छ ।[७८]

## ५.१ ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयमा दिइने साप्ताहिक ज्ञान कक्षाको कार्यक्रम

यस केन्द्रमा शंख घण्ट बजाएर धुप बत्ती बालेर पूजा गर्ने चलन छैन । यहाँ हरेक दिन विहान ईश्वरीय ज्ञानको पढाइ र राजयोगको अभ्यास गरिन्छ । यस केन्द्रमा आउने हरेक नयाँ व्यक्तिलाई साप्ताहिक कोर्षद्वारा परमात्माको परिचय, समय दर्शन, राजयोगको विधि र राजयोगद्वारा प्राप्त हुने शक्तिको बारेमा जानकारी गराइन्छ । शुरुमा हप्ताको ७ दिन १/१ घण्टाको दरले ज्ञान, ध्यान तथा योग गरेपछि नियमितरुपमा जीवन पर्यन्तसम्म यसको

---

[७६] *प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय* ब्रोसर ।

[७७] *ऐजन ।*

[७८] *ऐजन ।*

अध्याय चलिरहन्छ । यसो गर्नुको उद्देश्य मानवलाई महामानव, महामानवलाई महान देवता अर्थात नरबाट नारायण र नारीबाट लक्ष्मी बनाउनु हो ।

## ५.१.१ साप्ताहिक कोर्षको पहिलो दिन

**आत्मा के हो ? र मन के हो ?**

मान्छेले हरेक दिनको कुराकानीमा हरेक पटक 'म' शव्दको प्रयोग गर्दछ । तर आश्चर्यको कुरा यो छ कि प्रतिदिन 'म' र 'मेरो' शब्दको प्रयोग गर्दा पनि मानवले यथार्थ रुपमा यो जानेको हुँदैन कि 'म' भन्ने सत्ताको स्वरुप के हो ? अर्थात 'म' शब्द जुन वस्तुको सूचक हो त्यो के हो ? आज मानवले विज्ञानको सहायताले थुप्रै शक्तिशाली बस्तुहरुको निर्माण गरेको छ । उसले संसारका अनेकौं रहस्यको उत्तर पनि जानिसकेको छ र अन्य जटिल समस्याको समाधानमा पनि लागिपरेको छ । तर 'म' भन्ने को हो ? यसको बारेमा उसले सत्यता जानेको छैन अर्थात ऊ स्वयंलाई चिनेको छैन । आज मान्छेसँग "तपाईं को हो ?" वा "तपाईंको परिचय के हो ?" भनेर सोध्यो भने उसले आफ्नो शरीरको नाम बताउँछ ।[७९]

वर्तमान अवस्थामा आत्मा पतित भएको छ र त्यसलाई पवित्र बनाउनु परेको छ । जीवनमा राम्रो नराम्रो गर्ने वा सोच्ने आफैं वा आत्मा हो । यसलाई पवित्र बनाउँदा कहिलेकहीं वृत्तिहरु खराब हुन सक्छन् वा अशुद्ध संकल्पहरु पनि उठ्न सक्छन् । त्यसलाई ईश्वरीय ज्ञानद्वारा रोक्ने कोशिस गर्नु पर्दछ । अहिलेसम्म मनुष्यले मन, बुद्धि र सँस्कारलाई आत्मासँग अलग मानेको कारणले दुःख तथा अशान्ति भोगिरहेका छन् । तर सम्झनु पर्ने कुरा के हो भने मन, बुद्धि र संस्कारसँग आत्मा अलग हुन सक्दैन । यी ३ तत्वहरू आत्माका कर्मचारी हुन् जसको आधारमा जीवन चलेको छ ।[८०] त्यसै गरी मुक्तिको अवस्थामा पनि मन आत्मामा नै लीन वा अव्यक्त बीज अवस्थामा रहेको हुन्छ ।[८१] सुशुप्त अवस्थामा पनि मन भएको कारणले गर्दा आत्मालाई चेतन भनिएको हो र यही शक्तिका कारण उ फेरि यस

---

[७९] *ज्ञान योग पवित्रता शान्ति पथप्रदर्शनी,* राजस्थानः ब्र.कु.ई.वि.वि., मिति उल्लेख नभएको, पृ.३ ।

[८०] ब्र.कु.चन्द्र श्रेष्ठ,*आत्मा, जीवन र शुभसंकल्प,* भैरहवाः ईश्वरीय उपहार, वर्ष ७, अंक ४, प्र.ब्र.कु.ई.वि.वि.,२०६५, पृ.२३ ।

[८१] *ईश्वरीय ज्ञान का साप्ताहिक पाठ्यक्रम,* राजस्थानः प्र.ब्र.कु.ई.वि.वि, मिति उल्लेख नभएको, पृष्ठ २१ ।

लोकमा आउन सम्भव भएको हो तर अल्पज्ञ आत्माहरु आफ्नो अल्पज्ञानको कारण उसलाई अशान्ति र दुःखको अनुभव हुन्छ र यो अनुभूति आत्मालाई हुन्छ ।[८२]

> "एउटै मानिस कर्तव्य भेद, सम्वन्ध भेद र अधिकारको भेदले गर्दा उसको ठाउँ अनुसारको पद फरक फरक हुन्छ । जस्तैः अदालतमा न्यायाधीश, कार्यालयमा कर्मचारी र कहीं चाहिं साथीभाइ आदि । त्यस्तै आत्माले कुनै संकल्प वा इच्छा गऱ्यो भने 'मनले यस्तो गर्न चाहेको छ' भनेर भनिन्छ भने कुनै परिस्थितिमाथि विचार गर्दा 'हाम्रो बुद्धिले यस्तो निर्णय दिएको छ' भनेर भनिन्छ । वास्तवमा आत्माको इच्छा, कामना, कल्पना या अनुभूतिको नाम नैं 'मन' हो भने आत्माको विचार, निर्णय, धारणा, ज्ञान, स्मृति आदिको नाम नैं बुद्धि हो । कसैले मस्तिष्कले नै सोच्ने वा इच्छा प्रकट गर्ने र शरीरद्वारा कार्य गरिन्छ भनेर भनिए तापनि यी सबै कार्यहरु आत्माद्वारा निर्देशित हुन्छन् । मस्तिष्क त आत्माको एक यन्त्र हो र आत्मा भन्दा फरक वस्तु हो । दिमाग प्रकृतिले बनाएको हो भने आत्मा चेतन शक्ति हो ।[८३]

वास्तवमा 'म' शब्द शरीरबाट भिन्न चेतनसत्ता 'आत्मा'को सूचक हो । आत्मा र शरीर मिलेर नै मान्छे बन्दछ । यदि शरीरमा आत्मा भएन भने यो केवल एउटा मासुको डल्लो मात्र हुन्छ । जसरी शरीर जल, वायु, अग्नि, आकाश र पृथ्वी जस्ता पञ्च महाभूतबाट बनेको छ त्यसरी नै आत्मा मन, बुद्धि र संस्कारबाट बनेको छ । आत्मामा नै विचार गर्ने र निर्णय गर्ने शक्ति हुन्छ अर्थात आत्माले जस्तो कर्म गर्दछ त्यस्तै संस्कार बन्दछ ।[८४]

आत्मा एक चेतन एवं अविनाशी ज्योतिविन्दु हो जुन मानव शरीरको भृकुटीमा निवास गर्दछ । जबसम्म आत्मा शरीरमा रहन्छ शरीरका अंगहरुले कार्य गर्दछ तर आत्माले छोड्नेवित्तिकै यो शून्य हुन्छ । शरीरद्वारा जब कर्मभोगको लेखाजोखा सकिन्छ तब आत्माले शरीरलाई छोड्दछ र आफ्नो संस्कार, भाग्य एवं प्रारब्धको बशमा परेर फेरि दोस्रो शरीरमा प्रवेश गर्दछ ।[८५] अब प्रश्न उठ्छ कि अविनाशी चेतनसत्ता आत्मा यस संसारमा कहाँबाट आउँछ ? आत्माको धाम कहाँ हो भनेर जान्नका लागि पहिला तीन लोकको ज्ञान हुनु जरुरी छ । ती हुन्

१. साकार मनुष्य लोक

---

[८२] *ऐजन ।*

[८३] *ऐजन,* पृ. २२ ।

[८४] ज्ञान योग ..., *पूर्ववत्* , पादटिप्पणी नं. ५, पृ.४ ।

[८५] *ऐजन ।*

२. सुक्ष्म देवताको लोक

३. ब्रह्मलोक वा परलोक ।[८६]

साकार मनुष्य लोकलाई बुझ्न उल्टो वृक्षको रुपमा बुझ्नु पर्दछ । यो मनुष्य लोक आकाश तत्वको अंश मात्रमा छ । यस लोकलाई साकार लोक, स्थुल सृष्टि, कर्म क्षेत्र या विराट नाट्यशाला पनि भनिन्छ किनकि यसै लोकमा आएर स्थूल शरीर धारण गर्दछ सुख दुःखको खेल खेल्दै कर्म गर्दछ । कर्म अनुसारको फल भोग्दै सदा विराट मनुष्य सृष्टि नाटक चलिरहेको छ । यही सृष्टि स्थापना, विनाश, र पालना आदि परमात्माको दिव्य कर्तव्यसँग सम्वन्धित छ ।[८७]

यस मनुष्यलोकको सूर्य तथा तारागण र आकाश तत्वको पनि माथि एउटा अर्को लोक छ जहाँ ब्रह्मा, विष्णु र शंकर आफ्नो आफ्नो सुक्ष्म स्थानमा बसोवास गर्दछ । यसलाई आकारी देवताको दुनियाँ वा सुक्ष्मलोक पनि भनिन्छ ।[८८] किनकि यहाँ जुन देवताहरु बास गर्दछन् उनीहरुको मानिसको जस्तो स्थुल शरीर हुदैन । उनीहरुको सुक्ष्म प्रकाशमय काया हुन्छ जसलाई दिव्य चक्षु बाहेक स्थूल आँखाले देख्न सकिदैन । यस लोकमा जन्म मरण वा दुःख हुँदैन न त्यहाँ ध्वनि वा वचन नैं हुन्छ । त्यहाँ केवल गति मात्र हुन्छ । त्यहाँ बोलिन्छ तर आवाज हुँदैन । त्यस्तै सुक्ष्म देवलोक भन्दा पारी अर्को एउटा लोक छ यसलाई परमधाम, ब्रह्मलोक अथवा परलोक पनि भनिन्छ ।[८९] यहाँ स्थुल शरीर, संकल्प, वचन वा कर्म केही पनि हुँदैन । यहाँ न सुख हुन्छ न दुःख, केवल शान्ति मात्र हुन्छ । त्यसैले यसलाई शान्ति धाम, मुक्ति धाम वा निर्वाण धाम पनि भनिन्छ । यहाँ एउटा ज्योति तत्व व्यापक छ जसलाई 'ब्रह्म' भनिन्छ । यो ब्रह्म तत्व चेतन तत्व हैन तर प्रकृतिको छैठौं तत्व हो । जुन सत्, रज र तमबाट स्वतन्त्र छ । यही नैं आत्माहरु अशरीरी रुपमा संकल्प र विकल्परहित दुःखसुख तथा जन्ममरणबाट स्वतन्त्र अवस्थामा रहन्छन् जसलाई मुक्तिको अवस्था पनि भनिन्छ । यहीबाट आत्माहरु यस सृष्टिरुपी रंगमंचमा आफ्नो आफ्नो भूमिका निभाउन आउने गर्दछ । यस सृष्टिमा आउनका लागि मुक्तिधामलाई छाडेर आफ्नो कर्म गर्न आमाको गर्भमा स्थूल देहको रुपमा धारण गर्दछ ।[९०] त्यसकारण सम्पूर्ण मानवहरु परमात्माका सन्तान हुन् । परलोकको दिव्य सुख र शान्ति सम्पन्न राज्यभोग गरेका मनुष्य कर्मेन्द्रियको सम्वन्धमा आउँदा आउँदा स्वयंलाई पनि शरीर मान्न थाल्यो र विषयमा वशीभूत भएर

---

[८६] *ऐजन ।*

[८७] ब्र.कु. जगदीशचन्द्र, *परमात्माका परिचय,* राजस्थानः ब्र.कु.ई.वि.वि.वि., मिति उल्लेख नभएको, पृ.१८ ।

[८८] *ऐजन ।*

[८९] *ऐजन ।*

[९०] ईश्वरीय ज्ञान का ..., *पूर्ववत् ,* पादटिप्पणी नं. ७, पृष्ठ २६ ।

विकारद्वारा घेरिन थाल्यो । यसप्रकार खानपान तथा व्यवहार सबै बद्लियो । त्यसैले अहिले यी पतित भएका आत्माहरुलाई पवित्र बनाउन परमात्मा स्वयं अवतरित भएका छन ।[९१]

त्यस्तै आत्माले पुनर्जन्म लिने गर्दछ । आत्माले एकपटक यस मनुष्य सृष्टिमा जन्म लिएपछि कल्पको अन्त्यसम्म अर्थात सृष्टिको महाविनाश हुने बेलासम्म पुनर्जन्म लिने गर्दछ । कल्पको अन्त्यमा ऊ विलकुल अज्ञानताको अवस्थामा रहन्छ । यही अज्ञान स्वभावलाई परमात्माले ईश्वरीय ज्ञानको माध्यमबाट पवित्र बनाएर परमधाम लिएर जान्छ । जो पवित्र बनेको हुँदैन अर्थात ईश्वरीय ज्ञानलाई आत्मसात गर्दैन उसलाई पनि केही समय कर्मको फल भोग गर्न दिएर उसलाई पनि परमधाम लिएर जान्छ ।[९२]

आत्माको वास्तविक स्वभाव शान्त तथा पवित्र हो र उ त्यसरी नैं त्यस्तै रहन चाहन्छ । तर काम, क्रोध, लोभ, मोह र अहंकार जुन देह अभिमानको कारण जन्मन्छ, ले गर्दा अपवित्रता, दुःख तथा अशान्तिको अवस्थामा रहेको छ । त्यसैले आफ्नो वास्तविक स्वरुपलाई चिनेर वास्तविक स्वभावलाई प्राप्त गर्न ईश्वरीय ज्ञानको शिक्षा लिनुका साथै राजयोगको अभ्यास गर्नु पर्दछ । आत्माको सम्वन्ध मस्तिष्कसँग जोडिएको हुन्छ भने मस्तिष्कको सम्वन्ध सम्पूर्ण शरीरमा फैलिएको ज्ञान तन्तुसँग रहेको हुन्छ । संकल्प पहिला आत्मामा उठ्छ र फेरि मस्तिष्कको तन्तुद्वारा त्यो व्यक्त हुन्छ । आत्माले नै शान्ति वा दुःखको अनुभव गर्छ । अतः के भन्न सकिन्छ भने मन र बुद्धि आत्मासँग अलग छैन । तर आज आत्मा स्वयंलाई भुलेर शरीर- स्त्री, पुरुष, बुढा वा जवान आदि मानेर बसेको छ । यसलाई देह अभिमान भनिन्छ र यही नै दुःखको कारण हो ।

त्यसकारण मनुष्यले आफूलाई चिन्नुपर्दछ । जसरी विद्युत गृहमा उत्पादित बिजुलीलाई आफ्नो घरमा जोड्नका लागि तारको वाहिरी रबरको आवरणलाई फालेर नाङ्गो तारलाई जोडेपछि मात्र पावर आउँछ र बत्ती बल्छ, त्यसरी नै मानवले पनि आफ्नो देह अभिमानलाई फालेर स्वयंलाई ज्योतिस्वरुप आत्मा निश्चय गरी परमात्माको शक्तिसँग जोड्न सकेमा मात्र आनन्द, शान्ति तथा शक्ति मिल्दछ ।[९३] उपरोक्त रहस्यलाई गाडीको ड्राइवरसँग पनि तुलना गर्न सकिन्छ । जस्तै :

> शरीर गाडी हो भने आत्मा यसको ड्राइवर । जसरी ड्राइवरले गाडीको नियन्त्रण गर्दछ त्यसरी नै आत्माले शरीरलाई । ड्राइवरबिना गाडी निष्प्राण भए झैं आत्मा विना शरीर पनि निष्प्राण हुन्छ । अतः परमपिता

---

[९१] ब्र.कु.जगदीशचन्द्र, *पूर्ववत्* , पादटिप्पणी नं. १३, पृष्ठ १९ ।

[९२] ईश्वरीय ज्ञानका ..., *पूर्ववत्* , पादटिप्पणी नं. ७, पृष्ठ २८ ।

[९३] *ऐजन,* पृ. ३६ ।

> परमात्मा भन्नुहुन्छ कि आफूले आफूलाई चिन्यो भने नै यस शरीर रुपी गाडीलाई चलाउन सकिन्छ र आफ्नो गन्तव्यमा पुग्न सकिन्छ । जसरी गाडी चलाउन नजानेमा वा कुनै लापरवाही गर्नाले दुर्घटना हुन्छ र त्यहाँ रहेका यात्रीहरुलाई चोट लाग्न सक्तछ । त्यसरी नै जुन मान्छेको पहिचान छैन उ स्वयं दुःखी र अशान्त हुने गर्दछ र उसको सम्पर्कमा आउने सम्वन्धीहरुलाई पनि दुःखी र अशान्त बनाइदिन्छ । अतः साँचो सुख र शान्तिको लागि स्वयंलाई जान्नु अति आवश्यक छ ।[९४]

मानिसको मन र आत्मा नितान्त फरक कुरा हुन् । आत्मा बिना शरीर जड हुन्छ । यसको वास्तविक स्वभाव शान्त र पवित्र छ । आत्मा सुक्ष्मलोकबाट आफ्नो कर्मको फल भोग्नको निम्ति यस संसार आउने गर्दछ । जबसम्म शरीरमा आत्मा रहन्छ तबसम्म मन, बुद्धि र संस्कारले कार्य गर्दछ । मनले इच्छा व्यक्त गरेपनि, मस्तिसकले निर्देशन दिए पनि र शरीरले कार्य गरे पनि यी सबै आत्माद्वारा नै निर्देशित हुन्छन् । आत्मा शरीरको ड्राइवर जस्तै हो भन्ने पहिलो दिनको कोर्षको निष्कर्ष रहेको छ ।

### ५.१.२ साप्ताहिक कोर्षको दोश्रो दिन

**परमात्माको नाम र उनको महिमा**

संसारमा परमात्माका बारेमा अनेक मतहरु छन् । यसको अर्थ हो परमात्मालाई कसैले देखेको छैन । परमात्मालाई कसैले नदेखेको हुनाले उसको रूप तथा आकार छैन भनेर भन्छन् । मानिसहरु उसको खोजीमा भौंतारिरहेका छन् । तर परमात्माको रुप छैन भन्नु परमात्मालाई विश्वास नगर्नु हो । परमात्माको कुनै रुप त अवश्य छ जसलाई ज्ञान चक्षुले मात्र देख्न सकिन्छ ।

> "परमात्मा शव्द परम+आत्मा दुइ शव्द मिलेर बनेको छ । जसको अर्थ हुन्छ आत्माहरूको पनि आत्मा अर्थात परमात्मा । परमात्मा सम्पूर्ण मानव आत्माहरुको प्रकाशपुञ्ज हो र त्यो वास्तवमा आफैंमा आत्मा पनि हो । तर उसको शारीरिक आकार छैन । परमात्मा जन्ममरणबाट स्वतन्त्र छ । कुनै देहधारी मनुष्यलाई परमात्मा भनिदैन वा बन्न सक्दैन । किनकि शरीरको त जन्म मरण हुन्छ । परमात्मालाई सवैका पिता परमपिता पनि

---

[९४] ज्ञान योग ..., *पूर्ववत्* , पादटिप्पणी नं. ५, पृ.४ ।

भनिन्छ । सवैको पिता भएको कारण उनका कुनै पिता छैनन् । शरीररहित भएर पनि उसले सुन्न र देख्न वा हिड्न चल्न सक्छ ।"[९५]

परमात्माको रूपको बारेमा ब्र.कु. जगदीशचन्द्रको परमात्माको परिचय भन्ने पुस्तकमा यसरी गरिएको छ-

> "परमात्माको रुप भनेको एक ज्योतिविन्दु हो । आत्मा र परमात्माको बीच गुणमा अन्तर छ । परमात्मा सधै एकरस, शान्ति, आनन्द, प्रेम तथा दयाको सागर हुन् । साथै जन्म मरणका साथै दुःखसुखबाट पनि स्वतन्त्र छन् तर आत्मा जन्ममरण र दुःखसुखको चक्करमा आउने गर्दछ । सवै धर्मावलम्वीहरुको बीचमा परमात्माको रुपको सम्भना कुनै न कुनै प्रकारले विद्यमान छ । सम्पूर्ण विश्वकै नाथ भएकोले विश्वनाथ, अमर आत्माहरुको नाथ भएको अमरनाथ, मुक्ति दिने भएकोले मुक्तेश्वर, पापलाई काट्न सक्ने भएकोले पापकटेश्वर भनिने उनलाई देवहरुको पनि देव भएकोले रामेश्वर वा गोपेश्वर भनेर पनि चिनिन्छ । त्यस्तै मुस्लिम धर्मावलम्वीहरुको धाम मक्कामा रहेको परमात्माको स्मरण चिन्हलाई जसलाई 'संगे असवद' भनिन्छ । यहुदीको परमेश्वर जेहोवा आदिको रुपमा यस्ता थुप्रै स्मृतिमा परमात्मालाई याद गरिन्छ । यसरी विभिन्न रुपमा पुकार गरिए तापानि परमात्मालाई निराकार पनि भनिन्छ किनकि उसको कुनै स्थुल देह हुँदैन । निराकारको अर्थ हो शारीरिक आकाररहित । त्यस्तै उनको रुप जुन अविनाशी छ र ज्योति विन्दुको रुपमा देख्न सकिन्छ । परमात्माको स्थुल प्रतिमा अण्डाकार अथवा शिवलिंगको रुपमा मानिएको छ ।[९६]

परमात्मालाई 'शिव'को नामबाट चिनिन्छ । 'शिव'को अर्थ हुन्छ 'कल्याणकारी'।[९७] उनी ज्ञान, शान्ति, आनन्द, दया अनि प्रेमका सागर हुन् । उनले नैं मनुष्यलाई विभिन्न कुलत, विकार तथा कालको बन्धनबाट छुटाउने र सवै प्राणीहरुप्रति दया देखाउने गर्दछन् । उनी ब्रह्मलोकमा निवास गर्दछन् । यस संसारमा कल्पको अन्त्यमा जब आसुरी सम्प्रदायको बृद्धि भै चारैतिर अधर्मको राज हुन्छ त्यतिबेला अधर्म वा तमोप्रधानको नाश गरी सतोप्रधानको स्थापना गर्नको लागि परमात्मा अवतरण गर्दछन् । उनी कुनै बृद्धको शरीरमा प्रजापिता ब्रह्माको रूपमा दिव्य प्रवेश गरेर उनको मुखर्विन्दुबाट ईश्वरीय ज्ञान तथा

---

[९५] ईश्वरीय ज्ञानका ..., *पूर्ववत्* , पादटिप्पणी नं. ७, पृ. ४१ ।

[९६] ब्र.कु.जगदीश चन्द्र, *पूर्ववत्* , पादटिप्पणी नं. १३, पृ. ६।

[९७] ईश्वरीय ज्ञानका ..., *पूर्ववत्* , पादटिप्पणी नं. ७, पृ.४५ ।

राजयोगको शिक्षा दिने गर्दछन् ।[९८] त्यसैले परमात्माको दिव्य नाम, दिव्य रुप, दिव्य धाम र दिव्य गुणलाई आफ्नो स्मृतिपटलमा राखेर योग्य कार्य गर्नुपर्दछ । तर परमात्मालाई ठीक ढंगले बुझ्न नसक्दा मन यताउता भड्किन्छ र त्यसलाई रोक्नको लागि हठ क्रिया वा कृत्रिम आधारको सहारा लिने गरिन्छ । जसले गर्दा आत्माले दुःखको नरकमा भौंतारिनु पर्दछ । परमात्मासँग आत्मिक सम्वन्ध जोडेमा स्थायी सुख र शान्ति प्राप्त हुन्छ यो मनुष्यको जन्मसिद्ध अधिकार पनि हो । यसको निम्ति स्वयं आफूलाई आत्मा सम्झनु पर्दछ र मनलाई ब्रह्मलोकमा ज्योतिस्वरुप परमात्मा शिवसँग सम्वन्ध जोडनु पर्दछ । यसरी परमात्माको याद गर्नाले मानव जीवन आनन्दमय बन्दछ ।[९९]

**परमात्मा र उनको दिव्य रुप**

परमात्माको दिव्य रूप एक ज्योतिबिन्दु समान दियोको दार जस्तै हो । त्यो रुप अति निर्मल, स्वर्णमय रातो र मनमोहक छ । त्यस दिव्य ज्योर्तिमय रूपलाई दिव्य चक्षुद्वारा मात्र देख्न सकिन्छ र दिव्य ध्यानद्वारा मात्र अनुभव गर्न सकिन्छ । परमात्माको त्यस ज्योतिबिन्दु रूपको प्रतिमालाई भारतमा 'शिवलिङ्ग'को नामबाट पूजा गर्ने गरिन्छ ।

लगभग सबै धर्मका अनुयायीहरू परमात्मालाई निराकार मान्ने गर्दछन् । तर यो शब्दलाई उनीहरु यो अर्थमा लिन्छन् कि परमात्माको कुनै आकार छैन । तर यस्तो मान्नु गलत हो । वास्तवमा निराकार शब्दको अर्थ यो हो कि उनी 'साकार' छैनन् अर्थात न त उसको मनुष्यको जस्तै स्थुल शारीरिक आकार हुन्छ न त देवताहरुको जस्तो सुक्ष्म शारीरिक आकार हुन्छ । उनको रूप अशरीरी छ र ज्योतिबिन्दु जस्तै छ । 'बिन्दु'लाई त निराकार नै मानिन्छ । उनको दिव्य गुणहरु यसप्रकार छन् :

गुणको भण्डार हुनुहुन्छ ।
दिव्य दृष्टिको विधाता हुनुहुन्छ ।
बिन्दु रुप-ज्योति स्वरुप हुनुहुन्छ ।
कालको पञ्जाबाट छुटाउन सक्ने हुनुहुन्छ ।
सृष्टिको आदि, मध्य र अन्त जान्न सक्ने हुनुहुन्छ ।
आनन्दको सागर हुनुहुन्छ ।
सुखदुःखबाट स्वतन्त्र हुनुहुन्छ ।

निराकार हुनुहुन्छ ।
विष्णुद्वारा सृष्टिको पालना गराउने हुनुहुन्छ ।
शान्तिको सागर हुनुहुन्छ ।
ब्रह्मा, विष्णु र शंकरका रचयिता त्रिमूर्ति हुनुहुन्छ ।
जीवनको नाउलाई पार गराउन सक्ने हुनुहुन्छ
परमपिता, परम शिक्षक र सद्गुरु हुनुहुन्छ ।
जन्म मरणबाट स्वतन्त्र हुनुहुन्छ ।

---

[९८] ब.कु. अप्सरा, *पूर्ववत्* , पादटिप्पणी नं. १ ।

[९९] *ऐजन ।*

| | |
|---|---|
| शान्ति दाता हुनुहुन्छ । | प्रेमको सागर हुनुहुन्छ । |
| दिव्य बुद्धिदाता हुनुहुन्छ । | अकालमूर्त हुनुहुन्छ । |
| पतितलाई पावन गर्न सक्ने हुनुहुन्छ । | मुक्ति वा जीवनमुक्ति दाता हुनुहुन्छ । |
| सद्गति दाता हुनुहुन्छ । | दुःखहर्ता सुखकर्ता हुनुहुन्छ । |
| सबैको सुख दाता हुनुहुन्छ । | मनुष्य सृष्टि रुपी बृक्षको बीजको हुनुहुन्छ । |
| नरलाई नारायण बनाउन सक्ने हुनुहुन्छ । | कर्मको गतिलाई चिन्न सक्ने हुनुहुन्छ । |
| पत्थर बुद्धिलाई पारस बनाउन सक्ने हुनुहुन्छ । | ब्रह्माद्वारा सतयुगी सृष्टिको स्थापना गर्ने हुनुहुन्छ । |
| ज्ञानामृतको सागर हुनुहुन्छ । | ब्रह्मालोक निवासी हुनुहुन्छ । |
| सतचित् आनन्द स्वरुप हुनुहुन्छ । | शंकरद्वारा आसुरी सृष्टिको विनाश गराउने हुनुहुन्छ ।[१००] |

यस संसारमा सर्वशक्तिमान स्वरुप भनेको परमात्मा हुन् । उनी आत्माहरुको पनि आत्मा अर्थात पिता हुन् । त्यसैले उनलाई परमपिता पनि भनिन्छ । उनी निराकार छन तर उनको रुप दिव्य छ । उनलाई विभिन्न ठाउँमा विभिन्न नामले पुकारिन्छ । जस्तैः परमेश्वर, गोपेश्वर, अमरनाथ, राम, कृष्ण आदि । तर ती सबैको रुप एउटै हो । उनलाई दिव्य चक्षुद्वारा मात्र देख्न सकिन्छ । तर यसका लागि उनीसँग आत्मिक सम्वन्ध जोड्नु पर्दछ । यसको निम्ति सधैं परमात्माको याद गर्नुपर्दछ । परमात्मालाई याद गर्नाले र ईश्वरीय ज्ञान श्रीमतको श्रवण मानिसलाई राजयोगी र पवित्र बनाउँछ भन्ने दोश्रो दिनको पाठको निचोड रहेको छ ।

### ५.१.३ साप्ताहिक कोर्षको तेस्रो दिन

**परमात्मा र उनको दिव्य कर्तव्य**

मानिसहरू सोच्ने गर्दछन् कि परमात्मा सर्वव्यापक छन र यस लोकमा जति पनि कर्महरु भएका छन ती सवै परमात्माको निर्देशनद्वारा नै गरिन्छ । तर यो भ्रम हो । किनकि समाजमा कुनै नराम्रो कार्य भयो भने के त्यो पनि परमात्माद्वारा नै गरिएको भन्ने त ? त्यसो हैन । परमात्माको कर्म त दिव्य र महान छ । किनकि परमात्मालाई शिव अर्थात कल्याणकारी भनिन्छ । उनी नै सुख र शान्तिका श्रोत हुन् । यसलोकमा जुन प्राकृतिक प्रकोप वा अन्य कार्यहरु हुने गरेका छन् त्यो कार्य भनेको प्रकृतिको हो । प्रकृतिको आकर्षण,

---

[१००] ज्ञान योग ..., *पूर्ववत्* , पादटिप्पणी नं. ५, पृ. ९ ।

विकर्षण अथवा हलचल आदिलाई परमात्माको कार्य मान्नु प्रकृतिको भेद नजान्नु हो ।[१०१] परमात्माको कर्तव्यलाई जान्नु भन्दा पहिले यस सृष्टिचक्रको बारेमा केही चर्चा गरौं ।

हाम्रो समाजमा स्वस्तिक चिन्हको ठूलो महत्व छ । मानिसहरु यसलाई शुभ कार्यको अर्थमा लिने गर्दछन् । स्वस्तिक चिन्हको चार भुजाहरुमा दुइवटा दायाँतिर हुँदै तलतिर गएको हुन्छ भने दुइवटा वायाँतिरबाट उल्टो दिशातिर फर्केको हुन्छ । दायाँ भुजालाई राम्रो तथा शुभ संकेतको सूचक मानिन्छ । यस चिन्हको दायाँ भुजालाई सत्ययुगको प्रतीक मानिएको छ । यस कालमा सनातन धर्मावलम्बीहरु दैवी गुण कर्म स्वभावका हुन्छन् र सुखशान्ति प्राप्त गर्दछन् । उनीहरुको आयु १५० वर्ष हुन्छन र घराना चाहिं सूर्य वंशको हुन्छ । त्यसैले उनीहरु देवीदेवता समान हुन्छन् ।[१०२]

त्यसपछि त्रेतायुगको शुरुवात हुन्छ । यस युगमा पनि मानिसहरु सुखी र दिव्य गुण युक्त नै हुन्छ तर उनीहरुमा दुइ कला कम हुन्छ अर्थात १६ कला निर्विकारीबाट झरेर १४ कला हुन्छ भने चन्द्र वंशको घराना हुन्छ र आयु १०० वर्ष भन्दा माथि हुन्छ ।[१०३] त्यसकारण स्वस्तिकको भुजा तलतिर जान्छ । मानिसहरु सतोप्रधानबाट सामान्य अवस्थामा आउँछन् । त्यसपछि फेरि द्वापर युगको आगमन हुन्छ । यस युगमा मानिसहरु रजोप्रधान हुन्छन् । त्यसकारण स्वस्तिकको भुजा वायाँतर्फ हुँदै उल्टो तर्फ फर्कन्छ । जुन अपवित्रता र अशुभको संकेत मानिन्छ । अव सृष्टिमा आदि सनातन देवीदेवता धर्ममा गिरावट आउनुका साथसाथै अन्य धर्महरु पनि स्थापित भए । इब्राहिमद्वारा स्थापित इस्लाम, बुद्धद्वारा स्थापित बौद्ध र क्राइष्टद्वारा स्थापित ईसाई धर्महरु यसै समयमा देखिएका प्रमुख धर्महरु हुन् ।[१०४]

अब मनुष्यको गुणमा पनि परिवर्तन आउन थाल्छ र तमोप्रधानमा परिणत हुन्छ । यहीकारण अब झगडा तथा लडाईहरु हुन थाल्छन् । यसले संसारमा दुःख तथा अशान्तिले प्रवेश पाउँछ । यस समयलाई कलियुगको नाम दिइन्छ । यस युगमा धर्मको अपमान हुने गरी लडाई झगडाको मात्रा झन् बढ्दै जान्छ ।[१०५] यसरी समाजमा अधर्मीहरुको विगविगी बढ्दै गएपछि परमात्माले स्थापना, बिनाश र पालना गर्ने तीन दिव्य कर्तव्यको लागि तीन देवता ब्रह्मा, विष्णु र शंकरको रचना गर्दछन् । त्यसपछि उनी स्वयं एक साधारण मनुष्यको शरीरमा प्रवेश गर्दछन् । किनकि ज्ञान दिनको लागि मुखेन्द्रियको आवश्यकता पर्दछ । परमात्माको यसप्रकारको जन्मलाई दिव्य जन्म अथवा परकाया प्रवेश भनिन्छ । त्यसपछि

---

[१०१] ईश्वरीय ज्ञानका ..., *पूर्ववत्* , पादटिप्पणी नं. ७, पृ. ७१ ।

[१०२] ब्र.कु.सोमनाथ बाँस्तोला, *स्वस्तिका र ब्राह्मण,* भैरहवा, ईश्वरीय उपहार, वर्ष ७, अंक १, प्र.ब्र.कु.ई.वि.वि., पृ.२० ।

[१०३] *ऐजन ।*

[१०४] ब.कु. अप्सरा, *पूर्ववत्* , पादटिप्पणी नं. १ ।

[१०५] ब्र.कु. सोमनाथ, *पूर्ववत्* , पादटिप्पणी नं. २८ ।

उनको नाम प्रजापिता ब्रह्मा राखिन्छ । यसपछि परमात्माले ज्ञान तथा योगको बारेमा शिक्षा दिएर विकारमाथि विजय प्राप्त गर्ने र जीवनमा दिव्य गुणधारण गर्ने तरीकाहरु बताउने गर्दछन् । प्रजापिता ब्रह्माको रुपमां परमात्मा शिवलाई मनुष्य आत्माहरुले एक पिता, शिक्षक तथा सद्गुरुको रुपमा पाउँछन् । उनले मनुष्यलाई सहज गीता ज्ञान तथा सहज राजयोग सिकाएर जीवनलाई मुक्ति दिने कार्य गर्दछ । परमात्माको ज्ञान सुनेर मनुष्यात्माहरु नयाँ जन्म पाएको अनुभूति गर्दछन । यसरी ज्ञान तथा योगको माध्यमबाट सतयुगी पवित्र सृष्टिको रचना गर्दछ ।

> "रचनाको अर्थ नेस्तिबाट अस्ति होइन कि मनुष्यको चारित्रिक गुणको निर्माण गर्नु दैवी धर्मको पुनः स्थापना गर्नु हो । वर्तमान समयमा परमात्मा शिवले प्रजापिता ब्रह्माको माध्यमबाट त्यो कार्य गरिरहेका छन् । अहिलेको समय भनेको कलियुगको अन्त्य र सत्ययुगको आरम्भ हुनुभन्दा अघिको समय हो जसलाई संगम युग भनिन्छ । यही संगम युग नै कलियुग महाविनाशको समय पनि हो त्यसकारण यस युगमा परमात्माले मनुष्यात्मालाई ज्ञानामृत पिलाएर ब्रह्मलोक लैजाने कार्य गर्दछ । यो मनुष्य सृष्टि अनादि छ तर परमात्माको यो खेल हरेक ५००० वर्षमा एकपटक पूरा भएर फेरि हुबहु रुपमा पुनरावृत्ति हुन्छ । [१०६]

परमात्मा सर्वव्यापक भनिए पनि वास्तवमा त्यस्तो हैन । उनी सर्वव्यापक छैनन् । यस पृथ्वीमा पाँच युग रहेको छ, सत्य, त्रेता, द्वापर, कलि र संगमयुग । त्यसैले सत्य र त्रेतालाई परमात्माको दिन भनिन्छ भने द्वापर र कलिलाई परमात्माको रात भनिन्छ । सत्ययुग र द्वापरयुगमा मानिसहरु दिव्य गुणयुक्त थिए भने द्वापरयुग र कलियुगमा मानिसमा रहेको दिव्य गुण हराएर जान्छ र आसुरी गुण मात्र रहन्छ । कलियुगको अन्त्य र सत्ययुगको शुरुको बीचको समय अर्थात संगमयुगसम्म आइपुग्दा मानिसमा आफ्नो गुण पूर्णरुपमा नष्ट हुने हुनाले जतातते अन्याय, अत्याचार र पापाचारको व्यापकता पाउँछ । परमात्माको काम कल्याणकारी भएकोले यस धर्तीमा उनले कसैको शरीरको ब्रह्माबाबाको रुपमा प्रवेश गरी यस पृथ्वीमा आउँछन् र पापी मान्छेहरुलाई ईश्वरीय ज्ञानको माध्यमबााट पापमुक्त गरी स्वर्गको अधिकारी हुन योग्य बनाउँछन् । यस्ता दिव्य कर्तव्य गर्न सक्ने परमात्मा सर्वशक्तिमान सत्ता हुन् भन्ने कुरा तेश्रो दिनको कोर्षबाट थाहा पाउन सकिन्छ ।

### ५.१.४ साप्ताहिक कोर्षको चौथो दिन

---

[१०६] ईश्वरीय ज्ञानका ..., *पूर्ववत्* , पादटिप्पणी नं. ७, पृ. ८७ ।

**मनुष्य सृष्टि**

मनुष्य सृष्टिको विराट रचना पाँच युग (सत्य, त्रेता, द्वापर, कलि र संगम) र त्यस समयमा भएका हुने घटनाहरुको संक्षिप्त जानकारी पश्चात अब सृष्टिको रचनाको बारेमा पनि छोटो जानकारी लिउँ ।

कर्म सन्यासीहरुले यो जगत शुन्य छ र मिथ्या हो भनेर भन्दछन् तर यो सृष्टि सत्य हो । यसको एक नियमित इतिहास र भूगोल छ । उनले यस सृष्टिलाई उल्टो वृक्षसँग तुलना गरेका छन् । जसलाई कल्प वृक्ष भनिन्छ ।[१०७] उल्टो रुखसँग तुलना गर्दा यसको जरा तलतिर र टुप्पा माथितिर हुन्छ । शुरूमा यस संसारमा जरारुपी एउटा मात्र दैवी धर्म थियो, जसलाई 'आदि सनातन देवी देवता धर्म' भनिन्छ ।[१०८] यस समयमा सूर्यवंशी श्री नारायण र श्री लक्ष्मीको मर्यादायुक्त राज्य थियो । मानिसहरु पवित्र, निर्विकारी, दैवी गुण सम्पन्न, अहिंसक थिए । श्रेष्ठ कर्मको कारण प्रकृति पनि उनीहरुको वशमा थियो । पवित्रता, सुख तथा शान्तिले परिपूर्ण भएको कारण उनीहरुको आकृति प्रभामण्डलयुक्त थियो । त्यसकारण उनीहरु देवी देवता कहलिएका थिए ।[१०९]

उनीहरुको आयु पनि लामो हुन्थ्यो । अकाल मृत्यु हुने थिएन तर स्वेच्छाले शरीर छाड्न सक्थे । त्यसकारण उनीहरुलाई '१६कला सम्पूर्ण निर्विकारी' पनि भनिन्थ्यो ।[११०] यसलाई नै स्वर्ग भनेर पनि वर्णन गरिन्छ । सुख संवृद्धिको भोग गर्दागर्दै जब १२५० वर्ष व्यतीत भयो, त्यतिबेलासम्म सतयुगी देवीदेवताका आत्माहरुले जन्म र पुनर्जन्म लिंदालिंदा आफ्नो दुइ कला कम भयो । अर्थात अब आत्माहरु '१४ कला निर्विकारी' बने । अब त्रेतायुगको शुरुवात भयो । यस युगमा श्री राम र श्री सीताको राज्य थियो ।[१११] अझै पनि समाजमा पूर्ण सुखशान्तिको राज्य थियो । त्यसपछि द्वापरयुगको आगमन भयो । देवीदेवता को स्थितिमा भएका मानिसहरु बिस्तारै पतनोन्मुख हुँदै विकारी तथा पुजारी बने । आत्माविस्मृतिका कारण प्राकृतिक नियमहरु पनि भंग हुन थाले । विभिन्न देवीदेवताको रचना गरी पूजा गर्न शुरू गरियो । कर्मकाण्ड, वेद तथा धर्मशास्त्रका पुस्तकहरु लेख्न थालियो । यज्ञ, हठयोग, तप, तीर्थ तथा कर्मकाण्डमा समय र धन खर्च गर्न थालियो । तर

---

१०७ *ऐजन ।*

१०८ *ऐजन,* पृ. ९३ ।

१०९ ब्र.कु.अप्सरा, *पूर्ववत्* , पादटिप्पणी नं. १ ।

११० ब्र.कु.सोमनाथ, *पूर्ववत्* , पादटिप्पणी नं. २८ ।

१११ *ऐजन ।*

पनि मानिसहरुमा विकार तथा क्रोध छुटेन । आपसमा झगडा बढ्यो । समाज रजोप्रधान युक्त भए ।[११२]

एक सनातन धर्म भ्रष्ट हुनाले यस मनुष्य सृष्टिरूपी वृक्षबाट धर्मका अन्य शाखा तथा उपशाखाहरुको जस्तै इस्लाम, बुद्ध, क्रिस्चियन धर्म आदि उत्पत्ति भयो ।[११३] १२५० वर्षसम्म यही स्थिति रहेपछि कलियुगको सूत्रपात भयो । यस कालमा झन् आसुरी लक्षण र मर्यादाले बोलबाला रह्यो । बिकारी, स्वार्थी र भ्रष्टाचारीहरुको बिगबिगी बढ्यो । स्त्रीलाई मनोरञ्जनको साधन मान्नु, धर्मलाई मागी खाने भाँडो बनाउनु, जातपात र छुवाछुतको नाममा साम्प्रदायिक दंगा भड्काउनु, धर्मका सामान्य आचरणहरुको पनि ख्याल नगर्नु, एक अर्काको निन्दा गर्नु जस्ता कुराहरु त सामान्य नै भए । उनीहरुको सम्पूर्ण आहार, व्यवहार, दृष्टि, वृत्ति, मन, तथा कर्महरु तमोप्रधान बन्दै गयो । यस अवस्थालाई नै सृष्टिको महाविनाश नाम दिइएको छ । यही महाविनाशको समयमा यस्ता धर्मविमुख, अत्याचारी र हिंस्रक आत्माहरुलाई सतोगुणरुपी श्रेष्ठत्वको शिक्षा दिन र आदि सनातन देवी देवता धर्मको पुनः स्थापना गर्न परमात्मा शिव एक साधारण मनुष्यको तनमा प्रवेश गरी प्रजापिता ब्रह्माको रुपमा यस संसारमा अवतरित भएका छन् । त्यसैले सत्ययुग र त्रेतायुगलाई स्वर्ग र त्यसको तुलनामा द्वापर तथा कलियुगलाई नरक मानिन्छ ।[११४]

कसैले यो संसारलाई शुन्य र मिथ्या हो भनेर भने पनि यो सृष्टि सत्य हो । यो सृष्टिलाई उल्टो वृक्षसँग तुलना गर्न सकिन्छ । यसलाई कल्पवृक्ष पनि भनिन्छ । शुरुमा यसको जरा जस्तै यस संसारमा एउटा मात्र धर्म 'आदि सनातन देवीदेवता धर्म' थियो । मानिसहरु सत्वगुण सम्पन्न थिए तर समयको अन्तरालसँगै मानिसमा तमोगुण व्याप्त हुन थाल्यो । धर्मको पनि अनेक हाँगाहरु फिजिए । इस्लाम धर्म, बुद्ध धर्म, क्रिश्चियन धर्म आदि यसका उदाहरण हुन् । अब समाजमा पापकर्मको बिगबिगी बढ्दैछ । यसलाई सृष्टिको महाबिनाश भनेर भनिन्छ । यस्तो तमोगुणी महाविनाश रोक्न र आदि सनातन देवीदेवता धर्मको पुनःस्थापना गर्न स्वयं परमात्मा यस पृथ्वीमा आउँछन् र यस विपत्बाट उद्धार गर्दछन् भन्ने चौथो दिनको पाठको मजुबन रहेको छ ।

### ५.१.५ साप्ताहिक कोर्षको पाँचौं दिन

### मनुष्यले ८४ लाख जन्म लिंदैन

---

[११२] ब्र.कु.अप्सरा, *पूर्ववत्*, पादटिप्पणी नं. १ ।

[११३] ब्र.कु.सोमनाथ, *पूर्ववत्*, पादटिप्पणी नं. २८ ।

[११४] ईश्वरीय ज्ञान का ..., *पूर्ववत्*, पादटिप्पणी नं. ७, पृ. ९९ ।

हिन्दू धर्मशास्त्रअनुसार मनुष्यले चौरासी लाख जुनी फेरेपछि मात्र मनुष्य चोला प्राप्त गर्दछ र यस विभिन्न जुनीमा उसले विभिन्न पशु तथा पंक्षीको योनीमा जन्म लिन्छ । पशु योनी आत्माको लागि भोग योनी हो भनिन्छ । तर यो कुरा गलत हो । यस विद्यालयको अवधारणाअनुसार मनुष्यले एक कल्पमा चौरासी जुनी लिन्छ ।[११५] मनुष्यात्मालाई दुःख भोग्नको लागि पशुको जुनीमा जानु पर्दैन, किनकि आफ्नै जुनीमा अनेक दुःख छ । त्यस्तै परमात्माले दण्ड दिनको लागि पशु योनी रोज्दैन । मानव जुनीमा नै शारीरिक रूपमा आशक्त भएर वा कुनै न कुनै रूपमा आफ्नो कर्मको फल भोग्ने गर्दछ । जस्तो बीज हुन्छ त्यस्तै फल हुने हुनाले पनि मानव फेरि मानव नै भएर जन्मने गर्दछ । नराम्रो काम गर्ने व्यक्तिलाई पशुको जस्तो बुद्धि दिन्छ अनुहार हैन।[११६] अब मनुष्यको चौरासी जन्मको कथाको बारेमा कुरा गरौं ।

एक कल्पमा ५००० वर्ष हुन्छ । त्यसमा सत्य, त्रेता, द्वापर कलि र संगम गरी ५ युग रहन्छ ।[११७] संगम कालको एक सय वर्ष छोडेर बाँकी युगको समय १२५० वर्ष हुन्छ । अर्थात हरेक १२५० वर्षमा एक युग फेरिन्छ । शुरुमा सत्ययुग आउँछ । सतोप्रधान यस युगमा श्री नारायण र उनको वंशको राज्य हुन्छ । औसत आयु १५० वर्ष हुन्छ । यस १२५० वर्षमा श्री नारायणको आत्माको कुल ८ जन्म सूर्यवंशमा हुन्छ । १६ कला सम्पन्न निर्विकारी भएको दैवी मर्यादामा पुरुषोत्तम हुन्छन् र उनीहरुलाई देव वर्ण मानिएको छ ।[११८]

त्रेतायुगमा औसत आयु १२५-१०० वर्षसम्म हुन्छ र श्री नारायणको आत्माको लगभग १२ जन्म चन्द्र वंशमा हुन्छ । यस युगमा श्रीरामको राज्य हुन्छ र मानिसको वर्ण क्षेत्रीय र १४ कला हुन्छ ।[११९] यसरी सत्य र त्रेतामा गरेर कूल २१ जन्म हुन्छ ।

> “त्यसपछिको द्वापर युगमा मानिसको जन्म २१ र वर्ण वैश्य हुन्छ । पूजा, भक्ति र आराधना गर्ने परम्पराको शुरुवात हुन्छ । अर्थात एक मात्र परमात्मालाई पुज्न छोडेर थुप्रै देवीदेवताहरुलाई पुज्न थाल्दछ । मानिसहरु रजोगुणतिर आकर्षित हुन्छन् र बिस्तारै व्यभिचारी पनि बन्छन् । त्यसपछि आउने युग द्वापरमा मनुष्यात्माहरु देहाभिमानी र विकारी हुन्छन् र देव पद वा पुज्य पदबाट पतन भएर आफैं पुजारी बन्छन् । यसमा २१ जन्म भक्त शिरोमणि राजा रानी अथवा उच्च प्रजाको रुपमा हुन्छ र वर्ण चाहिं वैश्य

---

[११५] *ऐजन,* पृ.११८ ।

[११६] *ऐजन,* पृ. १२० ।

[११७] *ऐजन,* पृ. १२६ ।

[११८] ब्र.कु.सोमनाथ, *पूर्ववत्* , पादटिप्पणी नं. २८, पृ. २१ ।

[११९] *ऐजन ।*

हुन्छ । यसै युगमा विभिन्न देवीदेवता र शास्त्रहरुको रचना गरिन्छ । अर्थात एक परमात्माको सट्टामा थुप्रै देवताहरुको भक्ति हुन थाल्दछ र कलियुग झन् यो भन्दा पनि गए गुज्रेको अवस्था हुन्छ । यसमा सबै तमोगुण प्रधान ४२ जन्म र शुद्र वर्ण हुन्छ साथै अनुशासनहीनता, मत भेद, प्रजा भेद, धर्मभेद, भाषाभेद हुन्छ । शान्तिको नाममा विभिन्न शान्ति सम्मेलनहरुको आयोजना गरिन्छ । तर पनि शान्ति स्थापना हुँदैन । कलियुगको अन्त्य र सत्ययुगको आरम्भको बीचको समय संगमयुगमा परमात्माको अवतरण हुन्छ । सत्ययुगको प्रारम्भ देखि लिएर कलियुगको अन्त्यसम्म मान्छेहरुको जन्म, पुनर्जन्म हुँदै गर्दछ । तर कलियुगको अन्त्यमा सत्ययुग र सत्धर्मको पुन::स्थापना गर्नको लागि परमात्माको अवतरण हुन्छ । यसलाई संगमयुग भनिन्छ । यही संगमयुगमा परमात्माले मनुष्य आत्माहरुलाई ज्ञान र सहज राजयोग सिकाएर परमधाम वा ब्रह्मलोकमा लैजानुहुन्छ । यसप्रकार सवै मनुष्य आत्माहरुले शिवपुरी वा विष्णुपुरीको अव्यक्त एवं आध्यात्मिक यात्रा गर्दछ र ज्ञान चर्चा वा ज्ञान गंगामा स्नान गराएर पावन बन्ने गर्दछ । तर आज मान्छेहरु यस्ता रहस्यहरुलाई नबुझेर गंगा नदीमा नुहाउने गर्दछ र शिव तथा विष्णुको स्थुल सम्झनामा हिड्ने गर्दछ । वास्तवमा पुरुषोत्तम युगमा जुन दानको महत्व छ त्यो दान भनेको पाँच विकारहरुको दान हो । परमपिता परमात्मा जव पुरुषोत्तम युगमा अवतरित हुन्छन् तव मनुष्य आत्माहरु उनीहरुको काम क्रोध आदि विकारहरुलाई त्यागेर उत्तम मर्यादित पुरुष बन्दछन् । त्यसपछि सत्य युग, देवयुगको प्रारम्भ हुने गर्दछ । आज यी रहस्यहरुलाई जानेर मनुष्य विकारहरुको दान दिने र ज्ञान गंगामा नित्य स्नान गरेर योगद्वारा आध्यात्मिक यात्रा गऱ्यो भने विश्वमा पुनः सुख, शान्ति सम्पन्न राम राज्यको स्थापना हुनेछ र नारी तथा पुरुष नर्कबाट स्वर्गमा पदार्पण हुनेछ ।[१२०]

कलियुगको अन्त्यपछि सत्य युग आउँछ । तर यो कलियुग र सत्ययुगको बीचमा एउटा युग आउँछ जसलाई संगम युग भनिन्छ । वर्तमान समय संगम युगमा चलिरहेको छ । यो एक निर्विवाद र अकाट्य सत्य हो । यसलाई सवैले स्वीकारेका छन् ।[१२१] यस विश्व

[१२०] ईश्वरीय ज्ञान का ..., *पूर्ववत्* , पादटिप्पणी नं. ७, पृ.१२७-१२८ ।

[१२१] ब्र.कु.शंकर देवकोटा, *ब्रह्माको मानवीय शरीरमा निराकार ईश्वरको अवतरण ईश्वर कर्तव्यको अनुभूतिका लागि ज्ञान चक्षु* , भैरहवाः ईश्वरीय उपहार, वर्ष ७, अंक ४, प्र.ब्र.कु.ई.वि.वि., २०६४, पृ.६ ।

विद्यालयको अवधारणाअनुसार यस युगको अवधि १०० वर्षको हुन्छ । यसमा पनि ७२ वर्ष बितिसकेको छ र अब सत्य युग आउनको लागि केवल २८ वर्षमात्र बाँकी रहेको छ । संगमयुगमा सेता वस्त्र लगाएका प्रजापिता ब्रह्मा, जगदम्बा सरस्वती तथा केही ब्रह्माकुमार तथा ब्रह्माकुमारीहरु परमात्मा शिवसँग साथै योग गर्ने गर्दछन् । यही राजयोगद्वारा नै संस्कारहरुलाई सतोप्रधान बनाउँछ । त्यसले नरकलोकका व्यक्तिहरुको काम, क्रोध, लोभ, मोह र अहंकारलाई यस सुक्ष्म योग अग्निमा भष्म हुन्छन् । फलस्वरुप उनीहरु नरबाट नारायण र नारीबाट लक्ष्मी बनेर 'मनुष्य देवता'को पद पाएर स्वर्गमा पवित्र एवं सम्पूर्ण सुखशान्ति एवं सम्पन्न स्वराज्यको अधिकारी बन्नेछन् । स्मरणरहोस कि वर्तमान समय नै संगमयुगको समय हो । अव यो कलियुगी सृष्टि नरक अर्थात दुःखधाम हो र अव निकट भविष्यमा सत्य युग आउने वाला छ । अतः हामीलाई पवित्र एवं योगी बन्न आवश्यक छ ।

यसप्रकार सतयुगी श्री नारायणले कलियुगको अन्त्यसम्म ८४ जन्म लिइसकेको हुन्छ । यसबेलासम्म ५००० वर्ष वा एक कल्प बितिसकेको हुन्छ । यही कल्पको अन्त्यमा परमात्माले कुनै साधारण वृद्धको तनमा प्रवेश गरी अवतरण गर्दछ र गीता ज्ञान (ईश्वरीय ज्ञान) र सहज राजयोगको शिक्षा दिएर सवै पतित आत्माहरुलाई पवित्र बनाएर फेरि सत्य युग वा ५००० वर्ष अघिकै अवस्थामा झैं श्री नारायणको पद प्राप्ति गर्दछ । यस अवस्थामा संसार नरकबाट स्वर्गमा परिणत हुन्छ ।

पाँचौं दिनको पाठ पढीसकेपछि यो थाहा हुन्छ कि हिन्दू धर्मशास्त्रअनुसार मनुष्यले पुनः मनुष्य चोला लिन ८४ लाख जुनी पूरा गर्नु पर्दछ । तर यो झूठ हो । मनुष्य मरेपछि फेरि मनुष्यकै रुपमा जन्म लिन्छ । मानिसले एक कल्पमा आफ्नो ८४ जुनीको एक चक्र पूरा गर्दछ । हिन्दू धर्ममा पाप कर्मको फल भोग्न पनि मनुष्यले पशु योनिमा जन्म लिन्छ भनिएको छ तर त्यसो हैन । परमात्माले पापीलाई दण्ड दिनको निम्ति मनुष्यको अनुहार हैन बुद्धि दिन्छ । फेरि जस्तो वीज त्यस्तै फल फल्ने भएको हुनाले पनि मानव मरेपछि मानवकै चोला लिन्छ ।

एक कल्पमा ५००० वर्ष हुन्छ । त्यसमा सत्य, त्रेता, द्वापर, कलि र संगमयुग पाँच युग रहेका हुन्छन् । त्यसमा संगमयुगलाई छोडेर बाँकी हरेक युगको अवधि १२५०वर्ष हुन्छ । मानिसले सत्ययुगमा ८ जन्म सूर्यवंशमा लिन्छ भने त्रेतायुगमा चन्द्रवंशमा १२/१३ जन्म हुन्छ । यसरी सत्य र त्रेतामा गरी मानिसले कूल २१ जन्म लिन्छ । आयु भने १००-१५० वर्षसम्म हुन्छ । त्यसपछिको द्वापरयुगमा वैश्य कूलमा २१ जन्म र कलियुगमा शुद्रवंशमा ४२ जन्म लिन्छ । सत्ययुगमा ज्ञानी आत्मा भएकाहरु कलियुगको अन्त्यसम्म आइपुग्दा भ्रष्ट आत्मामा परिणत हुन्छ । त्यसैले यो समयमा परमात्मा पृथ्वीमा आएर पतित आत्माहरुलाई

पावन बनाउने पुरुषार्थ गर्छन् । यस कार्यको निम्ति हामीले परमात्मालाई सम्झनु पर्छ भन्ने पाँचौं दिनको पाठको निष्कर्ष रहेको छ ।

### ५.१.६ साप्ताहकि कोर्षको छैठौं दिन

### हिन्दु धर्मको वास्तविक नाम र धर्म शास्त्रको परिचय

आज संसारमा थुप्रै धर्मको स्थापना भएको छ । यी मध्ये हिन्दु बाहेक अन्य धर्मका संस्थापकहरुको बारेमा पनि प्रायः सवैलाई थाहै छ । जस्तैः बुद्ध धर्मका सिद्धार्थ गौतम, इस्लाम धर्मका इब्राहिम । यी धर्महरुको आ-आफ्नै मूल्य र मान्यताहरु पनि छन् । तर हिन्दू धर्मको स्थापना कसले र कहिले गरे ? यस धर्मको संस्थापकको बारेमा कसैलाई थाहा छैन तर पनि अनादिकालदेखि यो धर्म यो धर्तीमा चलिरहेको छ । तर के भन्न सकिन्छ भने यस सर्वप्राचीन धर्मको स्थापना इतिहासको कुनै न कुनै कालखण्डमा कसैले त अवश्य पनि गरेको हो ।

> “ईश्वरीय विश्व विद्यालयको मान्यता के छ भने यस धर्मको वास्तविक नाम ‘आदि सनातन देवीदेवता धर्म’ हो । यस धर्मलाई ‘आदि’ यस कारणले भनिएको हो कि यो सत्ययुगको आदिकालदेखि चलिआएको हो । ‘सनातन’ यस कारणले भनिएको हो कि कलियुगको अन्त्यमा जब यस धर्मको पूर्णत ग्लानि हुन्छ तब भगवान स्वयंले यसको पुनः स्थापना गरिदिन्छ । यसप्रकार सृष्टिको महाविनाश भए पनि यसको नाश हुँदैन । ‘देवीदेवता’ जोड्नुको कारण चाहिं यस धर्मका प्राचीनकालका मानिसहरु अर्थात सत्ययुग र त्रेतायुगका मानिसहरु देवीदेवता थिए । उनीहरुको आचार, विचार, आहार, व्यवहार आदि सतोप्रधान थिए र दिव्य गुण सम्पन्न थिए । उनीहरुको स्वभाव र गुण दैवी थियो । संसारमा दैवीगुण सम्पन्न र आसुरी गुण सम्पन्न गरी दुई प्रकारका मानिसहरु हुन्छन् । भगवानले आसुरी सम्प्रदायलाई विनाश गरी देवी सम्प्रदायको रक्षा गर्दछ । यसलाई नै अधर्मको विनाश र सत्य धर्मको पुनःस्थापना भनिन्छ । अतः भगवानले जुन आदि सनातन धर्मको स्थापना गरे त्यो नै ‘आदि सनातन देवी देवता’ धर्म थियो ।[१२२]

---

[१२२] ईश्वरीय ज्ञान का ..., *पूर्ववत्*, पादटिप्पणी नं. ७, पृ.१३४- १३५ ।

आज संसारमा हरेक धर्मको एउटा मात्रै धर्मशास्त्र रहेको छ । जस्तैः बौद्धको धम्मपद, ईसाईको बाइबल, मुसलमानको कुरान आदि । तर आदि सनातन देवीदेवता धर्मको शास्त्र चाहिं वेद, उपनिषद, पुराण आदिलाई मानिएको छ । यो कुरा गलत छ । जुन शास्त्रको वाक्य 'भगवानुवाच' शब्दबाट शुरु हुन्छ र जुन धर्मग्रन्थको नामले नै सिद्ध गर्दछ त्यसमा भगवानको बचन छ त्यही सनातन देवीदेवता धर्मको शास्त्र हो र त्यो शास्त्र भनेको 'गीता' मात्र हो ।[१२३] गीताको नाम 'श्रीमत्भगवत्गीता' पनि हो जसको अर्थ हो 'भगवानको ज्ञान गीत' । यस शास्त्रमा भगवानुवाच शब्दको प्रयोग गरिएको छ । यसमा स्वयं भगवानले भनेका छन् कि जब जब यस संसारमा धर्मको ग्लानि हुन्छ त्यतिबेला म अधर्मको नाश गर्न तथा सत् धर्मको स्थापना गर्नको लागि यस संसारमा आउने छु । तर हिन्दु धर्म मान्नेहरु स्वयंलाई यो कुरा थाहा छैन कि यस धर्मको स्थापना भगवानले गरेका हुन् ।[१२४]

अब प्रश्न उठ्छ कि गीता ज्ञान कसले र कहिले दिएको थियो । शास्त्रमा लेखिएको छ कि गीताको ज्ञान द्वापरयुगमा दिइएको थियो । त्यसो भए भगवानले यदि द्वापरयुगमा अधर्मको विनाश दैवी धर्मको स्थापना गर्ने कार्य गरेको भए त द्वापरपछि सत्ययुग आउनु पर्ने तर सबैलाई थाह भएकै कुरा हो कि द्वापरपछि कलियुग आउँछ, जुन युगमा अधर्मको शासन हुन्छ । भगवानको अवतरणपछि सत्धर्मको स्थापना नभए भगवान अवतरणको अर्थ नै के रह्यो त ? किनकि भगवान वा परमात्मालाईं दुःखहर्ता वा पतित पावन मानिन्छ । उसको अवतरणपछि यस संसारमा सुख, शान्ति र पवित्रता आउनु पर्छ । अतः महत्वपूर्ण कुरा यो छ कि परमात्मा शिव नै गीता ज्ञान दिनको लागि लेखराजको शरीरमा प्रजापिता ब्रह्माको रूपमा अवतरित भएका थिए । गीता ज्ञान दिएको समय भनेको कलि युगको अन्त्य र सत्य युगको आरम्भको समय अर्थात पुरुषोत्तम संगम युग हो । गीतामा उल्लेखित भगवान श्रीकृष्ण चाहिं भगवान नभएर देवता हुन् ।[१२५] त्यसपछि नैं सत्य युग शुरु हुन्छ । यस अर्थमा श्रीकृष्णको जन्म सतयुगमा भएको थियो र स्वयंवरपश्चात श्री नारायण भएका थिए ।[१२६]

यसरी हाम्रो धर्मको वास्तविक परिचयपश्चात हामी स्वयं आफूले आफैंलाई दैवी गुणधारण गर्ने देवता बन्नको लागि पुरुषार्थ गर्नुपर्दछ र मायामाथि विजय प्राप्त गरी शिवको वैजयन्ती वत्स बन्नु पर्दछ ।[१२७]

---

[१२३] *ऐजन,* पृ. १३७ ।

[१२४] ब्र.कु.अप्सरा, *पूर्ववत्* , पादटिप्पणी नं. १ ।

[१२५] ईश्वरीय ज्ञान का ..., *पूर्ववत्* , पादटिप्पणी नं. ७, पृ. १३९ ।

[१२६] *ऐजन ।*

[१२७] ब्र.कु.अप्सरा, *पूर्ववत्* , पादटिप्पणी नं. १ ।

मानवको प्राचीन धर्म भनेको 'आदि सनातन देवीदेवता धर्म' हो । यसो भन्नुको अर्थ 'आदि' भनेको सत्ययुगको आदिकालदेखि नै चलिआएको, सृष्टिको महाविनास भए पनि परमात्माले धर्मको पुनःस्थापना गर्ने हुनाले सनातन शब्द राखिएको हो भने देवीदेवता जोड्नुको अर्थ मानिसहरु सत्ययुगमा देवीदेवता समान सतोगुणी थिए भन्ने बुझिन्छ । यसरी यो धर्मलाई पहिला भगवानले नै स्थापना गर्नुभएको हो । यस धर्मको मूलग्रन्थ 'गीता' हो । किनकि गीतामा 'भगवानुवाच' भन्ने शब्द प्रयोग भएको छ । गीताको ज्ञान पुराणहरुमा वर्णित द्वापरयुगमा हैन कलियुगको अन्त्य संगमयुगमा दिइएको हो । किनकि गीता ज्ञान दिए पछि नै पृथ्वीमा सत्ययुगको स्थापना हुन्छ । त्यस्तै गीतामा वर्णित श्रीकृष्ण भगवान नभएर देवता हुन् । परमात्मा शिव श्रीकृष्णको तनमा आएका थिए भन्ने कुरा छैठौं दिनको पाठ पढे पछि थाहा हुन्छ ।

### ५.१.७ साप्ताहिक कोर्षको सातौं दिन

**राजयोग**

आत्मा, परमात्मा, सृष्टि चक्र, आदि धर्म तथा भगवानको महान शास्त्रको आदिको बारेमा जानकारी लियौं । यसको उद्देश्य थियो शरीर तथा शरीरको विषय पदार्थ र त्यससँग सम्वन्धित माया, मोह ममताबाट बाहिर निकालेर आत्मालाई परमात्मा शिवको स्मृतिमा स्थिर राख्नु । यसले गर्दा आत्माले आनन्द र शान्ति प्राप्त गर्दछ र पछिल्लो जन्ममा गरिएका सम्पूर्ण कर्तुतहरु पनि नष्ट हुन्छ ।

योग शव्दको प्रचलन प्राचीनकालदेखि नै चलिआएको पाइन्छ । योगको माध्यमबाट अति विकराल समस्याहरु पनि सजिलै हल गर्न सकिन्छ । योगले मानसिक विरामी तथा मानसिक तनावलाई शान्त स्थितिमा बदल्न सक्छ । योग हजारौं वर्षदेखि मानव जीवनमा अति प्रभावकारी सिद्ध भइसकेको एक अति विशिष्ठ विद्या हो । राजयोगबाट मानिसको दृष्टि परिवर्तन भई सकारात्मक चिन्तनमा सहयोग मिल्दछ । योगद्वारा नै आत्माको मैलो धुन सकिन्छ । योग सत्संग पनि हो जसले परमात्माको साथ प्राप्त गर्न मद्दत गर्दछ । यसकारण ईश्वरीय ज्ञानको सार ग्रहण गरेर योगी बन्नु पर्छ जसले परमात्मासँग मिलनको अपार र अलौकिक सुख प्राप्त गर्दछ । यसबाट भातृत्व भावको विकास हुनुको साथै जीवनलाई आनन्दित तुल्याउने अति स्वच्छ विचारको उद्भव हुन्छ ।

योगको अर्थ हो जोड । आत्माको सुक्ष्म शक्ति संकल्प शक्तिको माध्यमद्वारा परमात्मा संग जोड्नु नै राजयोग हो ।[१२८] राजयोगबाट आत्मारुपी व्याट्री रिचार्ज हुन्छ जसले हाम्रो

---

१२८ *ऐजन ।*

जीवनलाई अघि बढ्न मद्दत गर्दछ । मानिस भन्छन् कि परमात्मा हाम्रा पिता हुन् । तर उनको साथ व्यवहारिक रुपमा सम्वन्ध जोडिएको छैन । परमात्मासँग सम्वन्ध जोडिएको भए आज यो संसारको यो दुर्गति हुनु पर्ने थिएन । परमात्मालाई स्थुल आँखाले देख्न नसक्नुको कारण मनुष्यले परमात्माबाट प्राप्त हुने उत्तराधिकारी, राज्य र भाग्यलाई विर्सन्छ । त्यसैले त्यसलाई प्राप्त गर्न राजयोगको पुरुषार्थ गर्नु पर्दछ ।

मनुष्यलाई परमात्मासँग सम्वन्ध राख्न पनि राजयोग गर्नु आवश्यक छ । किनकि आज धेरैले आफू कुनै बेला परमात्माको सन्तान थियो र दिव्य गुण धारणा गरी स्वर्गमा बसोवास गर्ने थियो भन्ने कुरा बिर्सिसकेको छ । त्यसैले अब पाँच कुरालाई राम्ररी सम्झन सक्यो भने उसको मन र बुद्धि परमात्मामाथि स्थिर रहन सक्तछ । यही स्थितिमा रहने र स्मृति गराउने सक्ने कलाको नाम नै राजयोग हो ।

१. सबभन्दा पहिले यो स्पष्ट हुनु पर्दछ कि परमात्मासँग मनुष्यको सम्वन्ध के हो ? सम्वन्धको ज्ञान हुनु स्मृतिको लागि आवश्यक छ । यसको लागि मनुष्यले के सोच्नु पर्दछ भने मेरा आफन्तहरु र परिवारका सदस्यहरू आदि सबै केवल लौकिक र शारीरिक सम्बन्धहरु मात्र हुन् र एक जन्मको लागि मात्र हो । यो सम्वन्ध विगतको मेरो कर्मको हिसाव कितावको कारण भएको हो । मानवको अविनाशी सम्वन्ध त परमात्मा शिवसँग मात्र रहेको छ । शारीरिक नाताको स्मृतिले कर्मको डोरीमा बाँध्दछ भने परमात्माको स्मृतिले कर्मबाट मुक्त गराउँछ र गुमाएको पवित्रता, सुख र शान्ति प्राप्त हुन्छ । परमात्मालाई सधैं याद गर्न नसके कहिलेकाहीं वा फुर्सदको समयमा मात्र याद गर्दा पनि हुन्छ । तर परमात्मालाई याद गर्दा सच्चा मन, प्रेम र परिचयसहित गर्नुपर्दछ । हाड मासु र रक्तको पुत्लालाई मात्र याद गर्ने तर अविनाशी आत्मालाई बिर्सने हो भने यसले शरीरमा विकार पैदा गर्दछ र मनुष्य जीवन दुःखमय बन्दछ ।

२. दोश्रो कुरा यो जान्नु आवश्यक छ कि परमात्मासँग सम्बन्ध जोड्नाले के प्राप्त हुन्छ ? मनुष्यलाई भौतिक सुखको निम्ति दिनभर काम गरेर महिनाको सीमित तलबमा उसको असीमित चाहनाहरु पूरा गर्नु पर्ने वाध्यता छ । तर पनि कतिपय अवस्थामा ती इच्छाहरु पूरा हुन सकेको छैनन् र आत्माहरू दुखित भएका छन् । तर परमात्माप्रति निश्चयात्मक ज्ञान रहेमा जीवनको सच्चा आनन्द, सुख तथा कर्मको अथाह खुशी त मिल्दछ नै त्यसको अतिरिक्त २१ जन्मको स्वर्गिक राज्य र भाग्य पनि प्राप्त हुन्छ ।

३. परमात्माको स्मृतिमा मनुष्यको मन स्थिर नहुनुको कारण के हो भने उसलाई आफ्नो कर्तव्य, वर्तमान समय र भविष्यको बारेमा केही ज्ञान छैन । वास्तवमा आजको समय धर्म ग्लानिको समय हो । आज सम्पूर्ण सृष्टिमा संकट छाइरहेको छ । विश्वको महाविनाशको

निम्ति संसारमा नयाँ नयाँ शस्त्रहरुको निर्माण भैरहेको छ । शक्तिको आपसी होडबाजीमा विश्वको विनाश हुन मात्र बाँकी छ । त्यसैले मनुष्यले चिन्नु आवश्यक छ कि आजको यो युग पुरुषोत्तम संगमयुग हो र यस युगमा मान्छेले राजयोगको पुरूषार्थ गरेमा नरबाट नारायण र नारीबाट लक्ष्मी बन्न सकिन्छ । यही पुरुषार्थको याद दिलाउन शिवबाबा यस धर्तीमा अवतरित भैसकेका छन् । त्यसैले अब कुनै पनि बहानामा बाबाप्रति योग वा ध्यान गर्न छोड्नु हुदैन । यो जीवनको अन्तिम समय हो । अब समय छैन त्यसैले परमात्माप्रति योग दृष्टि राख्न ढिला गर्नु हुँदैन ।

४. मनुष्य जीवनमा कहिलेकहीं कुनै समस्या पर्दा अर्को व्यक्ति आएर उचित सल्लाह दिएमा वा सहयोग गरिदिएमा उसको गुणलाई कहिल्यै भुल्न सक्दैन । सदा उसकै गुण गाउने गर्दछ र बराबर याद पनि गरिरहन्छ । उसलाई सम्झनेबित्तिकै एक प्रकारको आनन्द आउने गर्दछ । त्यस्तै परमात्माको श्रीमतले पनि मनुष्य जीवनलाई हजारौं गुणा आनन्दित, अलौकिक र स्वर्गीय शान्ति दिन्छ । जसलाई बैतरणी तार्ने भनेर पनि भनिन्छ । यसर्थ परमात्माको श्रीमतलाई सुनेर व्यवहारिक पथमा लागू गर्न पनि राजयोगको पुरूषार्थ गर्नुपर्दछ ।

५. सुन्दरता यस्तो वस्तु हो जसले जसलाई मन्त्र मुग्ध र मोहित पार्दछ र मष्तिस्कलाई आफूतिर खिच्न सफल हुन्छ । तर शारीरिक वा भौतिक पदार्थको सुन्दरता भनेको क्षणिक हो जसलाई रोग, भोग, शोक आदिले नष्ट गरिदिन्छ । परमात्माको सौन्दर्यता यस्तो छ कि जुन कहिल्यै घट्दैन । त्यसैले उसलाई 'सत्यम् शिवम् सुन्दरम्' पनि भनिन्छ । उसको मत अनुसार हिड्यो भने मनुष्य पनि लक्ष्मीनारायण जत्तिकै सुन्दर बनिदिन्छ । देवीदेवताको सुन्दरतासँग कसैको तुलना हुन सक्दैन । त्यसैले मन, बचन र कर्मले परमात्माको स्मृतिमा रहनु आज हरेक मनुष्य कर्तव्य हो । जो मनुष्य परमात्माको दिव्य नाम, दिव्य रुप, दिव्य धाम तथा कर्तव्यसँग परिचित छ र आफ्नो कर्म गरेर पनि प्रभुस्मृतिमा रहन्छ उ नैं वास्तवमा कर्मयोगी हो ।[१२९] यसरी याद गर्दा जसरी कछुवाले कर्मेन्द्रियलाई समेटेर बसेको हुन्छ त्यसरी नैं मनुष्यले पनि आफ्नो कर्मेन्द्रियलाई समेट्नु पर्दछ, अर्थात शरीरद्वारा कुनै कर्म नगरेको स्थितिमा आफूलाई शरीरबाट अलग एक आत्मा मानेर स्वतन्त्र अवस्थामा बस्नु पर्दछ । यस्तो बेलामा पनि मनलाई समेट्नु पर्दछ ।

तर परमात्मालाई स्मृतिमा राख्ने कसरी ? शरीरबाट स्वतन्त्र आत्मालाई निश्चय गरेर परमात्माको याद गर्दा उ जो हो, जस्तो छ, जहाँ छ र उसको मनुष्यसँग कस्तो सम्वन्ध छ त्यो सबै स्मृतिमा आउँछ र उसलाई यो संकल्प हुन्छ कि ऊ ज्योतिबिन्दु परमात्मा शिवको स्मरणमा बसिरहेको छ । प्रेमपूर्वक ज्ञानसहितको परमात्मा स्मृतिले मन

---

[१२९] ईश्वरीय ज्ञान का...., *पूर्ववत्* , पादटिप्पणी नं. ७, पृ. १६५ ।

आनन्दित हुन्छ र स्वयं आफूलाई शरीरबाट स्वतन्त्र र हल्का महसुस गर्दछ । योगको यस अवस्थामा उसलाई यस्तो अनुभव हुन्छ कि प्रकाश र शक्ति (Light and Might) को फोहरामा ऊ नुहाइरहेको छ । यसबाट उसलाई शक्ति प्राप्त हुन्छ ।[१३०]

राजयोगको अभ्यास गर्ने क्रममा परमात्माको स्मृतिमा रहँदा शुरुमा मन स्थिर हुन सक्दैन । किनकि जन्म जन्मान्तरको कारण मन भड्किएको र निरङकुश भएको छ । तर पनि एवं रीतबाट अभ्यास गर्दै गएमा अशुद्ध संकल्प वा विचारहरु सवै हटेर जान्छ र शुद्ध संकल्प र विचारहरुको विकास हुन्छ । तर यसको पनि केही शर्त छ । जसले यो शर्त पालन गर्दैन उसलाई सच्चा सुख, परमात्मा मिलनको आनन्द र पवित्र जीवनको फल शान्ति मिल्दैन । यसको पहिलो शर्त हो 'ब्रह्मचर्य' । काम मनुष्यको महावैरी हो भने योगीको परम शत्रु । काम विकार 'नरकको द्वार' हो । यो यस्तो विष हो जसले योगीको जीवनलाई विषाक्त वा अपवित्र बनाइदिन्छ । त्यसैले परमात्मा शिवले भनेका छन्-

> "म मनुष्यलाई यस कलियुगरुपी वेश्यालयबाट उद्धार गरेर सतयुगरुपी शिवालयमा लैजानको लागि आएको हुँ । यस महाविनाशको समयमा मेरो आज्ञा यो छ कि अव काम विकार बन्द गर । 'ब्रह्मचर्य' बिना मनुष्यले अर्को विकारमाथि विजय प्राप्त गर्ने शक्ति प्राप्त गर्न सक्दैन ।[१३१]

'ब्रह्मचार्य' पालनपछि आहारको सात्विकता पनि योगीको निम्ति आवश्यक छ । अन्नको मनमा स्वतः पर्दछ र भनिन्छ 'जस्तो अन्न उस्तै मन, जस्तो पानी उस्तै वाणी' । जब मनुष्य आफू देवता बन्नको लागि पुरुषार्थ (योग) गर्दछ भने आहार पनि पूर्णरुपमा शुद्ध हुनु पर्दछ । त्यसको निम्ति तामसिक खाद्य पदार्थलाई त त्याग्नु पर्दछ नै खराव, अज्ञानी र योगयुक्त नभएको व्यक्तिले बनाएको खाना पनि खान हुँदैन । शुद्ध आहारले मात्र मनुष्यको मानसिक अवस्था र आत्मिक स्थितिलाई शक्तिशाली, शान्त र मधुर बनाउँछ ।[१३२]

योगमा स्थिरता र प्रगति गर्नको लागि प्रतिदिन ज्ञान-स्नान गर्नु आवश्यक छ । जसरी बत्ती बल्नको निम्ति दारको अतिरिक्त तेलको पनि आवश्यक पर्दछ त्यस्तै योगमा स्थिर भएर बस्नको लागि ज्ञानरुपी तेलको आवश्यक छ । यसको निम्ति विहानै अमृत बेलामा ईश्वरीय ज्ञान लिनु पर्दछ । ज्ञानद्वारा नै आफूभित्रको शंका उपशंका सबै हटेर सफा हुन्छ, जसले आत्मालाई दृढ र बलियो बनाई खराब तत्वसँग लड्न उर्जा प्रदान गर्दछ । योगमा निरन्तर रहनको लागि संगत पनि राम्रो हुनु पर्दछ । ज्ञानको चर्चा गर्ने, योग

---

[१३०] ब्र.कु.अप्सरा, *पूर्ववत्* , पादटिप्पणी नं. १ ।

[१३१] ईश्वरीय ज्ञान का ..., *पूर्ववत्* , पादटिप्पणी नं. ७, पृ. १७० ।

[१३२] ब्र.कु.अप्सरा, *पूर्ववत्* , पादटिप्पणी नं. १ ।

अभ्यासमा रूचि राख्ने, ईश्वरप्रेमी र सात्विक गुणसम्पन्न व्यक्तिहरुसँगको संगतले पनि योगाभ्यासमा निश्चिन्त रहन मद्दत गर्दछ । त्यस्तै हरेक घण्टा वा दुइ घण्टामा एकपटक परमात्माको स्मृतिमा स्थिर हुने अभ्यास, पवित्रता र दिव्य गुण जस्तै अन्तर्मुखता, सन्तोष, मधुरता, सरलता, नम्रता, सहनशीलता आदि गुणको धारणा गर्नु आवश्यक छ, जसले मनुष्यलाई एक महान योगी र जीवनलाई एक हीरा जस्तै ज्वाजल्यमान बनाइदिन्छ । यसरी योग गर्दा आफूलाई जसरी सजिलो हुन्छ त्यही आसनमा बस्दा हुन्छ तर प्रेमपूर्वक, निष्ठापूर्वक र सरलतापूर्वक । यसरी बस्दा आँखा खुलै राख्दा राम्रो हुन्छ ।

> हिड्दाडुल्दा वा कर्म गर्दा पनि ईश्वरीय स्मृति अभ्यास गर्न सकिने भएकोले योगको नाम 'कर्मयोग' हो । आत्मा, परमात्मा तथा सृष्टि चक्रको आदि-मध्य र अन्त्यको बारेमा ज्ञान हुने हुनाले 'ज्ञानयोग', बुद्धिद्वारा परमात्मामा स्थिर हुन सकिने भएकोले 'बुद्धियोग', स्वर्गको दैवी स्वराज्य पद पाउने भएकोले 'राजयोग', सरलतापूर्वक गर्न सकिने भएकोले 'सहजयोग' र आसन, प्राणायाम हठक्रिया आदिको आवश्यकता नहुने भएकोले यस योगलाई 'सन्यासयोग' पनि भनिन्छ ।[१३३]

राजयोग गर्नको लागि घर व्यवहार त्यागी सन्यासी भएर जंगल जानु पर्दैन । कर्म सन्यासी केवल स्थुल घरबारबाट मात्र सन्यास लिन्छ तर राजयोगले घर व्यवहारमा रहेर पनि मनले विकार माथि विजय प्राप्त गर्न मद्दत गर्दछ । कर्म सन्यासीहरु स्वयं आफूलाई 'शिव' ठानेर ब्रह्मत्वसँग योग लगाउने गर्दछ । यसले गर्दा उनीहरुको विकर्म दग्ध हुँदैन र फेरि यस लोकमा जन्मेर कर्मको फल भोग्नु पर्दछ तर राजयोगमा शिवसँग यथार्थ योग लगाइन्छ । परिणामस्वरुप कल्पमा केवल एकपटक यही अन्तिम जन्ममा फल भोगिसके पछि २१ जन्मको लागि स्वर्गीय आनन्द मिल्दछ त्यसैले जीवन मुक्ति मिल्दछ ।

त्यस बाहेक यस ईश्वरीय विश्व विद्यालयले अन्य कार्यक्रमहरु पनि सञ्चालन गर्ने गर्दछ । जस्तै-

**अ) प्रारम्भिक कार्यक्रम**

क) आध्यात्मिक चित्रहरुको प्रदर्शनी ।

ख) त्रिदिवसीय राजयोग शिविर ।

ग) ज्ञान योग शान्ति साप्ताहिक पाठ्यक्रम प्रशिक्षण ।

घ) राजयोगको अभ्यास ।

ङ) संग्रहालयको माध्यमबाट आगन्तुकहरुलाई दैनिक रुपमा आध्यात्मिक ज्ञानको सन्देश ।

---

[१३३] ईश्वरीय ज्ञान का..., *पूर्ववत्*, पादटिप्पणी नं. ७, पृ. १७४ ।

च) आध्यात्मिक एवं नैतिक जनजागृतिका लागि धुम्रपान, मद्यपान तथा लागूपदार्थ मुक्ति, वातावरण जागृति, ग्रामीण विकास सुस्वास्थ्य, नैतिक शिक्षा, समाज कल्याण, युवा तथा महिला सशक्तिकरण लगायतका विभिन्न चित्र प्रदर्शनी ।

छ) स्वप्रवन्धन नेतृत्व कला, तनाव व्यवस्थापन, सकारात्मक चिन्तन सम्वन्धी कार्यशाला गोष्ठीहरु ।

ज) विभिन्न वर्ग व्यवसायीहरुका लागि समय प्रतिसमय सम्वाद, गोष्ठी, अन्तरक्रिया, स्नेह मिलन आदि कार्यक्रमको आयोजना ।

झ) विभिन्न चेतनामूलक आध्यात्मिक कार्यक्रम ।[१३४]

**आ) विशिष्ठ कार्यक्रम**

क) दैनिक आध्यात्मिक कक्षा सञ्चालन

ख) एक महिनासम्म गहन प्रशिक्षण

ग) छ महिनासम्म ईश्वरीय ज्ञान र योगाभ्यास

घ) एक वर्ष सम्म कर्मयोगको आध्यात्मिक शिक्षा एवं योगाभ्यास

ङ) जीवन पर्यन्त शिक्षा, योग, धारणा, सेवाको पुरुषार्थ जस्ता विषयहरुमा केन्द्रित रहेर मानव जीवनलाई सार्थक मार्गमा डोऱ्याउनमा सक्रिय भूमिका खेल्नु आदि ।[१३५]

राजयोग मानिसको जीवनमा एउटा महत्वपूर्ण पक्ष हो । योगले हजारौं वर्षदेखि मानव जीवनमा महत्वपूर्ण भूमिका खेलेको छ । पहिला पहिला केवल सन्यासीहरुले मात्र योग गर्नुपर्छ भनेर भनिन्थ्यो तर आज गृहस्थ जीवनमा रहेर पनि योग गर्न सकिन्छ भन्ने भावनाको विकास भएको छ । आफूलाई सजिलो आसनमा बसेर आँखा खुलै राखेर पनि आफ्नो आत्मालाई परमात्मासँग जोडेर ध्यानमा रहनु नै राजयोग हो । यसको नियमित अभ्यासले जीवनलाई सहज तुल्याउन मद्दत गर्दछ । राजयोगबाट ईश्वरलाई प्राप्त गर्न सकिन्छ । राजयोगलाई कर्मयोग, ज्ञानयोग, बुद्धियोग र सन्यास योग पनि भनिन्छ भन्ने कुरा सातौं दिनको कोर्षको निचोड रहेको छ ।

---

[१३४] *प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय,* ब्रोसर ।

[१३५] *ऐजन ।*

# अध्याय - छ

## प्रजापिता बह्माकुमारी ईश्वरीय विश्व विद्यालयका अवधारणाहरू

विश्वमा भैरहेका खोज तथा अनुसन्धानबाट विभिन्न किसिमका नयाँ नयाँ विचार तथा अवधारणाहरु दिन प्रतिदिन सिर्जना भैरहेका छन् । विविध मतमतान्तरको आधारमा नै मानव जीवन अघि बढिरहेको छं । वर्तमान २१औं शताब्दीमा आइपुग्दा मानव विज्ञान तथा भौतिक विकासको क्षेत्रको चरम सीमामा पुगिसकेको छ । भौतिक रूपमा कुनै पनि क्षेत्रमा मानिसले अभाव भएको महसुस गरेका छैनन् । तर गहिराइमा पुगेर हेर्‍यो भने कताकता मानवहरु शुन्यमा हराइरहेका पाउन सकिन्छ ।

जीवनलाई चलाउने क्रममा मनुष्यले विभिन्न दार्शनिक, महात्मा एवं विशिष्ट व्यक्तिहरुको जीवन पढेर वा हेरेर आफूलाई पनि त्यस्तै हुने प्रयास गरेका हुन्छन् । तर पनि कहीं न कहीं, कुनै न कुनै ठाउँमा अड्किरहेका हुन्छन् । गगन चुम्ने सपना बोकेर आफ्नो लक्ष्यमा लम्केका मनुष्यको पाइला किन बीच बाटोमा नैं अल्मलिइरहेका छन् त ? यसै सन्दर्भमा ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयका अनुसार जीवनलाई निम्न विचारको आधारमा चलाएका छन् । जसलाई मत वा अवधारणा पनि भनिन्छ । यसलाई यसरी पनि विश्लेषण गर्न सकिन्छ ।

### ६.१ मनमत

आफ्नो मनमा जस्तो संकल्प आयो त्यही अनुसार चल्नुलाई मनमत भनिन्छ ।[१३६] हुन त आजको यस समयमा आफूले चाहेको गर्न नपाउनु अवश्य पनि जायज होइन तर पनि जीवन यात्राको क्रममा सधैं आफ्नो विचारमा मात्र चल्दा कहीं न कहीं सफलताबाट टाढा हुन पुगिन्छ । आन्तरिक सौन्दर्यताबाट टाढा र बाह्य आकर्षणमा प्रभावित भएका अहिलेका मानवहरुको मन पंक्षी समान यत्रतत्र भौंतारिएको वा उडिरहेको छ । जसले गर्दा नचाहँदा नचाहँदै पनि मानिसबाट गल्तीहरु हुन पुगेका छन् । मान्छेले सकेसम्म अरुको सल्लाह र सुझावलाई अनुसरण गर्न खोज्दैन र आफ्नो पुरानो स्वभाव वा संस्कारलाई पनि परिवर्तन गर्दैन । जसले गर्दा मन सन्तुष्ट हुन सक्दैन । त्यसैले स्वार्थी र व्यक्तिकेन्द्रित विचार वा मनमतमा चल्दा हाम्रो जीवन पूर्ण, योग्य तथा गुणवान बन्न सक्दैन । बृहद कल्याणको

---

[१३६] ब्र.कु. रमा, *मत वा विचार,* भैरहवाः ईश्वरीय उपहार, वर्ष ७, अंक ३, ब्र.कु ई.वि.वि, २०६५, पृ. ११ ।

भावनारहित श्रीमत अनुरुप नभएका तर आफ्नै मनबाट निस्केका विचारहरु अनुरुप चल्नु नैं मनमतमा चल्नु हो ।[१३७]

## ६.२ परमत

जुन मत वा विचार ईश्वरीय मतसँग मेल खाँदैन, नैतिक मूल्ययुक्त, यथार्थ र सद्विवेकयुक्त हुँदैन त्यसलाई परमत भनिन्छ । यो अप्राकृत रुपमा आएको र सीमित व्यक्तिको स्वार्थसँग जोडिएको वा कालान्तरमा नोक्सान पुऱ्याउने खालको विचार हो । अरुले दिएको वा भनेकै विचारको आधारमा चल्ने प्रवृत्तिलाई विवेकको कसीमा नराखी वा श्रीमतसँग नदाँजी कर्म गर्नु नैं परमतमा चल्नु हो ।[१३८] हुन त हामी आफैं पूर्ण नहुनुको कारणले गर्दा मान्यजन, अनुभवी तथा ठूलाबडा व्यक्तित्वहरुको सुझावअनुसार चल्नु पर्दछ । तर त्यसक्रममा श्रीमतको ख्याल नराखी आफ्नो विवेकले नछुट्ट्याउँदा वा निर्णय नगर्दा कहिलेकाहीं दुःखको परिणाम पनि भोग्नु पर्ने हुन्छ । त्यसलाई एकप्रकारको भूल वा परमतको प्रभाव भनिन्छ । यस्तो परमतको प्रभावले गल्तीहरु हुन्छ र पछि गएर पश्चतापको भागीदार बनाउँछ । किनकि अहिलेको तनावपूर्ण समाजमा मान्छेहरु विभिन्न बिकारहरुको जालमा फसिरहेका छन् र कोही पनि आफैंमा पूर्ण र सन्तुष्ट छैनन् । आफैं अपूर्ण आत्माले अरुलाई कसरी सत्मार्गको बाटोमा हिडाउँन सक्छ ?

## ६.३ श्रीमत

श्रीमत भन्नाले श्रेष्ठ वा पवित्र विचार वा शिक्षालाई बुझिन्छ । यो मतले देवात्मा, धर्मात्मा, महात्मा, पापात्मा आदि आत्मा सबैको कल्याण गर्न सहयोग पुऱ्याउँछ । वास्तवमा श्रीमतको श्रोत परमात्मा शिव हुनुहुन्छ ।[१३९] अतः परमात्मा नै ईश्वर भएको हुँदा वहाँको मतलाई ईश्वरीय मत पनि भनिन्छ । ईश्वरीय मतको अलावा आफ्नो व्यक्तिगत मत ( मनमत) र मानवमत (परमत)ले कहिलेकहीं असफलताको श्रेणीमा पुऱ्याउन सक्न सक्छ । त्यसैले आफूलाई चिनेर अघि बढ्न र जीवनलाई पवित्र बनाउन मार्ग निर्देशकको भूमिका खेल्ने विचारलाई श्रीमत वा महान मत वा श्रेष्ठ मत भनिन्छ ।[१४०] साथै आजको यस अज्ञान र अन्धकारयुक्त संसारमा हामी दुःखको पिंजडामा परेका मनुष्यात्माहरुले मनमत र

---

[१३७] *ऐजन ।*

[१३८] *ऐजन ।*

[१३९] *ऐजन ।*

[१४०] *ब्र.कु. शिशिरसँग* मिति २०६५।४।२० गते पार्दीमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

परमतलाई छोडेर यथार्थ ईश्वरीय मतमा चल्ने हों भने जीवनमा सुख, शान्ति आनन्दरुपी सफलता प्राप्त हुन्छ ।

निष्कर्षमा भन्दा श्रीमतका रचयिता स्वयं परमात्माले मनुष्यहरुलाई आत्मदर्शन, परमात्मा शक्तिको अनुभूति र समय चक्रको बोध तथा मानव जीवनको उत्कृष्ट लक्ष्य आदि विषयलाई बोध गराउँछन् । जुन आजसम्म कसैबाट सम्पन्न हुन सकेको छैन । त्यसैले मनुष्य जीवनमा सम्पूर्ण सफलताको साथै वास्तविक शान्ति, यथार्थ हृदयको आनन्द, दीर्घकालीन खुशी र कार्यव्यवहारमा सफलता ल्याउनको लागि मनुष्यले सदैव श्रीमतको मार्गलाई आत्मसात गर्नुपर्दछ । यही नै यस प्रजापिता ईश्वरीय विश्व विद्यालयको अवधारणा हो । यसका साथै अन्य अवधारणाहरुमा निर्विकारी पवित्र जीवन, अहिंसा, नियमित आध्यात्मिक पढाई, शुद्ध शाकाहारी भोजन, दुर्व्यसन रहित जीवन, ब्रह्मचार्य ब्रत, नैतिक एवं दिव्य मूल्यहरुको धारणा, स्वावलम्बी ब्रह्मा मुहुर्तमा जागरण र समभाव आदि रहेका छन् ।

## ६.४ परमात्माको परिचय

परमात्मा अर्थात परम+आत्मा वा सम्पूर्ण आत्माहरूको आत्मा । उहाँ सम्पूर्ण धर्म संस्थापकहरु र हामी सवै आत्मा हरुको पनि पिता हुन् । जन्म मरणबाट स्वतन्त्र, सदा पवित्र पावन, अजन्मा, अकर्ता, अभोक्ता उनी बिन्दु रुप, ज्योति स्वरुप, निराकार रूपमा परमधाम बस्छन् । मनुष्यले परमात्मालाई सर्वव्यापी अर्थात कछुवा, माछा, सर्प, विच्छु, कुकुर, विरालो, कंकड, पत्थर आदि हरेक वस्तुमा छ भनेर मान्दछ तर यो मनुष्यको अज्ञानता हो ।[१४१] मनुष्य आत्माहरु परमात्माका अंश हैन, वंश हुन् । यसकारण भागवत् गीतामा भनिएको छ कि जब सम्म मैले स्वयं आफ्नो परिचय दिदैन तबसम्म मान्छेहरुले मलाई चिन्न सक्दैनन् र मैले आफ्नो परिचय दिए पनि बिरलै व्यक्तिहरुले मात्र मलाई चिन्नेछन् ।[१४२] परमात्माको आत्माहरुको जस्तो आफ्नो शरीर हुँदैन । उनी धर्मको अति अपमान भएको अवस्थामा दिव्य अलौकिक अवतरण गर्दछन् । उनी सम्पूर्ण सृष्टि चक्रको ज्ञाता पनि हुन् । उनको नाम शिव हो । उनले हामी आत्माहरु झैं देह धारण गर्दैनन् अतः उनलाई सदाशिव पनि भनिन्छ । उनको कुनै बाबा आमा पनि हुँदैनन् । उनी स्वयं प्रकट हुने हुनाले उनलाई 'स्वयंभू' वा 'शम्भू' पनि भनेर बोलाइन्छ ।[१४३]

---

[१४१] ब्र.कु.रामनिवास, *परमात्मा सर्वत्र और सर्वशक्तिमान हैं, सर्वव्यापी नहीं, वे परमधामा निवासी हैं,* राजस्थानः ज्ञानामृत, वर्ष ४३, अंक १२, प्र.ब्र.कु.ई.वि.वि., सन् २००८, पृ.१५ ।

[१४२] *ऐजन ।*

[१४३] *ऐजन ।*

## ६.५ परमात्माको अवतरण किन र कहिले ?

मनुष्य मरणशील प्राणी हो । उसले हरेक कुरा माथि कुनै न कुनै रुपले चिन्तन, मनन गर्दछ । उसले हरेक कुरालाई यत्तिकै नमानी केही सोचविचार पनि गर्दछ । उसको यसै स्वभावअनुसार परमात्माको बारेमा पनि केही कुरा सोच्ने गरेका छन् ।

सत्य युगको आरम्भबाट लिएर कलियुगको अन्त्यसम्म जुन सृष्टिचक्र चल्दछ । हरेक सृष्टिमा मानव आत्माहरुमा बिस्तारै बिस्तारै गिरावट आउने गर्दछ । आजको युगलाई कलियुग मानिएको छ । आध्यात्मिक दृष्टिकोणबाट हेर्दा हरेक युगमा पहिलो युगको तुलनामा धर्म र नैतिकतामा ह्रास हुँदै आएका छन् । आज विज्ञानको जति विकास भएको छ मनुष्यको चरित्रमा पनि उस्तै ह्रास आएको छ । अधर्मी क्रियाकलापहरु बढिरहेका छन् । मानवहरू सत्य युगबाट जन्म पुनर्जन्म लिंदा लिंदा कलियुगमा मनुष्य आत्मा देहाभिमानी र विकारी भएका छन् ।[१४४] कोही पनि मान्छे चाहे साधु वा सन्त नैं किन नहोस् काम, क्रोध, लोभ, मोह आदि विकारबाट मुक्त भएका छैनन् । त्यसैले वर्तमान युगमा मानिसमा आसुरी प्रवृत्ति हावी भएको छ । इर्ष्या, द्वेष, हिंसा, मतभेद, षडयन्त्र, स्वार्थी, अत्याचार, दुराचार र कुटिलताको दुष्चक्रमा मनुष्य बाँचेको छ । आजको यस्तो अराजक स्थितिलाई देखेर मान्छेहरु दुःखी र निराश भएका छन् । सबैले फेरि सद्व्यवहार, स्नेह, सतोगुण, सहानुभूति, सदाचार र सत्धर्मको पुनर्स्थापना गर्न चाहेका छन् । तर आजको दुःखी तथा अशाान्त तमोगुणी संसारलाई नाश गरेर सतोगुणी संसारको निर्माण कसले सक्छ त ? संसारको यिनै दुःखको मुक्तिको निम्ति भनेर बुद्ध, क्राइष्ट, महावीर, मुहम्मद आदिले कोशिस गरे तर कालान्तरमा त्यो केवल एउटा धर्म वा सम्प्रदायको मात्र पेवा बन्यो तर समस्याको समाधान भएन । त्यसकारण यस महान कार्यको निम्ति परमात्माको अवतरण नैं एक मात्र विकल्प हो ।

परमात्मा यस्तो व्यक्ति जो घर गृहस्थी भएर पनि परमात्माको आज्ञा मानेर ब्रह्मचर्य ब्रतको पालन गरेर ईश्वरको सेवामा समर्पित भएका छन्, जो सत्य युगको आरम्भमा श्री नारायणको रुपमा राज्य र भाग्य भोगे र २१ जन्म सतयुग र त्रेता युगमा देवी सम्प्रदायमा राजा, रानी अथवा प्रजाको रुपमा पूर्ण सुख शान्ति भोगे र द्वापरयुग तथा कलियुगमा कूल ६३ जन्म शिरोमणि भक्त राजा अथवा पूजक प्रजाको रुपमा भोग गरेका मनुष्यको अन्तिम अर्थात ८४ जन्मको अन्त्यमा परकाया प्रवेश गर्नुहुन्छ ।[१४५] जसलाई प्रजापिता ब्रह्मा भनेर चिनिन्छ । परमात्मा यस संसारमा अवतरित भएर यस्तो ज्ञान दिनुहुन्छ कि मनुष्यले आफ्नो

---

[१४४] ब्र.कु. जगदीशचन्द्र, *परमात्माका अवतरण कब, क्यों और कैसे ?,* राजस्थानः प्र.ब्र.कु.ई.वि.वि., मिति उल्लेख नभएको, पृ.२५ ।

[१४५] *ऐजन,* पृ.७९ ।

प्रवृत्ति सुधारोस् वा गृहस्थी जीवनमा रहेर पनि काम, क्रोध, लोभ, मोह जस्ता आदि विकार त्यागेर मनसा, वाचा, कर्मणा र निर्विकारी बनोस् ।[१४६] परमात्माको कुनै लौकिक बाबा आमा हुँदैन । ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयका अनुसार आज भन्दा ७२ वर्ष अघि नै यस लोकमा दादा लेखराजको तनमा परमात्माको अवतरण भैसकेको छ । त्यसकारण उनलाई 'प्रजापिता ब्रह्मा' पनि भनिन्छ । उनले दिएको ईश्वरीय ज्ञानको प्रसार हेतु यस विद्यालयको स्थापना भएको हो ।

## ६.६ के परमात्माले कुनै चमत्कार देखाउन सक्छ ?

परमात्माले दिव्य जन्म लिए पनि देह अभिमानी भएको कारणले मान्छेले त्यसलाई चिन्न सक्दैनन् । मानिसहरु प्रश्न गर्दछन् कि- हामीले परमात्माको अवतरण भएको छ भनेर कसरी विश्वास गर्ने ? परमात्मा सर्वशक्तिमान भएकोले परकाया प्रवेश गरेपछि किन कुनै चमत्कारिक कार्य गर्दैनन् ? तर के चमत्कार देखाउन जरुरी छ ? ध्यान दिनु पर्ने कुरा यो छ कि परमात्मालाई किन करिश्मा वा करामत देखाउनु पऱ्यो ? कुनै ऋषि मुनी वा हठयोगीहरु जसले आफूले पाएको विद्यालाई दुरुपयोग गरेर कुनै न कुनै करामत देखाएर त्यसको ख्यातिबाट यश तथा जस प्राप्त गर्ने इच्छा राखेका हुन्छन् र त्यसलाई जीविकाको माध्यम बनाएका हुन्छन तर परमात्मालाई त्यसो गर्नु किन पऱ्यो र ? वास्तवमा कुनै रोगीलाई उपचार गर्ने कार्य त डाक्टरले पनिं गरेको हुन्छ र कसैको मनको कुरा त टेलीप्याथी जान्ने व्यक्तिले पनि थाह पाउन सक्छ । परमात्माको गति, मति र कार्यप्रणाली पनि केवल उसैले जान्दछ । मनुष्य त केवल आफ्नो मिथ्या ज्ञानलाई ज्ञान मानेर आफ्नो बुद्धिलाई श्रेष्ठ ठानेर परमात्माको परीक्षा लिने दुस्साहस गर्दछ ।

तर परमात्मा यस सृष्टिमा न त मरेको माखाको खुट्टा जोड्न आउने गर्दछ न त एक दुई रोगीहरुलाई अल्पकालको लागि निको पार्न नै आउने हुन् । उनी त चीरकालसम्म वा जन्म जन्मान्तरसम्म मानिसलाई निरोगी बनाउन आउने गर्दछ ताकि कहिल्यै पनि कसैको खुट्टा नभाँचियोस् वा अकालमा मर्न नपरोस् र सम्पूर्ण सृष्टिमा सुख शान्ति फैलियोस् । रोग वा दुर्घटनाको कारण मात्र हैन त्यसबाट बच्ने उपाय पनि उनले हामीलाई बताउँछ । काम, क्रोध, लोभ, मोह, अहंकार र आलस्य जुन अल्पबुद्धि, तथा विकारी मनोवृत्तिको उपज हो र मानवको शत्रु पनि हो त्यस्त विकारलाई परमात्माले ज्ञान तथा योग बलद्वारा नामेट पारेर फेरि जीवनमा नयाँ बहार ल्याइदिन्छ र आध्यात्मिक पुरुषार्थको मार्गमा टुटेको खुट्टालाई ज्ञान तथा योगको बलले जोडी दिन्छ । कुनै इहलौकिक ज्योतिले संसार झलमल्ल

[१४६] *ऐजन ।*

गर्ने नभै मनुष्यलाई ज्ञान प्रकाश दिएर सम्पूर्ण तमोगुण वा अज्ञान अन्धकारको स्थानमा उज्यालो प्रकाश फैलाउन गर्दछ ।[१४७] यसकारण कलियुग रुपी 'ब्रह्मा रात्री'को अन्त्य गरेर सत्ययुगरुपी 'ब्रह्मा दिन' ल्याउनमा योगदान दिने गर्दछ ।[१४८] मनुष्यसँग स्थुल बुद्धि वा लौकिक बुद्धि हुनाको कारणले परमात्मालाई पनि त्यही तरीकाले जान्न र चिन्न खोज्दछ जुन वास्तवमा गलत हो ।

---

[१४७] *ऐजन,* पृ. ६१ ।

[१४८] *ऐजन,* पृ. ६३ ।

# अध्याय - सात

# प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको दैनिक क्रियाकलापहरु तथा हिन्दू चाडपर्वप्रतिको धारणा

## ७.१ प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको दैनिक क्रियाकलापहरु

झट्ट सुन्दा ईश्वरीय विद्यालय भन्नेवित्तिकै यहाँ पहिला त ईश्वरकै पूजाआजा गरिन्छ होला भनेर हामी अनुमान गर्दछौं । तर अचम्म लाग्दो कुरा के छ भने यहाँ विहानीमा अन्य मन्दिरहरुमा झैं शंख, घण्ट बजाएर, धुपधुवाँर गरेर, ठूलाठूला स्वरमा भजन गाएर पूजा गरिदैन । नत यहाँ कुनै पशुको बलि नै दिइन्छ । बरू यहाँ त शुरुमैं शान्तमय वातावरणमा ध्यान मुद्रामा बसी शिवबाबाको स्मरण गरिन्छ जसलाई राजयोग पनि भनिन्छ र त्यसपछि उनीहरुको हरेक दिनको कोर्ष हुन्छ त्यही पढाइन्छ । यसलाई मुरली कक्षा पनि भनिन्छ । मुरली भन्नुको अर्थ भगवान श्रीकृष्णले वृन्दावनमा जुन बाँसुरी बजाउनु भएको थियो त्यो वास्तवमा ज्ञानको वाँसुरी थियो र यो बाँसुरीको धुन सुनेर त्यतिवेला उनका भक्तहरु वरिपरि झुम्मिने गरेका थिए ।[१४९] त्यस बाहेक समय अनुसार विभिन्न कार्यक्रमहरु यस विद्यालय (सेवाकेन्द्र)मा संचालित हुन्छन् ।

### ७.१.१ राजयोग

केही वर्ष अगाडिसम्म यस्तो धारणा थियो कि यो मात्र योग भनेका योगी, सन्यासी वा त्यागीहरुले मात्र गर्ने कुरा हो । साधना भन्ने कुरा गृहस्थ, सांसारिक व्यक्तिहरुको लागि आदरसूचक शब्द मात्र थियो । योगसँग कुनै प्रत्यक्ष परिचय थिएन । तर आज योग कुनै विलासिताको वस्तु नभइकन आवश्यकता भएको छ जसरी हामीलाई भोजनको आवश्यकता छ ।

---

[१४९] *ब्र.कु.अप्सरासँग* मिति २०६५।२।२३ गते पार्दीमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

विज्ञान र प्रविधिको तीब्र विकासले अहिले मानवसँग पूर्ण सुखसुविधाका साधनहरु हुँदाहुँदै पनि मान्छेहरू कताकता केही नभएको जस्तो अवस्थामा रहेका छन् । तर मनुष्यलाई कुनै यस्तो चिजको खाँचो परेको छ जसले उसको आत्मालाई शान्ति देओस् । मानिसले आफ्नो जीवनलाई सुव्यवस्थित ढङ्गले चलाउनको लागि विभिन्न मार्गहरु अपनाउने गरेका छन्‌ । राजयोग नै यस्तो विधि हो जसबाट आत्मिक दृष्टिको विकास हुन्छ र आफ्नो वास्तविकताबाट परिचित हुन्छ । इन्द्रिय सुख र अतिन्द्रिय सुखको अन्तर स्पष्ट हुन्छ । राजयोगले मनोविकारमाथि विजय प्राप्त गर्न मद्दत पुर्‍याउनुका साथै सुखदुःखमा सन्तुलन मिलाउँछ ।[१५०] राजयोग एक शिक्षा पनि हो । जीवनको यस विद्यालयका विद्यार्थीलाई क्षणिक सुखार्थी बनाउनुको साटो बडो लगनसँग एकाग्रता र संयमपूर्वक भविष्य उज्वल बनाउनको निम्ति आधारशीला निर्माण गर्न सहयोग पुर्‍याउँछ ।[१५१] त्यसैले आजभोलि प्रायः मानिसहरु योग, ध्यान तथा साधनातर्फ आकर्षित भइरहेका छन् ।

योग शब्दको प्रचलन सनातन संस्कृतिको प्राचीनकालदेखि नै चलिआएको पाइन्छ । योग एउटा यस्तो प्रविधि हो, जसको माध्यमले अति विकराल समस्याहरु पनि सजिलै हल गर्न सकिन्छ । योगले मानसिक विमारी तथा मानसिक तनावलाई पनि शान्त स्थितिमा बदल्न सक्दछ । यो विद्या हजारौं वर्षदेखि प्रयोग गरिदै आएको र मानव जीवनमा अति प्रभावकारी सिद्ध भैसकेको विद्या हो ।[१५२] राजयोगबाट मानिसको दृष्टि परिवर्तन भै सकारात्मक चिन्तनमा सहयोग मिल्दछ । योगकै माध्यमबाट धर्तीमा भातृत्व भावको सृजना हुन्छ । व्यर्थ चिन्तन र विभिन्न मानसिक रोग र मनभित्रको अशान्तिलाई समाप्त पारी जीवनलाई आनन्दित तुल्याउने अति स्वच्छ विचारको उद्‌भव हुन्छ । साधारण अर्थमा योग भनेको जोड हो । आत्माको सुक्ष्म शक्ति संकल्प शक्तिको माध्यमद्वारा परमात्मासँग जोड्नु नैं योग हो ।[१५३] योगका प्रकारहरु विविध हुन्छन् । यस विद्यालयमा चाहिं राजयोगको अभ्यास गराइन्छ ।

राजयोगको ध्यान मुद्रामा बस्दा सर्वप्रथम शरीरलाई हल्का छोडी दिनुपर्दछ । हठ योगमा शरीरलाई बढी तन्काइन्छ तर राजयोगमा त्यसो गर्नु पर्दैन । त्यसो गर्दा स्वभाविकता र सहजता आउँदैन । इच्छाधीन मांसपेशीहरु हात खुट्टा, घाँटी, ढाडका मांसपेशीहरुलाई हल्का छोड्दा आरामको स्थितिमा रहन पुग्दछन् । सासलाई रोक्ने हैन बरु हल्का, स्वाभाविक

---

[१५०] ब्र.कु. सतीश, *सच्चे सुख के तलाश,* राजस्थानः ज्ञानामृत, वर्ष ३७, अंक ३, प्र.ब्र.कु.ई.वि.वि., सन् २००१, पृ.२२ ।

[१५१] *ऐजन ।*

[१५२] *ऐजन ।*

[१५३] *ऐजन ।*

रुपमा चल्न दिनुपर्दछ । आँखालाई खुला राख्नु पर्दछ । मनमनै परमात्मा शिवलाई सम्झनु पर्दछ । मुखबाट आवाज निकाल्न आवश्यक पर्दैन । मनमनै यसरी सोच्नु पर्छ -

'म दुवै भृकुटीको बीचमा अवस्थित एक ज्योति बिन्दु स्वरुप सुक्ष्म आत्मा हुँ । यो शरीर त केवल वस्त्र हो । मेरो वतन मूलथलो परमधाम हो । मेरो निवासधाम पृथ्वी भन्दा धेरै टाढामाथि चन्द्रमा र तारा गण भन्दा पनि माथि सुक्ष्म, ब्रह्मा, विष्णु र शंकरको धाम भन्दा पनि माथि हो । म आत्मा त्यहाँबाट जीवनरुपी ड्रामामा आफ्नो भूमिका निर्वाह गर्न यस पृथ्वीमा आएको हुँ । शुरुमा म आत्मा निर्विकारी थिएँ, निर्मल थिएँ तर देहरुपी वस्त्रधारण गरेर ८४ जन्मको भूमिका निभाउँदा नभाउँदै र इन्द्रियहरुबाट कार्य गराउँदा गराउँदै इन्द्रियजन्य विकारहरुको वशमा परी ज्योतिहीन, तेजहीन, प्रकाशहीन र मलिन बन्न पुगेको हुँ । अहिले शिव बाबाले ब्रह्माबाबाको माध्यमद्वारा ज्ञान दिनु भयो । त्यसले मेरो तेश्रो नेत्र ज्ञान चक्षु, प्रज्ञा चक्षु खुल्यो । अब म बिकार र इन्द्रियहरुको दास हैन बरु इन्द्रियजीत भै त्यस्ता विकारहरुबाट मुक्त हुने प्रयास गर्दैछु । ममा पुनः प्रकाश आउँदैछ । मबाट प्रकाशका किरणहरु निस्कदैछन् । योग भट्टीमा म आत्मामा परेको मैला साफ हुँदै पुनः पहिला जस्तै प्रकाशस्वरुप, ज्योतिस्वरुप तेजोमय बन्दैछु । अलौकिक आनन्दको अनुभूति गर्दैछु । म आत्मादर्शनद्वारा आत्मा परिचय गरिरहेछु । बाबाले दिनुभएको श्रीमत, सच्चा गीताज्ञान दिनहुँको मुरलीमार्फत प्राप्त गरी चिन्तन, मनन र मन्थन गरी ज्ञान सारद्वारा स्वदर्शन चक्र घुमाइ सृष्टिको आदि, मध्य र अन्त्यको ज्ञान प्राप्त गर्दैछु । अब म साधारण आत्मा हैन पाँच हजार वर्ष अघिको जस्तै विशेष ज्ञानवान नर बन्दैछु । बाबा तपाईंलाई धन्यवाद । अव म तन, मन, धन सवै कुरा तपाईमा अर्पण गर्दैछु । आजदेखि मेरा सबै सन्तान तपाईकै हुन् । मेरो जे छ सवै तपाईकै हो । म निमित्तस्वरुप आत्मा भएर बाबाका सन्तानको भरणपोषण लालन पालन गर्नेछु । मेरो सम्पत्ति बाबाको सम्पत्ति भैसकेकोले यसलाई गलत, खराव अनुचित कार्यमा खर्च गर्ने छैन । सदा उचित, उपयोगी कार्यमा लगाउनेछु । बाबा अव म तपाईंको हात र साथ कहिल्यै छोड्ने छैन । म बाबाको श्रीमतबाट ज्ञानरत्न र मुरलीबाट निर्देशन लिई यस जीवनजगतमा आफ्नो भूमिका

निभाउने छु । निमित्त स्वरुप स्मृतिलब्धा बनेर कार्य गर्नेछु । सधैं बाबाको साथमा रहेको अनुभूति गर्नेछु । ओम शान्ति ।'[१५४]

राजयोगका फाइदाहरु यसप्रकार छन् -

क) सुस्वास्थ्य र तनावमुक्त जीवन

ख) सुव्यवस्थित, अनुशासित, विकाररहित, दुर्व्यवसनमुक्त जीवन

ग) पारिवारिक र सामाजिक जीवनमा पवित्रता, सुख, शान्ति र आनन्दको अभिवृद्धि

घ) सवै धर्महरु प्रति सम्मान

ङ) धार्मिक कटुता निवारण, धार्मिक सद्भावना

च) बालक तथा युवामा चरित्र निर्माण ।[१५५]

### ७.१.१.१ सप्तरंगी ध्यान योग

यस ईश्वरीय विश्व विद्यालयमा राजयोगको साथै कहिलेकहीं यस केन्द्रमा सप्तरंगी ध्यान योग शिविरको पनि आयोजना गर्ने गरिन्छ । मानव शरीरमा रङ्गको ठूलो प्रभाव रहेको छ । यस शिविरमा शरीरमा रंगले पार्ने प्रभावको साथै यसलाई कसरी प्राप्त गर्ने र कुन रं रङ्ग कुन वारमा याद गर्दा कस्तो प्रभाव पार्दछ भन्ने कुरामा प्रशिक्षण समेत दिन्छ । सप्त रंगी भन्नाले यहाँ हप्ताको सात दिन भन्ने बुझिन्छ । हप्ताको हरेक बारमा त्यही अनुसारको रंग याद गरेमा शरीरमा सकारात्माक प्रभाव पर्दछ । स्वस्थ्य शरीरमा पर्ने प्रभाव तथा प्रयोग विधी यसप्रकार रहेको छ ।

**आइतवार**

आइतवारको दिन शिव बाबालाई पिताश्रीको रुपमा याद गर्ने । बाबाले हामीलाई रातो रंगको किरणद्वारा शक्ति गुणको बर्षा दिनु हुनेछ । शक्ति गुणले हामी भित्रको भय, त्रास र डर आदि विकारलाई हटाउँछ । शक्ति गुणले सामना गर्ने शक्ति प्राप्त हुन आउँछ । ध्यानकेन्द्रः मुलाधार चक्रमा ध्यान अभ्यास गर्ने । शक्ति किरणका साथ मुलाधार चक्रमा ध्यान लगाउनले साकार शरीरको हड्डी तथा मसल प्रणालीलाई स्वस्थ्य बनाउँछ ।

**सोमबार**

सोमबारको दिन शिव बाबालाई माताश्रीको रुपमा याद गर्ने । माताश्रीको रुपमा बाबाले हामीलाई हरियो रंगको किरणद्वारा प्रेम गुणको बर्षा दिनु हुनेछ । प्रेम गुणले हामी भित्रको मोह विकारलाई हटाउँछ र समानको शक्ति प्राप्त हुन आउँछ ।

---

[१५४] यज्ञमूर्ति अर्याल, *आत्मचिन्तन र ईश्वरीय चिन्तन गर्ने एक प्रारम्भिक नमूना,* भैरहवा: ईश्वरीय उपहार, वर्ष ४, अंक ३, प्र.ब्र.कु.ई.वि.वि., २०६३, पृ.२० ।

[१५५] *ऐजन ।*

ध्यान केन्द्रः अनाहत चक्र (छाती क्षेत्र)मा ध्यान अभ्यास गर्ने । प्रेमको हरियो किरणका साथ अनाहत चक्रमा ध्यान लगाउनले साकार शरीरको रक्त संचार प्रणालीलाई स्वस्थ्य बनाउँछ र मुटु तथा रगत विकार सम्वन्धी रोग निवारण गर्नमा मद्दत गर्दछ ।

**मंगलबार**

मंगलबारको दिन शिव बाबालाई बालकको रुपमा याद गर्ने । बालकको रुपमा बाबाले हामीलाई निलो आस्मानी रंगको किरणद्वारा शान्ति गुणको वर्षा दिनु हुनेछ । शान्ति गुणले हामी भित्रको लोभ विकारलाई हटाउँछ र सहयोगको शक्ति प्राप्त हुन आउँछ ।

ध्यान केन्द्रः विशुद्ध चक्र (घाँटी क्षेत्र) मा ध्यान केन्द्रित गर्न अभ्यास गर्ने । शान्तिको निलो किरणका साथ विशुघ चक्रमा ध्यान लगाउनले साकार शरीरको श्वास प्रश्वास प्रणालीलाई स्वस्थ्य बनाउँछ र श्वास प्रश्वास सम्वन्धी रोगलाई निवारण गर्न मद्दत गर्दछ ।

**बुधवार**

बुधवारको दिन शिव बाबालाई शिक्षकको रुपमा याद गर्ने । शिक्षकको रुपमा बाबाले हामीलाई प्याजी रंगको किरणद्वारा ज्ञान गुणको बर्षा दिनु हुनेछ । ज्ञान गुणले हामी भित्रको रीस क्रोध आदि विकारलाई हटाउँछ परख गर्ने र निर्णय गर्ने शक्ति प्राप्त हुन आउँछ ।

ध्यान केन्द्रः आज्ञा चक्र (भृकुटी)मा ध्यान अभ्यास गर्ने । ज्ञानको प्याजी रंगको किरणका साथ आज्ञा चक्रमा ध्यान लगाउनले साकार शरीरको नशा प्रणालीलाई स्वस्थ्य बनाउँछ र नशा सम्वन्धी रोग निको पार्न मद्दत गर्दछ ।

**बृहस्पतिबार**

विहीबारको दिन शिवबाबालाई परम गुरु, सतगुरुको रुपमा याद गर्ने । सतगुरुको रुपमा बाबाले हामीलाई सुन्तला रंगको किरणद्वारा पवित्रता गुणको बर्षा गर्नुहुनेछ । पवित्रताको गुणले हामी भित्रको चञ्चलापन, अल्छीपन जस्ता विकारलाई हटाउन मद्दत गर्दछ र सहन गर्ने शक्ति प्राप्त हुन आउँछ ।

ध्यान केन्द्रः स्वादिष्ट चक्र (जनेन्द्रिय क्षेत्र)मा ध्यान अभ्यास गर्ने । पवित्रताको सुन्तला रंगको किरणको साथ स्वादिष्ट चक्रमा ध्यान लगाउनले शरीरको प्रजनन प्रणालीलाई स्वस्थ्य बनाउँछ ।

**शुक्रवार**

शुक्रवारका दिन शिवबाबालाई साथीको रुपमा याद गर्ने । साथीको रुपमा बाबाले हामीलाई पहेंलो रंगको किरण द्वारा अतिन्द्रिय सुख गुणको वर्षा दिनु हुनेछ । अतिन्द्रिय सुख गुणले हामी भित्रको अहंकार विकारलाई नास गर्दछ र विस्तारको संकीर्ण गर्ने शक्ति प्राप्त हुन आउँछ ।

ध्यान क्षेत्रः मणिपुर चक्र (नाइटो क्षेत्र)मा ध्यान अभ्यास गर्ने । अतिन्द्रिय सुखको पहेंलो रंगको किरणका साथ मणिपुर चक्रमा ध्यान लगाउनले साकार शरीरको पाचन प्रणालीलाई स्वस्थ बनाउँछ ।

**शनिवार**

शनिवारको दिन शिवबाबालाई मोष्ट बिल्बड, प्रितम, साजनको रुपमा याद गर्ने । साजनको रुपमा बाबाले हामीलाई बैजनी रंगको किरणद्वारा आनन्द परमान्द गुणको वर्षा दिनुहुनेछ । आनन्द, परमानन्द गुणले हामी भित्रको काम बासना विकारलाई अन्त्य गरी समेट्ने शक्ति प्राप्त हुन आउँछ ।

ध्यान केन्द्रः सहस्त्रार चक्र (तालु क्षेत्र)मा ध्यान अभ्यास गर्ने । आनन्दको बैजनी रंगको किरणको साथ सहस्त्रार चक्रमा ध्यान लगाउनले साकार शरीरको श्राव प्रणालीलाई स्वस्थ बनाउँछ ।[१५६]

## ७.१.२ ईश्वरीय ज्ञान (मुरली कक्षा)

यस बिद्यालयमा हरेक बिहानीमा दैनिक रूपमा कुनै न कुनै कोर्ष पढाइन्छ । यसलाई मुरली कक्षा वा ईश्वरीय ज्ञान वा श्रीमत पनि भनिन्छ ।[१५७] यस कोर्षमा प्रश्न, उत्तर, गीत, धारणा, वरदान, विस्तार, स्लोगन र स्वमान जस्ता शीर्षकहरु रहेका हुन्छन् । (यसको निम्ति हेर्नुहोस्, परिच्छेद १ र २)

जीवनरुपी बाँसुरीबाट आएका आवाजरुपी धुनलाई सुख र दुःख दुइ श्रेणीमा विभाजन गर्न सकिन्छ । सुखको आवाज भन्दा दुःखको आवाजका धुनहरुले यस कलियुगलाई बढी मर्माहत बनाएको छ । दुःखका पलहरुलाई सुखमा रुपान्तरण गर्दै जीवनलाई नाट्य श्रृंखला सम्झेर कर्तव्यपथमा अगाडि बढिरहनेलाई बहादुर भनिन्छ । कायरता र पलायनवादी दृष्टिकोण राख्नु भन्दा सक्षम, उत्साहित तथा साहसपूर्वक आफ्नो कर्ममा पाइला बढाउँदा विजय निश्चित छ ।

---

[१५६] *प्रजापिता ईश्वरीय विश्व विद्यालय,* पार्दी शाखाबाट वितरित पर्चा ।

[१५७] *ब्र.कु.डिल्लीराम सिग्देलसँग* मिति २०६५।७।११ गते रत्नचोकमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

ज्ञान जतिसुकै भए पनि ज्ञान बल अर्थात ज्ञानस्वरुपमा आउन समय लाग्छ । स्वरुप नै ज्ञानको मापन हो । ज्ञान व्यक्तिको आभुषण पनि हो । जसरी अलंकारले कलाकारलाई सुसज्जित बनाउँछ त्यस्तै स्वरुपले साधकलाई सशक्त अर्थात कुशल लक्षणयुक्त व्यक्ति बनाउने काम गर्दछ । ज्ञानको प्रसंगमा केन्द्रित हुँदा अलौकिक तथा अभौतिक ईश्वरीय महावाणीयुक्त ज्ञानलाई अन्य भौतिक तथा धार्मिक दर्शन भन्दा सर्वोच्च मानिन्छ । ईश्वरीय धुन युक्त शब्दरसलाई ज्ञान बाँसुरी वा ज्ञान मुरली भनिन्छ । यसलाई ज्ञानामृत वा ईश्वरीय ज्ञान पनि भनिन्छ ।[१५८] जसरी अमृतको सेवन गर्नाले जीवन अमृतमय हुन्छ । त्यस्तै ज्ञानामृत श्रवण गर्नाले मानव जीवन ज्ञानमय तथा दिव्य प्रकाश समान हुन्छ । समाजमा अज्ञानता र चिन्ता एवं तनावयुक्त अन्धकारबाट सन्तोष र आनन्दरुपी प्रकाश उदयमान हुन थाल्दछ । ज्ञानलाई मानसिक भोजन वा दिव्य नेत्र पनि भनिन्छ । यसले विवेक शक्तिको विकास गर्न सहयोग पुऱ्याउँछ । विवेकलाई आत्मा संयमका साथ निर्णय शक्ति प्रदान गर्ने काम ज्ञान मुरलीले गर्दछ । वास्तवमा ज्ञान आत्माको खुराक हो । जसरी सन्तुलत भोजन विना मानव रोगी हुन्छं त्यस्तै सद्वाणीरुपी अविनाशी खुराक नलिंदा जीवन तनावग्रस्त, वेचैन एवं अज्ञानतायुक्त संस्कारले दासी हुन पुग्दछं । विविध सा-साना हलचल तथा समस्यालाई सामना गरी परिवर्तन अर्थात सफलता प्राप्त गर्न ईश्वरीय ज्ञान श्रवण गर्नुपर्ने हुन्छ । हामीले बोलीलाई बिनयी, विचारलाई उदार, कर्ममा पारदर्शिता तथा इमान्दरिता जस्ता गुणहरु विकास गर्न पनि मुरली कक्षाको ठूलो भूमिका रहेको हुन्छ । ईश्वरीय ज्ञान मुरलीलाई मुख्य गरी तीन प्रक्रियाका साथ श्रवण गर्न सक्दछौं ।

१. **मधुवनमा प्रत्यक्ष परमात्माबाट सुनिने ज्ञान मुरली** : यस मुरलीलाई अव्यक्त दिव्य वाणी भनिन्छ । मधुवनका प्रशिक्षक वा ध्यान कक्षाभित्र सामूहिक रूपमा आनन्दित मनले प्रभु मिलनको साथ ईश्वरीय ज्ञान श्रवण गरिन्छ । यसलाई बाबामिलनको दिन भनेर पनि भनिन्छ । यो अवसर तिनै व्यक्तिले मात्र पाउँछन् जो घर व्यवहारमा रहेर पनि सांसारिक कर्म क्षेत्रमा आफ्नो जिम्मेवारी बहन गर्दै सात्विक तरीकाले कर्म र योगको सन्तुलन मिलाएका हुन्छन् ।[१५९] मधुवनमा पनि अव्यक्त प्रभुको ज्ञान मुरली सुन्ने अवसर पाउँछन् । तर यो मौका सधै प्राप्त नभइ विशेष अवसरमा मात्र प्राप्त हुन्छ ।

२. **स्थानीय सेवा अथवा उपसेवा केन्द्रमा ज्ञान मुरली श्रवण गर्ने प्रक्रिया** : सेवाकेन्द्रमा वा स्थानीय राजयोग केन्द्रमा राजयोग शिक्षिकाद्वारा सुनाइने ईश्वरीय ज्ञान (मुरली) यसभित्र पर्दछ । यस किसिमको मुरली सुनाउने पद्धति हामी सवैलाई घर गृहस्थ सम्हालेर बस्नेका

---

[१५८] ब्र.कु.अप्सरा, *पूर्ववत्* , पादटिप्पणी नं. १ ।

[१५९] ब्र.कु.भानुप्रकाश, *महत्व ज्ञान बाँसुरीको,* भैरहवाः ईश्वरीय उपहार, वर्ष ५, अंक २, प्र.ब्र.कु.ई.वि.वि., २०६३, पृ.५ ।

लागि आफ्नै गाउँ ठाउँमा संगठित तरीकाले सुनाउने महत्वपूर्ण मौका हो । यो मौका राजयोग केन्द्र तथा उपकेन्द्रमा आस्थावान सवैलाई प्रदान गरिन्छ । सेवाकेन्द्रमा निरन्तर मुरली सुन्दा एक प्रकारको ईश्वरीय उर्जा जीवनमा प्राप्त गर्न हुन्छ । जुन उर्जाले मधुवनमैं प्रत्यक्ष परमात्मा मिलन भएको अनुभूति गर्न समेत सकिन्छ ।[१६०]

३. **आफैं व्यक्तिगत रुपमा ज्ञानमुरली पढ्ने प्रक्रिया** : यस किसिमको प्रक्रिया कुनै कारणवश सेवाकेन्द्र वा उपकेन्द्रमा मुरली श्रवण गर्न जान नपाउँदा आफ्नै घरमा शुभमुहर्तमा स्नान आदि गरी केही समय राजयोग गरेपश्चात परमात्माको ज्ञान मुरलीको पत्रपुष्पलाई ध्यान दिएर आनन्द मनले मनमनै स्वअध्ययन गर्ने गर्दछ । यसो गर्दा अदृश्य रुपमा सत्गुरु परमात्माले मुरली पाठ गर्ने व्यक्तिलाई मानसिक रुपमा ईश्वरीय शक्ति दिनुहुन्छ । जुन शक्तिले दिनभरी विभिन्न परिस्थितिमा विजय हुन साथ दिन्छ ।[१६१]

मुरली २ प्रकारका हुन्छन् । साकार मुरली र अव्यक्त मुरली । साकार मुरली भनेको दादा लेखराजले आफू बाँचुञ्जेल जहाँ जहाँ ज्ञान दिनु भयो त्यसलाई रेकर्ड गरेर राखिएको थियो र अहिले आइतवार बाहेक हरेक दिन यो मुरली बाचन गरिन्छ । त्यस्तै अव्यक्त मुरली भन्नाले बाबा मिलनको दिनमा दादीको शरीरमा बाबा प्रवेश गरी दिइने ईश्वरीय ज्ञान हो । त्यतिबेला बाबाले जुन ज्ञान दिनुहुन्छ त्यसलाई लिपीबद्ध गरेर इमेलमा राखिन्छ र इमेलबाट डाउनलोड गरी हरेक आइतवार प्रत्येक सेवाकेन्द्रमा वाचन गरिन्छ ।[१६२]

तर आजभोलि प्रायः सेवाकेन्द्रमा नै यो मुरली सुनाइन्छ । यो कोर्ष संसारभरिकै सेवा केन्द्रहरुमा एउटै मितिमा उही पढाइन्छ । यस कोर्षलाई आबु पर्वतको हेडक्वाटरबाट इमेलमा राखिन्छ र त्यहीबाट डाउनलोड गरी करीव एक हप्ता अघिबाट नैं सम्पूर्ण सेवा केन्द्रमा पुऱ्याउने काम अन्य शहरमा रहेका मुख्य केन्द्रले गर्दछ ।[१६३]

मुरली सुन्ने बेलामा निमित्त भाव एवं साक्षी दृष्टा हुँदै भगवानको वाणी सुन्दैछु भन्ने सोच्नु पर्दछ । कुनै पनि बाह्य रुपरङ्ग वा देहधारीसँग कुनै सरोकार नराखी प्रतिदिन बिहान ८ बजेसम्म मनमस्तिष्कलाई हल्का र तनावबाट मुक्त पार्न सदैव सेवाकेन्द्रमा संगठित रुपले ज्ञान मुरली सुन्ने संस्कारको विकास गर्दा परमात्माबाट अवश्य सहनशक्ति एवं अन्य मानवीय तथा दैवी शक्तिहरु प्राप्त हुन्छ् । जुन वरदानले जीवनमा आरोग्यता सुख सन्तोष प्राप्ति हुन्छ ।

---

[१६०] ऐजन ।

[१६१] ऐजन ।

[१६२] ब्र.कु. डिल्लीराम पूर्ववत पादटिप्पणी नं. ९ ।

[१६३] *ब्र.कु.रेशमसँग* मिति २०६५।२।२४ गते नयाँबजारमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

## ७.१.३ साहित्य वा रचनाहरुको अध्ययन

वर्तमान अवस्थामा चारैतिर कोलाहल र अशान्ति मच्चिइरहेको छ । अस्थिरता र अन्योलतामा पीङ खेलेको दुख, अशान्ति र अभावको दुनियाँ स्वर्णिम दुनियाँमा परिवर्तन गर्न, समस्यालाई समाधान गर्नका लागि सर्वे भवन्तु सुखिन, सर्वे सन्तुः निरामय, सर्वे भद्रांणी पश्यन्तु मा कश्चित दुख भाग्जनः भन्ने भावनाको जागृत गर्नु पर्दछ । भाइचाराको सम्वन्ध बढ्दै जाँदा प्रेमभावना स्वतः जागृत हुन्छ ।

यसकारण जीवनमा सधै सकारात्मक भाव उत्पन्न गराउनु पर्दछ । त्यसको लागि नियमित रुपमा असल व्यक्तिहरुको संगत तथा असल साहित्य वा रचनाहरुको अध्ययन गर्नु अति आवश्यक छ । भनिन्छ "पुस्तक मानिसको असल साथी हो ।" तसर्थ जीवनमा श्रेष्ठ व्यक्तिहरुको रचना वा जीवनी पढ्नाले उसको असल गुणको प्रभाव मानव मष्तिष्कमा पर्दछ जसले विचलित मनलाई एकाग्र बनाउनका साथै जीवनमा उर्जा पनि प्रदान गर्दछ । अश्लील पुस्तक वा पत्रपत्रिका पढ्नाले जीवनमा सधै तनाव उत्पन्न हुन्छ । हाम्रो आहार, व्यवहार, संयम, लगाउने कपडा र विचारको शुद्धिकरण भएपछि हाम्रो चिन्तनमा पनि स्वतः नै परिवर्तन हुन थाल्दछ । यस्तो स्थिति बसाल्न असल व्यक्तिको संगत गर्नु पर्दछ । अहिले संसारमा असल संगत गर्नु भनेको केवल परमात्माको सत्संगमा रहनु हो । [१६४]

## ७.१.४ सकारात्मक चिन्तन

भनिन्छ 'जस्तो सोचिन्छ त्यस्तै बनिन्छ' । चिन्तन मात्र भएर हुँदैन त्यसमा दृढता र निश्चयता र सकारात्मकता पनि हुनु पर्दछ । त्यसैले मानवीय जीवनमा सकारात्मक चिन्तनको अति आवश्यक छ । सकारात्मक चिन्तनले मनको सुशुप्त शक्तिहरु क्रियाशील गराई शरीरलाई उर्जा प्रदान गर्दछ । जसले गर्दा कुनै पनि काम गर्दा जोश जाँगर उत्पन्न हुन्छ र कार्यमा सफलता प्राप्त गर्नुको साथै विविध समस्याबाट मुक्त हुन सकिन्छ ।

मानिसको मनमा जस्तो विचार आउँछ त्यस्तै किसिमको निर्णय बुद्धिले गर्दछ र त्यस्तै किसिमको कर्म हुन्छ, जस्तो कर्म हुन्छ त्यस्तै किसिमको प्रतिफल प्राप्त हुन्छ । कुनै व्यक्तिले लोककल्याणकारी भावना सोच्दा उसको आन्तरिक शक्तिको विकास हुन्छ, असल कार्य गर्न निर्णय दिन्छ सोही अनुसार कर्म गर्दा उ सबैको प्रिय हुन्छ । मनका तरङ्गहरु प्रकाशका तरङ्ग भन्दा पनि तीब्र हुन्छ । जब बायुमण्डलमा अलोककल्याणकारी भावनाका तरङ्गहरु बग्न थाल्दछन् तब सबभन्दा बढी प्रभाव मानसिक रुपमा नै पर्दछ । जब मनभित्र

---

[१६४] *ब्र.कु.शिशिरसँग* मिति २०६५।४।२० गते पार्दीमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

व्यर्थ संकल्प, नकारात्मक संकल्प उत्पन्न हुन्छन तब विवेकको शक्ति नष्ट हुन्छ । त्यस्तै ईर्ष्या, द्वेष र क्लेश उत्पत्ति हुन्छ अनि निराशा र तनाव शुरुवात हुन्छ र अशान्त वातावरणको निर्माण हुन्छ ।

जति आहारमा शुद्धता, विहार र व्यवहारमा सत्यता हुन्छ त्यति नै बुद्धि पनि सफा हुन्छ अनि उसले दिएको निर्णय पनि प्रभावकारी हुन्छ । यदि स्पष्ट र स्वच्छ बुद्धि छैन भने उसको निर्णय प्रभावकारी हुदैन । यसरी सही निर्णयमा पुग्न नसक्दा बढी तनाव भै मान्छेमा नैराश्यता आउँछ । जसले विभिन्न रोग निम्त्याउनमा भूमिका खेल्न सक्दछ । सकारात्मक चिन्तनले जीवनलाई निरोगी, दीर्घजीवी र सुखी बनाउँछ भने खराव चिन्तनले दुःखी र रोगी बनाउँछ । ज्ञानले जीवनको बाटो सही देखाउँछ । ज्ञान नै प्रकाश हो । ज्ञानले मृत्यु हुन लागेको अर्थात जीवनदेखि निराश भएका मानिसहरुलाई उत्साहित बनाउँछ । ज्ञानको सागर भन्नु नै परमात्मा हुनुहुन्छ । त्यसैले परमात्माको चिन्तन गर्नु नै सकारात्मक चिन्तन हो ।[१६५]

## ७.१.५ सत्संग तथा खानपान

सत्संगको अर्थ हुन्छ सत्यसँग संगत गर्नु । भनिन्छ "जस्तो संग उस्तै रंग" । यो भनाई मानवीय जीवनमा सिद्ध पनि भएको छ । असल व्यक्तिको संगत गरे असलै भइन्छ भने खराव मान्छेको संगत गरे खरावै भइन्छ । मानवको मन मस्तिष्कमा राम्रा कुरा भन्दा नराम्रा कुराहरुको प्रभाव छिटो पर्दछ । नराम्रा कुराहरुको ग्रहण गर्न सजिलो हुन्छ भने राम्रा कुराहरुको ग्रहण गर्न गाह्रो हुन्छ र यसको प्रभाव पनि ढिलो पर्ने भएकोले मान्छेको मन छिटै विचलित बन्न पुग्दछ । परिणमस्वरुप समाजमा अशान्ति उत्पन्न हुन्छ ।

सृष्टिको आदिकालमा यो संसारको रुप थियो । त्यहाँ त्यसबेला प्रकृतिमा रहेका पाँचै तत्वहरु जल, वायु, अग्नि, आकाश र पृथ्वी सबै सत्वप्रधान थिए । त्यसवेला सवै मानवहरुमा पनि देवी देवताहरुको जस्तो स्वभाव रहेको थियो । त्यसैले अहिले पनि उनीहरुलाई देवता भन्दै सम्फना गरिन्छं । देवताहरुको व्यवहार वा संस्कार सम्पूर्ण निर्विकारी, सर्वगुण सम्पन्न मर्यादा पुरुषोत्तम जस्ता प्रवृत्तिहरु भएकोले उनीहरुलाई महान सुखदायी पूज्य वा पुण्य आत्मा पनि भन्ने गरिन्छ ।

त्यस्तै मानव जीवनलाई ईश्वरीय मार्गमा हिडाउन वा जीवनलाई सार्थक बनाउन भोजन वा खानपानमा पनि ध्यान दिनुपर्दछ । मानिसले जे खान्छ त्यही अनुसार हाम्रो मन र बुद्धि पनि उस्तै बन्दछ । त्यसैले शुद्ध तथा सात्विक भोजन जीवनको लागि आवश्यक शर्त हो । तर आज मानिसहरु तमो वा रजगुणी भोजनमा रमाइरहेका छन् । जसको प्रभावले

---

[१६५] *ऐजन ।*

हाम्रो मनलाई चञ्चल बनाइदिन्छ । जसको कारण मन ईश्वरीय सेवामा समर्पित हुन सकिरहेको छैन । त्यसैले अन्नको प्रभाव मनमा पर्ने हुनाले र मनद्वारा कर्म गरिने हुनाले कर्मलाई सकरात्मक बनाउनको लागि भोजनमा शुद्धता हुनु पर्दछ । त्यसकारण मानिसको खानपानमा विशेष ध्यान दिनुपर्दछ । सामान्यतया दालभात, तरकारी, रोटी, दुध, दही र फलफूलको प्रयोग गर्दा राम्रो मानिन्छ । माछा, मासु तथा लसुन र प्याजलाई प्रयोग गर्नु हुँदैन । यी बस्तुहरुको प्रयोगले मानवीय स्वभावमा उत्तेजना ल्याइदिन्छ । त्यस्तै यी वस्तु खानाले नराम्रो गन्ध आउनुका साथै आलस्यता पनि बढाउने कार्य गर्दछ । त्यस्तै अमिलो, चिल्लो तथा पिरोको प्रयोग कम गर्नुपर्दछ । जसले हाम्रो दिमाग र मनलाई शान्त बनाउन मद्दत गर्दछ ।[१६६]

## ७.२ हिन्दू धर्मका विभिन्न चाडपर्वहरुप्रति ईश्वरीय विद्यालयको धारणा

कुनै पनि देशको चाडपर्व वा उत्सवमा त्यहाँको परम्परा, दर्शन, रहनसहनका तरीकाहरु, रीतिरिवाज र मूल्य र मान्यता तथा त्यहाँको सभ्यता, संस्कृति, पारिवारिक गठन जस्ता सांस्कृतिक गतिविधिहरुका झलकहरु पाइन्छ । केही पर्वहरु त्यहाँका मान्यता अनुसार विभिन्न देवी, देवता वा किम्वदन्तीसँग जोडिएका छन् । कुनै पर्वहरु उनीहरुको आफ्नो धर्मको संस्थापकको जीवनसँग जोडिएका हुन्छन् । कुनै विजयोत्सवको स्मृतिमा र कुनै जीवनको मूलदर्शनलाई मूल दिशातिर डोऱ्याउने मार्गदर्शकका रुपमा मनाइने गरिन्छ । यस्ता पर्वहरुलाई गीत, संगीत, नृत्य, नाटक, मेला र पूजापाठ आदि गरेर उत्सवको रुपमा मनाइन्छ । यसले मानव जीवन र समाजमा नयाँ उमंग तथा तरङ्गको उत्पन्न गराइ दिन्छ र पारस्परिक भावनाको विकास गराउँछ । यसले एकापासमा एकताको भावनालाई अझ बलियो बनाउने काम गर्दछ । यस्ता क्रियाकलापले मनोरञ्जनको साथै नवचेतना एवं आध्यात्मिक चेतनाको भावनालाई पनि जागृत गराउन मद्दत पुऱ्याउँछ । साथै आफ्ना पूर्वजहरुद्वारा प्रदत्त सांस्कृतिक धरोहर वा दार्शनिक एवं नैतिक भावनालाई कसिलो बनाउन पनि सहायक भूमिका खेल्दछ । यदि चाडपर्व वा उत्सव भएनन् भने कुनै पनि राष्ट्रको विशेषता नै लोप हुने खतरा रहन्छ र सांस्कृतिक शून्यता आउन सक्छ । यसकारण मान्छेले आफ्नो पहिचानको साथै कला संस्कृति, जीवनगाथा र दर्शन दृष्टिकोणको अभिव्यक्ति पनि यस्तै सांस्कृतिक उत्सवमार्फत गर्ने गर्दछ ।

हिन्दू समाजमा प्रचलित अधिकांश चाडपर्वहरुले आध्यात्मिक रहस्यहरुको अर्थबोध गराउने तथा जीवनमा आध्यात्मिक आनन्द लिने तरीकाको परिचय दिने गर्दछ । तर

---

[१६६] *ऐजन ।*

कालान्तरमा विदेशीहरुको आक्रमण, पारस्परिक फुट तथा धर्म एवं नैतिकताको क्रमिक ह्रास तथा पौराणिक ग्रन्थहरुको अनावश्यक संशोधन जस्ता कारणहरुले यस्ता पर्वहरुमा विकृतिहरुको पनि प्रवेश भयो । जसले गर्दा जुन भावनाले अधिकांश पर्वहरु मनाउने गरिन्थ्यो आज त्यसमा ह्रास भै अति भौतिकता, आडम्वर तथा उपभोक्तामुखी संस्कृतिको विकास हुँदै गयो ।[१६७] अतः समाजमा प्रचलित चाडपर्वहरुको वास्तविक स्वरुप के हो ? त्यसको बारेमा ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालयले स्पष्ट पार्ने कोशिस गरेको छ । यस्ता केही महत्वपूर्ण पर्वहरुमा मुख्य गरी शिवरात्री, दिपावली, रक्षावन्धन, जन्माष्टमी, नवरात्री तथा होली रहेका छन् ।

### ६.२.१ शिवरात्री

शिवरात्रीलाई महाशिवरात्री पनि भनिन्छ । यस महाशिवरात्री पर्वको आफ्नै अलौकिक तथा आध्यात्मिक महत्व रहेको छ । यो पर्व फागुन महिनाको कृष्ण पक्षको चतुर्दशीको दिनमा पर्दछ । शिवरात्रीलाई भगवान शिवको जन्म भएको अवसर मानेर यो पर्व मनाउने गरिन्छ । शिवको जन्म मनुष्य योनीबाट हुँदैन । शिव त उपयुक्त समयमा कुनै बृद्धको तनमा प्रवेश गरी यस पृथ्वीमा अवतरण गर्छन ।[१६८] यस पर्वको रातमा विशेष गरी मानिसहरु धुनी जगाएर रातभर भजन गाएर जाग्राम बस्ने गर्दछन् साथै शिवजीको नाममा गाँजा, भाङ, धतुरोको पनि सेवन गर्दछन् ।

परमात्मा शिवले गरेका कल्याणकारी कार्यलाई सम्झनको लागि किन रात्री शव्द नैं प्रयोग गरिएको होला ? के शिवले रातमा जन्म लिएका थिए ? यहाँ सम्झनु पर्ने कुरा के छ भने यहाँ रात्री भनेको केवल २४ घण्टामा एकपटक आउने अन्धकारयुक्त समय मात्र हैन किनकि ८/१० घण्टाको रातको समयमा सम्पूर्ण कल्याणकारी कार्य हुनु असम्भव हुन्छ । अतः रात्री भनेको अन्धकार, अविवेक, अज्ञानता, भ्रम, अस्पष्टता, अलमल र आलस्यको तमोगुण तथा पापाचारको प्रतीक हो ।[१६९] त्यसो त सत्य र त्रेता युगलाई 'ब्रह्माको दिन', द्वापर र कलियुगलाई 'ब्रह्माको रात्री' पनि मानिन्छ । यहाँ रात्री शब्दले त्यो महारात्रीको समयलाई जनाउँछ कि जब सम्पूर्ण सृष्टिमा धर्म भ्रष्ट, कर्मभ्रष्ट र विकारहरुको साम्राज्य फैलिन्छ । जब जगतमा दुःख, कष्ट, चिन्ता, आपसी शंका, अविश्वास, युद्ध, कलह तथा प्राकृतिक प्रकोपले मानव आत्माहरुलाई त्राहीमाम् बनाउँछ, अन्याय, अत्याचार, पापाचार,

---

[१६७] ब्र.कु.अप्सरा, *पूर्ववत्* , पादटिप्पणी नं. १ ।

[१६८] *ऐजन ।*

[१६९] ब्र.कु.जगदीशचन्द्र हसिजा, *भारत के त्योहारों की आध्यात्मिक व्याख्या और उन से जुडे महानुभावों का न्याय संगत परिचय,* राजस्थानः प्र.ब्र.कु.ई.वि.वि., मिति उल्लेख नभएको, पृ १० ।

व्यभिचार र भ्रष्टचारले जीवन दुष्कर बन्दछ, काम, क्रोध, लोभ, मोह, अहङकार, आलस्य, सुस्तीले मानव जीवन विशाक्त बन्दछ, त्यसबेला यस पृथ्वीलोकमा परमात्माको अवतरण हुन्छ र कल्याणकारी कार्य गर्नको लागि सबैको ध्यान तान्ने प्रयास गर्दछ । यसै समयलाई शिवरात्री भनिन्छ । यो समय भनेको कलियुगको अन्तिम अवस्थातिर हुनेछ । आज हामी जुन शिवरात्री पर्व मनाउँछौं त्यो त्यही शिवरात्रीको स्मरणोत्सव मात्र हो ।[१७०]

शिवरात्री सम्पूर्ण पर्वहरुमा हीरा तुल्य मानिन्छ । यस दिनमा भक्तजनहरुले शिव लिंगमा जल, बेलपत्र, दुध चढाउने गर्दछ र व्रत तथा उपवास वस्ने गरिन्छ । यस पर्वको आत्याध्मिक रहस्यबाट धेरै मानिसहरु अनभिज्ञ छन् । पौराणिक कालको एक कथामा यस प्रकारको व्याख्या गरिएको पाइन्छ :

> "एकपटक एकजना शिकारी जंगलमा शिकार खेल्न गएको थियो र त्यहाँ उनले हरिणको एक जोडीलाई देखेपछि बाण चलाउन लाग्यो । तर ती हरिण जोडीले शिकारीलाई विन्ती गर्दै भन्यो- हे व्याधा, हामीलाई अहिले नमार, हामीलाई पहिला हाम्रो वच्चासँग भेट्न दिनुस् । हामी भोलि विहानैं यहीं आउँछौं त्यसपछि तिमीले हाम्रो शिकार गर्नुहोला । यति भनेर ती हरिण जोडी आफ्नो बच्चा भेट्न भनेर शिकारीसँग विदा भए । आफ्नो वासस्थान पुगेर परिवारसँग सवै कुरा भने र बिदा मागे तर अन्य हरिणले भने कि हामी पनि जान्छौं किनकि अब हामी पनि बुढो भयौं । हाम्रो जिम्मेवारी पनि केही छैन । यति भनेर सवै हरिणहरु शिकारी भएको ठाउँतिर कुदे । त्यस बेला व्याधा रुखमाथि चढेर रुखका पातहरु तल खसालिरहेका थिए । संयोगले त्यस रुख मुन्तिर शिवलिंग थियो । त्यसपछि रात भरी बेलपत्र चढाउने र जोडी हरिणको पछि सबै हरिणहरु पनि मर्नको लागि त्यहाँ भेला भएको देखेर शिवजी प्रसन्न भएछन् । यसकारण जसरी शिवजी हरिण र शिकारीप्रति खुशी भए त्यसरी नै शिवजी हामी सबैप्रति पनि प्रसन्न होस् भनेर पनि यो पर्व मनाउने गरिन्छ ।[१७१]

परमात्मालाई हामी स्थुल आँखाले देख्न सक्दैनौं । उसलाई देख्नको लागि साक्षात्कार अर्थात ज्ञानको तेस्रो नेत्रको आवश्यक पर्दछ । उसको स्वरुप अंगुष्ठाकारको छ । यस अर्थमा शिवरात्री आत्मा र परमात्माको साँचो सम्वन्धलाई सम्झाउने पर्व हो ।[१७२]

---

[१७०] *ऐजन,* पृ ७८ ।

[१७१] *ऐजन,* पृ.४५ ।

[१७२] *ऐजन,* पृ.७८ ।

शिवको अर्थ कल्याणकारी हो । यही कल्याणकारी आत्माले रात्रीको समयमा आएर आत्माहरुको कल्याण गरेका थिए । यसकै सम्झनामा यो पर्व मनाउने गरिन्छ । तर रात्री शव्द एक प्रतीक पनि हो । रात्री भनेको अज्ञान, अन्धकार, अन्याय, अत्याचारको अर्थमा पनि बुझ्न सकिन्छ । दिनमा आत्माहरु सत्वप्रधान हुन्छ भने रातमा तमोप्रधान बन्दछ । अतएव तमोप्रधान आत्माहरुलाई सतोप्रधान बनाउनको लागि उनले जुन दिव्य कर्तव्य गरे उसकै स्मरणस्वरुप शिवरात्री मनाइन्छ ।[१७३] केवल एक लोटा भाङ पिएर वा एकदिन व्रत बसेर शिवरात्रीको अर्थ बुझिदैन । शिवरात्री नयाँ दिनको शुरु तथा पुरानो दिनको अन्त्यसँग पनि सम्वन्धित छ । विगत वर्षको मूल्यांकन गरेर हामीले के प्राप्त गर्‍यौं र के त्याग गर्‍यौं त्यसको आध्यात्मिक तुलना गरेमा शिवरात्री प्रगति र प्रवृत्तिको सूचक पनि बन्न सक्छ ।

शिवरात्रीको अवसरमा भक्तजनहरु शिवको महिमाको मात्र बखान गर्दछन् । तर यस पर्वले मनुष्यलाई शिवबाबाको गुण धारणा गरेर विश्व मानव कल्याणको कार्य गर्न उत्साहित गराउँछ । शिवरात्री विश्व कल्याणको पर्व पनि हो । यो परमपिता शिवद्वारा संचालित एक यस्तो अहिंसायुक्त आन्दोलन हो जसले काम क्रोध आदि विकारहरुको गुलामीबाट स्वतन्त्र दिलाउने कार्य गर्दछ । यो एउटा यस्तो आध्यात्मिक क्रान्ति पनि हो जसले सम्पूर्ण विश्वमा शान्तिको स्थापना गरी कायापलट गरिरहेको छ । त्यसबाहेक यो पर्व मानवहरुको नयाँ जीवनको निम्ति एउटा कोशेढुंगा सावित भएको छ ।[१७४] किनकि आध्यात्मिक जीवनको नयाँ वर्ष शिवरात्रीबाट शुरु भएको मानिन्छ । यस पर्वको अवसरमा हरेक मानवले आफ्नो आध्यात्मिक पुरुषार्थको निम्ति संकल्प गर्ने दिन हो ।

शिव मन्दिरमा केही माथि राखिएको शिव मूर्तिलाई घडाबाट निरन्तर थोपा थोपा पारेर जल चढाइने गरिन्छ । भक्ति मार्गको यस्तो चलनले यो कुरालाई इंगित गर्दछ कि शिवसँग नैं हाम्रो सच्चा स्नेहको एक रुप यो पनि हुनु पर्दछ कि बुद्धिरुपी कलशमा भरिएको ज्ञानरुपी अमृतको बिन्दुहरुको ताँती शिव परमात्मातिर निरन्तर बढिरहोस् । अर्थात म आत्मा हुँ, परमात्मा शिवको सन्तान हुँ र परमात्मा ज्ञानका सागर हुनुहुन्छ .......। यस्ता ज्ञान विन्दु निरन्तर ईश्वरीय स्मृतिको रुप लेओस् । तर आज मान्छेहरु ज्ञान बिन्दुलाई निरन्तर शिवप्रति नचढाएर केवल जल तत्वको धारा मात्र चढाउने गर्दछ । वास्तवमा शिवरात्री मनाउनुको साँचो अर्थ त यो हो कि ज्ञानधारा निरन्तर उनीतिर नै बगिरहोस् ।

शिवरात्रीमा भक्तजनहरु रातभर जाग्राम बसेर शिवको महिमा गाउने गर्दछन् । यसरी उनीहरुको स्थुल नेत्र रातभर खुलै भएपनि मनको चक्षु वा तेस्रो नेत्र अथवा ज्ञान नेत्र

---

[१७३] ब्र.कु.अप्सरा, *पूर्ववत्* , पादटिप्पणी नं. १ ।

[१७४] *ऐजन ।*

खुलेको हुँदैन । यस्तो जागरणको के अर्थ ? सच्चा जागरण त यो हो कि सम्पूर्ण अज्ञानरुपी रात्री संसारमा पनि मनुष्यको ज्ञानचक्षु खुलै रहोस् । मनुष्यको दिमागमा यस ज्ञानको जागृति सँधैं रहोस् कि यो सृष्टि एक रंगमंच हो, मानिस यसको देहरुपी वस्त्रधारण गर्ने एक कलाकार हो । मान्छे सूर्यचन्द्र भन्दा पनि टाढा जुन परमधाम छ त्यहाँबाट यस रंगमंचमा आएको हो र फर्केर फेरि उतै जानुपर्छ । मानिस परमात्मा शिवको वच्चा भएकोले उसैको आज्ञा अनुसार चलेर सम्पूर्ण पवित्रता सुख र शान्तिको जन्मसिद्ध अधिकार लिनु पर्छ ।

भक्तजनहरु शिवरात्रीको अवसरमा उपवास पनि बस्ने गर्दछन् । त्यस दिन उनीहरु केही पनि खाँदेनन् । वास्तवमा सच्चा व्रत त काम, क्रोध आदि विकारहरुको मनभित्रबाटै सेवन नगर्नु हो । उपवास शब्दको अर्थ हो परमात्माको साथमा बास गर्नु । मनलाई परमधाम निवासी शिवबाबाको साथमा राख्नु नै सच्चा उपवास हो ।[१७५] यस्तै प्रकारको व्रत वा उपवासले नैं मनुष्यलाई मुक्ति प्राप्ति हुन सक्दछ । तर यस्तो रहस्यलाई नजानेर उनीहरु स्थुल रीतिबाट व्रत तथा उपवास गर्ने गर्दछन् र वर्षमा केवल एउटा मात्र शिवरात्री मनाउने गर्दछन् । यद्यपि कलियुगको अन्त्य र सत्ययुगको आरम्भको समुच्च संगमयुग नै शिवरात्री काल हो किनकि त्यतिबेला शिव, प्रजापिता ब्रह्माको तनमा अवतरित भएर सत्य युगको पुनर्स्थापना गर्दछ । यही नै शिवरात्रीको सन्देश हो ।[१७६]

### ७.२.१.१ शिव र शंकरमा फरक

धेरै मानिसहरु शिव र शंकरलाई एकै मान्दछन् । तर वास्तवमा यी दुईमा भिन्नता रहेको छ । किनकि यी दुइको मूर्ति नैं फरकफरक आकारको रहेको छ । शिवको मूर्ति अण्डाकार रहेको हुन्छ भने महादेव शंकरको मूर्ति शारीरिक आकारमा रहेको हुन्छ । यी दुइवीच रहेको अन्तरलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**महादेव शंकर**

१. यो ब्रह्मा र विष्णु जस्तै शरीररुप धारी छ । यिनलाई 'महादेव' भनिन्छ तर परमात्मा भन्न सकिदैन ।
२. यिनी पनि ब्रह्मा देवता तथा विष्णु देवता जसरी नैं सुक्ष्म लोक, शंकरपुरीमा बास गर्दछन् ।
३. ब्रह्मा देवता तथा विष्णु देवता जसरी यिनी पनि शिवका रचना हुन् ।
४. यिनले केवल महाविनाशको कार्य मात्र गर्दछन् स्थापना र पालनाको कर्तव्य गर्दैनन्

---

[१७५] ब्र.कु.जगदीश चन्द, *पूर्ववत्* , पादटिप्पणी नं. १८ ।
[१७६] *ऐजन,* पृ.२४ ।

**शिव**

१. यिनी चेतन ज्योति-बिन्दु हुन् र आफ्नो कुनै स्थुल या सुक्ष्म शरीर हुदैन । यिनी परमात्मा हुन ।

२. यिनी ब्रह्मा, विष्णु तथा शंकरको लोक अर्थात सुक्ष्म देवलोक भन्दा पनि टाढा 'ब्रह्मालोक'मा बस्ने गर्नुहुन्छ ।

३. यिनी ब्रह्मा, विष्णु तथा शंकरको पनि रचयिता अर्थात 'त्रिमूर्ति' हुन् ।

४. यिनले ब्रह्माद्वारा स्थापना, विष्णुद्वारा पालन तथा शंकरद्वारा संहार गराएर विश्वको कल्याण गर्दछ ।[१७७]

## ७.२.२ नवरात्री

प्राचीनकालदेखि नै असोज महिनाको शुक्ल प्रतिपदादेखि नवमीसम्म नवरात्रीको पर्व भक्ति भावनाका साथ धुमधामसँग मनाइने गरिन्छ । यस पर्वको शुरुमा नैं मानिसहरु घरमा कलश (घटा)को स्थापना गर्दछन् र लगातार नौ दिन तथा रातसम्म दीप प्रज्वलन गरिन्छ । यी दिनहरुमा मानिसहरु व्रत तथा उपवास गर्दै दुर्गा, काली वा सरस्वती आदिको पूजा गर्ने गर्दछन् । अव प्रश्न उठ्छ कि आदि शक्तिको स्वरुप के हो ? सरस्वती, दुर्गा आदिको वास्तविक परिचय के हो ? र अतीतकालमा नारीहरुले कस्तो महान कार्य गरेका थिए जसको स्मृतिमा आजसम्म पनि नवरात्रीमा उनीहरुको पूजा गरिन्छ ।

यसबारेमा जान्नको लागि नवरात्रीसँग सम्वन्धित मुख्य तीन प्रसँग, जसलाई कथाको रुपमा भक्तजनलाई स-विस्तार सुनाउने गरिन्छ, सहायक सिद्ध हुन सक्छ । ती मध्ये एक आख्यानमा यस्तो वर्णन गरिएको छ ।

> पछिल्लो चतुर्युगको अन्तिम समयमा जब विश्व विनाशको निकट थियो तब मधु र कैटभ नामक राक्षसहरुले देवी देवताहरुलाई दुःख दिएका थिए र त्यतिवेला श्री नारायण पनि मोह निद्रामा सुतेका थिए । त्यसपछि ब्रह्माजीले आदि कन्याको उत्पत्ति गरे । उसले नारायणको स्तुति जगाए र उनले नै मधु र कैटभको नाश गरी देवी देवताहरुलाई बन्धनबाट मुक्त गराए । अर्को आख्यानमा महिषासुर नामक राक्षसले स्वर्गका सम्पूर्ण देवीदेवताहरुलाई पराजित गरे । पछि त्रिदेवको शक्तिबाट एक नारीको रुप 'आदि शक्ति' प्रकट भए । उनी दिव्य अस्त्रद्वारा सुसज्जित थिइन् । त्यस्तै उनी त्रिनेत्री तथा अष्टहात पनि थिइन् । उनले महिषासुरको वध गरे

[१७७] *ज्ञान-योग-पवित्रता-शान्ति पथ- प्रदर्शनी,* राजस्थानः प्र.ब्र.कु.ई.वि.वि., मिति उल्लेख नभएको, पृ. १६ ।

देवीदेवताहरुलाई मुक्त गरे । तेश्रो प्रसंगमा भनिएको छ कि सूर्य वंशमा शुम्भ र निशुम्भ नामक दुई असुरको जन्म भए । उनको प्रधान कार्यकर्ताको नाम रक्तबीज थियो, सेनापतिको नाम धुम्रलोचन र दुइ मुख्य सहायकको नाम चण्ड र मुण्ड थिए। शिवजीको शक्तिबाट आदि कुमारी पैदा भइन् र उनको विकराल रुपबाट काली प्रकट भइन् । उनले चण्ड, मुण्डको विनाश गरिन् । कालिकाले योगिनी शक्तिद्वारा धुम्रलोचन र रक्तबीजको पनि नाश गरे । तर रक्तबीजको यो विशेषता थियो कि उसको रगतको एक थोपा पनि जमीनमा खस्यो भने अर्को रक्तबीजको जन्म हुन्थ्यो । तर पनि आदि शक्तिले रक्तवीजलाई समूल नष्ट गरिन् ।"[१७८]

यी वर्णनहरुमा रुपक अलङ्कारद्वारा विश्वको एक अति नै महत्वपूर्ण वृत्तान्तको वयान गरिएको छ । तर मानिसहरु प्रायः यसको केवल शब्दार्थ मात्र लिने गर्दछन् । जसले गर्दा उनीहरु सत्यबोधद्वारा वञ्चित भएका छन् । वास्तवमा कुनै एक वा दुई असुरद्वारा सबै देवीदेवताहरुलाई परास्त गर्नु भनेको पत्याउन नसकिने कुरा हो । तर भावार्थमा यो वृत्तान्त एकदम महत्वपूर्ण छ । वास्तवमा 'मधु' र 'कैटभ'को अर्थ 'मिठो' र 'विकराल' हुने हुनाले 'राग' र 'द्वेष'को प्रतीक हो र 'असुर' शब्द 'आसुरी लक्षण' या 'मनोविकार'को बोधक हो । काम, मोह र लोभ- 'मधु' नामक असुर हो र क्रोध तथा अहंकार 'कैटभ' हो । यस्तै महिषको अर्थ भैंसी हुन्छ । भैंसी मन्द बुद्धि, अविवेक तथा तमोगुणको प्रतीक हो । धुम्रलोचनको अर्थ धुँवा भएको आँखा हो । यो ईर्ष्या तथा खराब दृष्टिको वाचक हो । शुम्भ र निशुम्भ हिंसा र द्वेषको प्रतीक हो ।[१७९]

अतः यी आख्यानहरुको वास्तविक भाव यो हो कि पछिल्लो चार युगको अन्त्यमा जब विनाश काल नजीक थियो र सृष्टिमा अज्ञान तथा तमोगुण रुपी रात्री वा अन्धकार छाएको थियो तब राग (मधु) र द्वेष (कैटभ) ले ती सवै नरनारीहरु जो सत्य युगमा दिव्यता सम्पन्न हुनाको कारणले देवीदेवता थिए तर बिस्तारै बिस्तारै अपवित्रतातिर अग्रसर भैरहेका थिए, लाई आफ्नो बन्दी बनाएका थिए । यहाँसम्म कि सत्ययुगको आरम्भमा जो देव शिरोमणि श्री नारायण थिए अब उनी पनि जन्म जन्मान्तर पश्चात मोह निद्रामा विलीन भएका थिए । यसरी यस्तो धर्मको अपमान भैरहेको अवस्थामा परमपिता शिवले त्रिदेवद्वारा भारतका नारीहरुलाई ज्ञान, योग, तथा दिव्य गुणरुपी शक्तिबाट सुसज्जित गरे । यही ज्ञान

---

[१७८] ब्र.कु.शोभा, *नवरात्री तथा विजयादशमीको आध्यात्मिक रहस्य,* भैरहवाः ईश्वरीय उपहार, वर्ष ७, अंक ५, प्र.ब्र.कु.ई.वि. वि., २०६५, पृ. ६ ।

[१७९] ब्र.कु.जगदीश चन्द्र, *पूर्ववत्*, पादटिप्पणी नं. १८, पृ. ४२४ ।

उनको तेस्रो नेत्र थियो र अन्तर्मुखता, सहनशीला आदि दिव्य शक्तिहरु उनका अष्टभुजा थिए । यिनै शक्तिको कारण उनी आदि शक्ति अथवा शिव शक्ति कहलाइए । यिनै कुमारी शक्तिले भारतका नरनारीहरुलाई जगाए र उनीहरुलाई उत्साहित गरेर आसुरी प्रवत्तिहरुको नाश गरे । उनीहरुको एउटा पनि बीज, अंश या विन्दु पनि रहन दिएन ताकि संसारमा फेरि यस्ता आसुरीपन नफैलियोस् । उनीद्वारा दिइएको ज्ञानको सम्झनाको रुपमा आज नवरात्रीको प्रारम्भमा घटाको स्थापना गरिएको हो । उनीद्वारा जागृत गराएको स्मृतिमा भक्तजन रातभर जाग्राम गर्दछ तथा योगद्वारा आत्मिक प्रकाश दिएको कारण अखण्ड दीप जलाउने गरिन्छ । यिनै नारीहरुको महान कर्तव्यको कारण नैं हरेक वर्ष कन्याहरुको पूजा तथा प्रार्थना गरिन्छ कि 'हे अम्बे, हे आमा मेरो ज्योति जगाइ देउ र मलाई यस्तो शक्ति देउ कि मेरो भित्रको अन्धकार मेटाइ दिन सकूँ ।[१८०]

तर मानिसहरुलाई यो थाह छैन कि अब फेरि कलियुगको अन्त्यको समय आइरहेको छ र फेरि आसुरियता तथा भ्रष्टचारको बोलबाला चलेको छ । यस्तो बेलामा शिव पुनः नारीहरुलाई ज्ञान शक्ति दिएर पुनः मानिसहरुलाई आत्मिक ज्योति जगाइरहेको छ आसुरियताको अन्त्य गर्ने कार्य गरिरहेको छ । यसकारण हामी सबैको कर्तव्य हो कि हामी केवल जयघोष या कर्म काण्डमा मात्रै नलागौं बल्कि आफ्नो मनभित्रको महिषासुर, मधुकैटभ, रक्तबीज या धुम्रलोचनको नाश गर्ने अभियानमा लाग्नु पर्छ । वास्तवमा ज्ञानद्वारा आत्मज्योतिलाई जगाउनु नैं सच्चा दीप जगाएर सही रुपमा नवरात्री मनाउनु हो । यही नारायणद्वारा मोह निद्रालाई छोड्नु तथा मधु कैटभलाई मार्नु वा आध्यात्मिक शक्तिद्वारा महिषासुर तथा धुम्रलोचन र रक्तवीज आदिको संहार गर्नु हो ।[१८१] यस दृष्टिकोणबाट यस ईश्वरीय विद्यालयले नवरात्रीको व्याख्या गर्ने गरेको छ ।

### ७.२.३ दीपावली

हिन्दुहरुको अर्को पर्व दीपावली हो । कार्तिक महिनाको औंशीको रात्रीमा घरघरमा प्रकाशको दीपक जगमगाउँदै गरेको वेला बालबृद्धा तथा युवायुवती र सम्पूर्ण समाज नै आनन्दले विभोर भएका हुन्छन् । यो पर्वमा सबैले आ-आफ्ना घरहरु सफा सुग्घर गर्दछन भने व्यापारीहरुले यस समयमा आफ्ना पुराना खाता बन्द गरी नयाँ खाता प्रारम्भ गर्दछन् । भनिन्छ कि धनकी देवी लक्ष्मी यस शुभरात्रीमा भ्रमण गर्दछिन् र अलौकिक गहनालाई धन धान्यबाट सम्पन्न गर्दछिन् । आफ्नो भाग्यको परीक्षा लिनको लागि दीपावलीको दिनमा जुवा

---

[१८०] ब्र.कु.अप्सरा, *पूर्ववत्* , पादटिप्पणी नं. १ ।

[१८१] ब्र.कु.जगदीश चन्द्र, *पूर्ववत्* , पादटिप्पणी नं. १८, पृ.४२५ ।

पनि खेल्ने गर्दछन् । साथै मानिसहरु भैली तथा देउसी पनि खेल्ने गर्दछन् । तर आश्चर्य सदियौंदेखि यी कार्यहरु गर्दै आएर पनि मानिसले कुनै दिन यो कुरामा विचार पुऱ्याएका छन् कि लक्ष्मीको स्वागतको लागि प्रतिवर्ष दीपमाला लगाएर पनि आज संसार किन दिन प्रतिदिन गरीवीको खाडलमा पुरिदै गैरहेका छन् ? जगमगाएको दीपक देखेर पनि लक्ष्मी किन हामीसँग रिसाएकी छन् ? किन हामीसँग आकर्षित हुन सकिरहेकी छैनन् ? त्यसो भए लक्ष्मीले कस्तो दीप जलेको हेर्न चाहेकी हुन् त ? वास्तवमा आत्मा नै दीपक हो । विकारहरुको वशीभूत हुनुको कारण वर्तमान समय आत्माको प्रकाशमा मलिनता आएको छ । मानिसको अर्न्तमन अन्धकारपूर्ण छ । के यस्ता मानिसहरुबीच लक्ष्मीको शुभ आगमन हुन सक्छ ? विडम्वना यो छ कि आज मानिसहरु आत्मा दीप प्रज्वलित गरी कमल पुष्पसमान अनाशक्त बनी कमलासीन श्री लक्ष्मीको आव्हान गर्नुको बदला माटोको दियो बाली मानिस आफैं कुहिरोको काग बनिरहेका छन् । आफ्नो मनमन्दिरको सफाई गर्नुको साटो बाहिरी सफाइमा नै मानिसहरु व्यस्त भैरहेका छन् । त्यसैकारण मानिसहरु लक्ष्मीको आव्हान गर्न असफल भएका छन् । कमल सदृष्य बनेर नै कमलासीन लक्ष्मीलाई प्राप्त गर्न सकिन्छ । औंशीको कालो रात जस्तै आज चारैतिर अन्धकार छाएको छ । मानिसले कहीं पनि आफ्नो मार्ग पहिल्याउन सकेको छैन । अनेक मत मतान्तरको जालमा सम्पूर्ण मानवहरु भ्रमित भएका छन् । सबै आत्माको ज्योतिमा मलिनता आइसकेको छ । यस्तो समयमा सधैं जलिरहने ज्योति एवं परमज्योति परमात्मा शिव, सर्व आत्माहरुको ज्योति जगाउनको लागि कल्प पहिले जस्तै अहिले पनि यस धर्तीमा अवतरित भैसक्नु भएको छ ।[१८२] यसरी दीपावलीको महत्व प्रकट गरिएको पाइन्छ ।

## ७.२.४ रक्षावन्धन

रक्षाबन्धन हिन्दुहरुको अर्को महत्वपूर्ण चाड हो । यो चाड हरेक वर्ष श्रावण पूर्णिमाको दिन मनाइन्छ । यो पर्व भाइवैनीहरुवीचको पारस्परीक स्नेह तथा सम्वन्धको रुपमा मनाउने गरिन्छ । यो दिनमा बहिनीद्वारा भाइलाई राखी बाँधिन्छ र मिठाइ खुवाइन्छ कि भविष्यमा उनीहरुबीचको सम्वन्ध रक्षाबन्धनको धागो जस्तै पवित्र जस्तै रहोस् । त्यसदिन भाइले पनि आफ्नो नाताअनुसारको कर्तव्य जिम्मेवारीपूर्वक निभाउने वाचा गर्दछ । तर ज्ञानको दृष्टिबाट हेर्दा यो चाड एक रहस्ययुक्त चाड हो । यदि यसको यस रहस्य जानेमा र ज्ञानयुक्त रीतिले हेर्ने र मनाउने हो भने मनुष्यको मुक्ति प्राप्त गर्न सकिन्छ ।[१८३]

---

[१८२] ब्र.कु.जगदीश चन्द्र, *पूर्ववत्* , पादटिप्पणी नं. १८, पृ.४९४।

[१८३] ब्र.कु.कमला, *रक्षावन्धनको वास्तविक रहस्य,* भैरहवाः ईश्वरीय उपहार, वर्ष २, अंक ३, प्र.ब्र.कु.ई.वि.वि., २०६१,पृ ४ ।

यस पर्वको पछाडि रहस्य यो छ कि सृष्टिको आदिकालमा परमात्मा शिव र प्रजापिता ब्रह्माको निर्देशनअनुसार सच्चा ब्राह्मणहरुले तथा शिव शक्तिरूपा बहिनीहरुले मनुष्यलाई पवित्र बनोस् अर्थात काम, क्रोध जस्ता विकारहरुमाथि विजय प्राप्त गर्न सकोस् भनी यो बन्धन बाँधेका थिए ।[१८४] यो एक स्वतन्त्र र प्यारो बन्धन हो । बन्धन दुइ प्रकारका हुन्छन्- एउटा ईश्वरीय, अर्को सांसारिक वा कर्मको बन्धन । ईश्वरीय बन्धनले मानवलाई सुख दिन्छ भने कर्म बन्धनले दुःख प्राप्ति हुन्छ । रक्षाबन्धन ईश्वरीय बन्धन, आध्यात्मिक बन्धन र धार्मिक बन्धन पनि हो । [१८५]

भनिन्छ यस पर्वलाई राम्रोसँग मनाएमा स्वर्ग प्राप्ति हुन्छ । यो सांसारिक बन्धनबाट मुक्त हुन मानिसहरु महात्माहरुकहाँ गएर सोध्छन् कि हामीले ईश्वरको स्वरुपमा मनलाई कसरी जोड्ने ? रक्षाबन्धन केवल सांसारिक बन्धनबाट नारी जातिको रक्षाको लाीग मात्र होइन अपितु सर्वप्रथम नर तथा नारीले दुवैले रक्षाबन्धन बाँधेर पवित्रताको व्रत धारण गरी अन्य मनुष्यात्माहरुलाई पनि कल्याणकारी बन्धनमा बाँध्नु यसको सार्थकता हो । रक्षाबन्धनको पर्व अलौकिक ईश्वरीय सेवाधारी बहिनीहरुद्वारा नै प्रारम्भ हुन्छ । सवै मनुष्यात्माहरु एउटै पिता परमात्माका सन्तान भएकोले आत्मिक रुपमा नैं सवै आपसमा भाइवैनीहरु हुन् । रक्षाबन्धन केवल शारीरिक रक्षाको लागि मात्र होइन, यसको अर्थ भाइले बहिनीहरुको पवित्रता, लाज अथवा सतित्वको रक्षा गर्नु पनि हो । आफ्नो भाइलाई रक्षाबन्धन बाँध्दा बहिनीको मनमा यो भाव उत्पन्न हुन्छ कि जसरी तिमीले मलाई आफ्नो बहिनी सम्झन्छौ त्यसरी नै संसारका अन्य नारीहरुलाई पनि आफ्नो बहिनी सम्झ । अनि मात्र मेरो लाजको पनि इज्जत रहन्छ ।[१८६]

रक्षाबन्धन केवल धागोले बनेको हुन्छ तर यसमा जुन भाव भरिएको छ र जुन विचारको प्रतीक रहेको छ, त्यसले जीवनलाई अति उच्च र श्रेष्ठ बनाउँछ । यदि यस मुख्य भावलाई कसैले छोड्छ भने रक्षाबन्धनको कुनै मूल्य रहदैन । इन्द्रयाणीले आफ्ना दाजु इन्द्रलाई राखी बाँधिदिएपछि नै उनले गुमाएको राज्य फिर्ता पाए । त्यस्तै ब्राह्मणहरु यजमानलाई तागो (रक्षाबन्धन) बाँध्दछन् ।[१८७] यी सवै कुरा विचार गर्दा यो स्पष्ट हुन्छ कि रक्षाबन्धन ब्रह्मचार्यको प्रतीक हो ।

---

[१८४] ब्र.कु.जगदीश चन्द्र, *पूर्ववत्* , पादटिप्पणी नं. १८, पृ.१५७ ।

[१८५] ब्र.कु.कमला, *पूर्ववत्* , पादटिप्पणी नं. ३२, पृ. ४ ।

[१८६] ब्र.कु.जगदीश चन्द्र, *पूर्ववत्* , पादटिप्पणी नं. १८, पृ.१६० ।

[१८७] *ऐजन,* पृ.१९२ ।

रक्षाबन्धन पवित्रताको बन्धन हो । यो अनौठो बन्धनले सबैको दुःखदायी बन्धन समाप्त हुन्छ । पवित्रताको सागर परमात्मा शिवले हामी सवै आत्माहरुलाई यो बन्धन बाँधी पवित्रता बचन दिएर जन्म जन्मान्तरको लागि सुखदायी बनाउनु हुन्छ । यस पवित्रतम् पर्वमा अलौकिक बहिनीहरुले कुनै धनसम्पत्तिको दक्षिणा माग्दैनन् । तर मनभित्र जुन पाप, विकारी तथा आसुरी गुणहरु छन्, त्यस्ता विकारी वस्तुहरुलाई संकल्पका साथ दान गर्नु पर्दछ । सदासर्वदा दिव्य गुणहरुले आफ्नो सुगन्ध विश्वको कुनाकाप्चामा फैलाउने तथा मधुर वचन बोलेर आफूलाई मृदुभाषी बनाउनु पर्दछ । यही वास्तविक रहस्य रक्षाबन्धनको दिनमा परमात्मा शिवले प्रजापिता ब्रह्माको माध्यमद्वारा मनुष्यात्मालाई सम्झाएर सतयुगी दैवी दुनियाँको स्थापना गर्दैछन् ।[१८८] यसकारण वर्तमान अवस्थामा धर्मको जुन ग्लानि भइरहेको छ त्यस सन्दर्भमा रक्षाबन्धनको विशेष महत्व रहन पुगेको छ भनेर ब्रह्माकुमारी विश्व विद्यालयको विश्वास रहेको छ ।

### ७.२.५ कृष्ण जन्मअष्टमी

हरेक वर्ष भाद्र महिनाको कृष्ण पक्षको अष्टमीका दिन श्रीकृष्णको जन्म दिन मनाइन्छ । जसलाई श्रीकृष्ण जन्माष्टमी पनि भनिन्छ । कृष्णलाई हिन्दु दर्शनमा भगवानको रुपमा मान्ने गरिन्छ । तर कतिपय विद्वानहरु कृष्ण भगवान नभएर दैवीगुण सम्पन्न मनुष्य हुन् भन्ने मत जाहेर गरेका छन् । एकातिर कृष्णको गायन पूजन चल्दै आइरहेको छ जसले गर्दा लाग्छ उनी अवश्व पनि एक दिव्य विभूति होलान् तर अर्कोतिर उसको जन्म तथा लीलाको बारेमा जुन विचित्रका कुराहरु सुनिन्छन् ती कुराहरु कुनै बुद्धिमान व्यक्तिहरुले स्वीकार गर्न सक्दैनन् । यस्तो हुनाको मुख्य कारण मानिसहरु श्रीकृष्णलाई गीताको भगवान सम्झनु हो । यस्तै सम्झेर सर्वोत्तम देवता श्रीकृष्ण र निराकार परमात्मा शिवको चरित्रलाई तोडमरोड गरेर उनको यस्तो अजीव सम्मिश्रण चित्र प्रस्तुत गरे कि निराकार परमात्मा र श्रीकृष्ण देवता दुवैको वास्तविक परिचय नैं लोप भइदियो । त्यसैले यस ईश्वरीय विश्व विद्यालयले यसलाई पनि वास्तविकतामा ल्याउने प्रयास गरेको छ ।[१८९]

परमात्मा जन्म पुनर्जन्मको चक्करबाट सदा मुक्त रहन्छ । उसको निजी निराकार ज्योतिस्वरुप कहिल्यै पनि परिवर्तन हुँदैन । यसकारण उसलाई सदाशिव भनिन्छ ।[१९०] गीतामा भनिएको छ कि 'मैले परमात्मा साधारण मनुष्यको झैं आमाको गर्भबाट लौकिक जन्म

---

[१८८] ब्र.कु.कमला, *पूर्ववत्*, पादटिप्पणी नं. ३५, पृ. ४ ।

[१८९] ब्र.कु.शिशिर, *पूर्ववत्*, पादटिप्पणी नं. १६ ।

[१९०] *ऐजन ।*

लिदिन । म प्रकृतिको अधीन अर्थात परकाया प्रवेश गरेर दिव्य जन्म लिएर अवतरित हुन्छु' कृष्णले त आमाको गर्भबाट लौकिक जन्म लिएका थिए । यसबाट स्पष्ट हुन्छ कि गीतामा वर्णित भगवान परमात्मा निराकार अर्थात अशरीरी थिए ।[१९१] परमात्माको न कुनै शारीरिक रुप वा नाम नै छ । जब कि श्रीकृष्ण शरीरधारी थिए । गीतामा भगवान भन्नु हुन्छ कि 'म परमात्मा जो हुँ जस्तो रुपमा छु त्यही रुपमा मलाई बुझेर मेरो साथ योगकर्मी बन, देवताहरुको याद गर्नाले मेरो प्राप्ति हुन सक्दैन ।'

त्यस्तै श्रीकृष्ण अकर्ता वा अभोक्ता थिएनन् । श्री कृष्णको लौकिक माता पिताका साथै गुरु पनि थिए । वाल्यावस्थामा उनी मातापिताद्वारा पालित थिए । वास्तवमा कृष्ण सतयुगी चक्रवर्ती राजगद्दीका स्वामी, प्रथम विश्व महाराजन अथवा सम्पूर्ण जगतका नाथ थिए । उनी सृष्टिरूपी कल्प वृक्षको प्रथम १६ कला युक्त पुरूषोत्तम थिए । तर परमात्माको कुनै मातापिता वा गुरु हुँदैनन् न त उनी कुनै राजभोग नै गर्दछन् । यस अर्थमा परमात्मा अभोक्ता र अकर्ता दुवै हुन् ।[१९२]

प्रायः मानिसहरु श्रीकृष्णलाई एक अजेय योद्धा, उच्च धार्मिक योगारुढ महापुरुष, प्रतिभाशाली कुटनीतिज्ञ, तथा एक निपूर्ण मुरलीवादकको रुपमा चिन्ने गर्दछन् । यसकै सेरोफेरोमा रहेर मानिसहरु उनको गुणको वखान गर्दछन् । तर प्राचीन अथवा आर्वाचीन ग्रन्थहरुमा यिनै लक्षणहरुमा श्रीकृष्णको महानतालाई स्पष्ट गर्नको लागि जुन वृत्तान्तको उल्लेख गरिएको छ त्यसले उनको महानतालाई सहयोग हैन कि उल्टो बाधक बनाएको छ । जस्तै- कृष्णको वाल्यकालमा नौनी चोरेर खाएको, उनलाई मोहन या मनमोहनको रुपमा चित्रित गर्नुको साथै उनमा चंचलता, अनुशासनहीनता, इन्द्रिय निग्रहको अभाव तथा चोरीको अस्तित्वको पनि उजागार गरिएको छ । द्वापर तथा कलियुगको मनभावना तथा लोभलाग्दो बच्चाहरुको यो प्राकृतिक स्वभाव हो । तर कृष्ण विलक्षण प्रतिभाका धनी थिए । उनी मनमोहक यसकारण थिए कि उसको रुपलाई देखेर मान्छेको आँखालाई आराम मिल्दथ्यो, लाग्थ्यो कि सारा सौन्दर्य नै उनको रूप लावण्यमा मुग्ध भएको छ । यसैकारण उनको नाम सुन्दर भएको हो । निसन्देह बाल्यकालमा उनको क्रियाकलापमा चंचलता थिए होलान् तर उसमा दिव्यता पनि थियो । जुन नियमको योगीहरु अभ्यास गर्दथे त्यो उसलाई जन्मैबाट मिलेको थियो ।[१९३]

---

[१९१] *ऐजन ।*

[१९२] *ऐजन ।*

[१९३] *ऐजन ।*

हिन्दू धर्मका ग्रन्थहरुमा अर्जुनको साथ कृष्णसँग जुन साथीत्व देखाइएको छ त्यसको उल्लेख गर्दागर्दै उनलाई अर्जुनको साथ रक्सी पिएको र द्रौपदी हुँदाहुँदै पनि आफ्नी बहिनी सुभद्रासँग विवाह गराउन उद्यत देखाइएको छ । यति मात्र हैन द्वारकामा एक सन्यासीको भेष धारणा गरेर मन्दिरमा गैरहेकी सुभद्रालाई अपहरण गर्ने तथा उसलाई रक्षा गर्नेलाई पनि मार्नेसम्मको सल्लाह दिएको उल्लेख गरेको छ । त्यस्तै उनलाई बाँसुरी बजाएर स्त्रीलाई आकर्षण गर्दै र उनीहरुसँग रासलीला गरेको, थुप्रै रानीहरु बनाएको र डेढ करोड भन्दा बढी बालबच्चाहरु जन्माएको भनेर भनिन्छ । यो सब गलत हो । कृष्णलाई यसरी स्त्रैण भावको रुपमा देखाउनु केवल लेखकहरुको उछृश्रृंखलता मात्र हो । यो ईश्वरीय विद्यालय के स्पष्ट पार्न चाहन्छ भने वास्तवमा मान्छेहरुलाई श्रीकृष्णको वास्तविक गाथा थाहै छैन । वास्तवमा श्रीकृष्ण आफ्नो पूर्वजन्ममा मनोविकारको विरुद्ध युद्ध कलामा सबैभन्दा कुशल थिए ।[१९४] उनी आफ्नो शरीररुपी रथको कर्मेन्द्रियरूपी घोडाको सञ्चालनको दृष्टिले कुशल सारथी थिए । उनी विश्वशान्तिका सफल दूत थिए । उनी योगीराजका साथै बालसुलभ सरलताको मूर्ति थिए तथा ज्ञान मुरली वादनमा निपुण आत्मारुपी गोपीलाई अतिन्द्रिय सुख दिन सक्ने थिए । त्यसैले उनलाई '१६कला सम्पूर्ण तथा पुरुषोत्तम' भनेर भनिन्छ ।[१९५]

कलियुगको अन्त्यमा ब्रह्माचर्यको व्रत लिने योगीजनहरूले सम्पूर्ण पवित्रता प्राप्त गरेपछि अर्थात तमोप्रधानबाट सतोप्रधान बनाएपछि सत्ययुगको शुरुमा श्रीकृष्णको सच्चा जन्मदिनलाई आफ्नो नेत्रद्वारा देख्न सकिन्छ र सत्ययुगमा गोपीगोपिनीहरु श्रीकृष्णको साथमा मंगलमिलन पनि मनाउन सकिन्छ । तसर्थ वास्तविकतालाई आत्मसात गर्दै ब्रह्माकुमारी ईश्वरीय समाजमा जन्मअष्टमीलाई विशेष पर्वको रुपमा मनाइने गरिन्छ ।[१९६]

## ७.२.६ होली

हामीले मनाउँदै आएको अर्को महत्वपूर्ण पर्व भनेको होली वा फागु पूर्णिमा हो । वसन्त ऋतुको आगमनसँगै प्रकृतिमा छाउने हरियाली वातावरणसँगै यस पर्वलाई धुमधामसँग मनाउने गरिन्छ । यो पर्व आफन्तजन वा साथीहरुको वीचमा विभिन्नथरिका रंगहरु एकापासमा दलेर खेल्ने गरिन्छ । यसरी रमाइलो गर्नुको साथै एक अर्कासँग स्नेह मिलन गर्ने तथा पुराना तीता कुराहरुलाई बिर्सेर सम्वन्धको पुनः नवीकरण गर्ने गरिन्छ । त्यसैले यस पर्वलाई मानव मानवबीचको सम्वन्ध र सदाशयतालाई जीवन्त बनाउने कडीको

---

[१९४] *ऐजन ।*

[१९५] *ऐजन ।*

[१९६] *ऐजन ।*

रुपमा पनि लिने गरिन्छ तर आज यसको वास्तविक रूप भन्दा भिन्दै तरीकाले मनाउने गरिएको छ । वास्तवमा यो एक महत्वपूर्ण आध्यात्मिक पर्व हो तर आध्यात्मिक ज्ञान र नैतिकतालाई बिर्सेर हुलदंगा गरी मनाउनाले आज यस पर्वप्रति वितृष्णाता जागेको छ । त्यसैले अब होलीको वास्तविक स्वरुपलाई बुझ्री सुन्दर ढंगबाट मनाउनु आजको आवश्यकता बनेको छ । आज होलीको आध्यात्मिक रहस्य जान्नु परेको छ जसले जीवनको सही मार्गको दिशा मिल्न सक्छ । होली पर्व शिवरात्रीको पछि फागुपूर्णिमाका दिन मनाउने गरिन्छ । विशेषतः यस पर्वलाई ४ तरीकाले मनाइन्छ ।

१. एक अर्काप्रति रंग दलेर अर्थात संस्कार र स्वभावलाई मिलाउने प्रेरणा यसले दिन्छ ।
२. होलिकालाई जलाइन्छ जसको अर्थ हुन्छ आफूद्वारा गरिएको खराव कार्य वा नराम्रो विचारलाई अग्नि ज्वालामा दहन गर्नु ।
३. हामीलाई आफ्नो भित्रैबाट ईर्ष्या र द्वेषको निर्मुल पार्न प्रेरणा दिन्छ अर्थात मंगल मिलनको अवसर प्राप्त हुन्छ ।
४. कतिपय भक्तजनहरु श्रीकृष्णको रुपमा कुनै बालकलाई सजाएर झुलामा झुलाएर राख्छन् जसले हामीलाई यो उत्साह दिन्छ कि हामी पनि श्रीकृष्ण जसरी नैं सदा सर्वदा अतिइन्द्रिय सुखको झुलामा झुलौं ।[१९७]

भारत वर्षमा देशी वर्ष फागुनको पूर्णिमामा समाप्त हुन्छ । फागुन पूर्णिमाको राती होलिकालाई जलाउनुको अर्थ यो हो कि विगत वर्षको सम्पूर्ण गल्ती, गलत विचार वा नराम्रा कार्यहरुलाई अग्निमा जलाइदिनु तथा आउने वर्षमा हाँस्दै, गाउँदै पवित्रताको पालन गर्दै अघि बढ्नु । किनकि हरेक वस्तुहरु आगोमा जलेपछि पवित्र एवं शुद्ध हुन्छ । यसको अतिरिक्त वर्षको अन्त्यमा यो पर्वलाई मनाउनुको दृष्टिले यो कुराको परिचय दिन्छ कि यो पर्व कल्पको अन्त्य कलियुगमा मनाइएको थियो ।[१९८] जसको कारण कलियुगमा रहेका दुःख, रोग, अशान्ति, दरिद्रताको तमोप्रधान रातको अन्त्य भएर सत्ययुगी दुनियाँको सुख-शान्ति तथा पवित्रताको शुरुवात भएको थियो । तर विचारणीय कुरा के छ भने के गोवरको गुईंठा वा दाउरा जलाएर मानवको सम्पूर्ण दुःख दर्द हुन्छ त ? गोवरको गुईंठाको अग्निमा हैन योगको अग्निले नै हाम्रो नराम्रो कर्म, खराव विचार, कुसँस्कारलाई जलाइदिन्छ । तसर्थ यो पर्वले हामीलाई परमात्मा शिवसँग बुद्धियोग गर्नको लागि प्रेरणा दिन्छ जसले पूर्ण पवित्रता र सुख शान्ति प्राप्त गर्न मद्दत पुऱ्याउँछ ।[१९९]

---

[१९७] ब्र.कु.जगदीश चन्द्र, *पूर्ववत्* , पादटिप्पणी नं. २१, पृ. १४२ ।

[१९८] *ऐजन,* पृ १४३ ।

[१९९] *ऐजन ।*

होलीलाई होलिका दहन पर्वको रुपमा पनि मनाइन्छ । शास्त्रअनुसार होलिका हिरण्यकश्यपुकी बहिनी थिइन् । उनले ब्रह्माबाट आगोमा नडढ्ने बरदान पाएकी थिइन् । त्यसैले द्वापर युगमा हिरण्यकश्यपुले भगवान भक्त प्रल्हादबाट आजित भएर उसलाई मार्न भनेर आफ्नी बहिनी होलिकासँगै आगोमा हालिदिन्छ । तर होलिका मात्र जल्छिन् तर प्रल्हाद जल्दैनन् । उ मृत्युको यो षड्यन्त्रबाट पनि बच्न सफल हुन्छ । प्रल्हादको अर्थ हिन्दीमा 'प्रिय औलाद' हुन्छ भने प्यारो छोरा । तसर्थ हामी पनि ईश्वरको प्यारो छोरा बन्न सक्नु पर्छ भन्ने सन्देश पनि होलीले दिन्छ ।[२००]

तर होलिकाको अर्थ 'भुटेको अन्न' हुन्छ । होलीको अवसरमा गहुँ र जौ भुटिन्छ । आध्यात्मिक भाषामा ज्ञान र योगलाई अग्नि पनि भनिन्छ । जसरी भुटेको अन्नबाट नयाँ फलको उत्पत्ति हुँदैन त्यसरी नै ज्ञान र योगको अवस्थामा गरिएको कर्मले पनि विकर्मको रुप लिन सक्दैन । अतः होलिका यो कुराको पनि प्रतीक हो कि परमात्मा शिवले कलियुगी सृष्टिको अन्त्यमा मनुष्य आत्माहरुलाई ज्ञान योगको अग्निमा कर्मरुपी बीउलाई भुटेर जुन सद्गति दिएका थिए अर्थात शुद्ध कर्म गर्न प्रेरित गरेका थिए । यसरी केही दाउरा वा गुईंठा बालेर मात्र हैन बरु योग अग्निमा आफ्नो पुरानो तथा दुषित संस्कारलाई जलाएर भष्म बनाइ र जुन कर्म गरिन्छ ज्ञान युक्त भएर गर्नको लागि प्रेरणा दिन्छ । यसरी भौतिक शरीर रुपी होलिका जलेको नभै हाम्रा कुविचार र कुसंस्काररुपी होलिकाको दहन भएको हो ।[२०१]

होली शब्दलाई हिन्दीमा हो-ली अर्थात 'भैसक्यो' भन्ने अर्थमा प्रयोग गरिन्छ । अर्थात म आत्मा ईश्वरको भैसकें भन्ने पनि बुझिन्छ ।[२०२]

होली शब्दलाई अंग्रेजीमा Holy पनि भनिन्छ जसको अर्थ नेपालीमा पवित्र भन्ने हुन्छ । यस दिनमा परमात्मा आएर पतित भएका मानवहरुलाई पवित्र वा पावन बनाउने हुनाले सोको सम्झना स्वरुप पनि मनाइने पर्व होली हो । यसरी दानवलाई मानव बनाउने पर्व नैं होली हो ।[२०३]

होली पर्वमा एक अर्कामा रंग खेलेर मनाउने गरिन्छ । यस पर्वमा रंग दल्नुको अर्थ ज्ञानको रंग एक अर्कामा निःसृत गर्नु भन्ने वुझिन्छ । ज्ञानी मनुष्यहरु आफ्नो सम्पर्कमा भएकाहरुप्रति ज्ञानको रंग बाँड्ने गर्दछ । त्यसमा अझै रातो रंगको बढी प्रयोग गरिन्छ जसको अर्थ शक्ति हुन्छ । जबसम्म मनुष्य ज्ञानको रंग एकअर्कामा बाँड्दैनन् तबसम्म

---

[२००] ब्र.कु.शिशिर, *पूर्ववत्* , पादटिप्पणी नं. १६ ।

[२०१] ब्र.कु.जगदीश चन्द्र, *पूर्ववत्* , पादटिप्पणी नं. २१, पृ १४३ ।

[२०२] *ऐजन,* पृ १४१ ।

[२०३] ब्र.कु. शिशिर, *पूर्ववत्* , पादटिप्पणी नं. १६ ।

उनीहरु आनन्दित हुन सक्दैनन् र परमात्मासँगका मधुरमिलन पनि हुन सक्दैन र जीवन अलौकिक सुखबाट बञ्चित रहन्छन् । आज मनुष्य काम, क्रोध, लोभ, मोह र अहंकार वा आलस्य जस्ता कुसंस्कारले बशीभूत भएका छन् । यस्तो अवस्थामा ज्ञानरुपी रातो रंग दलेर मनुष्य आत्माले परमात्मासँग सम्वन्ध जोड्ने शक्ति प्राप्त गर्दछ । अतः दुषित विचार वा संकल्पलाई ज्ञानसागरमा धुनु नै वास्तविक होली हो ।[२०४] यस दृष्टिकोणबाट ईश्वरीय विश्व विद्यालय शिक्षामा होलीलाई हेरिन्छ ।

## ७.३ हिन्दुहरुको धर्मशास्त्र गीताप्रति प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको अवधारणा

श्रीमद्भागवद्गीता एक यस्तो लोकप्रिय ग्रन्थ हो जसलाई मानिसहरु शदियौंदेखि बडो श्रद्धाभावले पढ्दै, पढाउँदै वा सुन्दै र सुनाउँदै आएको छ । कति मान्छेहरु त आज पनि प्रतिदिन विहान जबसम्म गीताको केही श्लोकलाई उच्चारण गर्दैनन् तवसम्म न त उसले केही खाने, पिउने गर्दछ नत आफ्नो सांसारिक कार्य नै प्रारम्भ गर्दछ । चीरकालदेखि नै यसलाई 'भगवानको वाणी' मान्दै आएका छन् र यही भावनाले गर्दा आफ्नो घरमा गीता राख्नु एक महान धार्मिक कार्य सम्झिदै आएका छन् ।[२०५] यही भावनाले गर्दा कोही मानिस मृत्युशैय्यामा हुँदा पनि गीता पाठ गर्ने गरिन्छ । किनकि गीताको श्लोक सुन्नाले उसको सद्गति राम्रोसँग हुन्छ । आम मान्यता यो पनि छ कि जसको घरमा गीता छ उसको घरमा शान्ति हुन्छ र भूतप्रेतहरु सबै भागेर जान्छन् । त्यस्तै गीता पाठ गर्नाले मानिस पाप तथा सन्तापबाट मुक्त हुन्छ ।[२०६]

तर प्रश्न यो छ कि आज घरघरमा गीताको यत्रो विश्वास हुँदाहुँदै पनि फेरि अपार दुःख किन ? घरघरमा क्लेश तथा कष्ट किन भैरहेको छ ? मानिसहरुले काम, क्रोध जस्ता विकारबाट किन मुक्ति पाउन सकेका छैनन् ? अवश्य पनि गीतासँग सम्वन्धित केही यस्तो महत्वपूर्ण कुरा छ कि जसलाई मान्छेले समयान्तरमा भुलेका छन् । यसबारेमा यस ईश्वरीय विश्व विद्यालयको यो धारणा छ कि वास्तवमा मानिसहरुलाई गीतामा उल्लेखित भगवानको यथा परिचय छैन । यसकारण नै उनीहरुलाई श्रेष्ठता तथा पूर्णता प्राप्ति हुन नसकेको हो ।

निःसन्देह गीताको महत्व प्राचीकालदेखि नै रहिआएको छ । संसार अन्य मतावलम्वीहरुले पनि यस ग्रन्थलाई सर्वश्रेष्ठ मानेका छन् । यस ग्रन्थको नाम 'श्रीमद्भगवद

---

[२०४] ब्र.कु.जगदीश चन्द्र, *पूर्ववत्* , पादटिप्पणी नं. २१, पृ १४५ ।

[२०५] ब्र.कु. शिशिर, *पूर्ववत्* , पादटिप्पणी नं. १६ ।

[२०६] *ऐजन ।*

गीता' भएर पनि र यसमा 'भगवानुवाच' जस्ता शब्दको प्रयोग हुँदा पनि यस ग्रन्थलाई करोडौं मानिस स्वयं भगवानको बाणी किन मान्दैनन् ? अवश्य पनि मानिसहरुलाई गीतामा उल्लेखित 'भगवानुवाच'को सही बोध छैन । त्यस्तै उनीहरुलाई गीतामा लेखिएको 'कृष्ण' र 'भगवान'- यी दुइ स्वरुपको पनि सही ज्ञान छैन । यसको बारेमा विभिन्न विद्वानहरुको भनाई पनि फरक पाइन्छ ।[२०७]

आज जुन गीता उपलव्ध छ त्यो महाभारतको युद्धमा कृष्णले अर्जुनलाई दिएको उपदेश हो भनेर भनिन्छ । यसको अध्ययन गरिसके पछि मान्छेको मनमा यो प्रश्न उठ्न सक्छ कि -

१. भगवान त धर्मको स्थापनाको निम्ति अवतरित भएका थिए । तर के उनले यो ज्ञान केवल अर्जुनलाई मात्र सुनाएका थिए होला ? यदि यो युद्धको मैदानमा दिएको हो भने अरुलाई कसरी सुनाए होलान् ?

२. भगवानले गीतामा अहिंसाको उपदेश दिएका छन् भने कसरी उनले हिंसाजन्य युद्ध गराउन उक्साए होला ? यस सम्वन्धमा स्वामी विवेकानन्द भन्नु हुन्छ कि

> "ज्ञान, भक्ति, योग आदि विषयहरुको बारेमा यतिका विधि चर्चा युद्धभूमिमा, जहाँ विशाल सेना लड्नको निम्ति तयार छ, त्यहाँ कसरी सम्भव छ ? के युद्ध क्षेत्रको त्यस कोलाहलमा यस वार्तालापको प्रत्येक शब्दलाई लिपिबद्ध गर्ने कोही व्यक्ति त्यहाँ उपस्थित थिए होला ? केही व्यक्तिहरुको विचार चाहि यो छ कि यो युद्ध रुपकमय दृष्टान्त हो जसको गुह्य अर्थ यो हुन्छ कि मनुष्य भित्रको खराव बृत्तिहरुको विरुद्ध चलिरहेको संघर्षको उपमा यस स्थुल युद्धसँग गरियो ।"[२०८]

त्यस्तै महात्मा गान्धी भन्नुहुन्छ कि,

> "यस ग्रन्थमा भौतिक युद्धको बहानामा प्रत्येक मनुष्यको हृदयभित्र निरन्तर भैरहने द्वन्द्व नै युद्धको वर्णन हो । मानुषी योद्धाहरुको रचना हृदयगत युद्धको रोचक बनाउनको निम्ति गरिएको कल्पना हो । यो प्राथमिक स्फुरण धर्म र गीताको विशेष विचार गरेपछि पक्का भयो । त्यस्तै महाभारत पढेपछि यो कुरा अझै पक्का भयो कि साधारण पारिवारिक झगडाको औचित्य

---

[२०७] *ऐजन ।*

[२०८] ब्र.कु. जगदीशचन्द्र, ***श्रीमद भगवद्गीता का सत्य सार,*** राजस्थानः प्र.ब्र.कु.ई.वि.वि., मिति उल्लेख नभएको, पृ.५ ।

अनौचित्यको निर्णय गर्नको लागि गीता जस्तो महान ग्रन्थको रचना सम्भव छैन ।"[२०९]

सबैलाई थाह छ कि कुनै महात्माले पनि लोकमा रक्तपातको शिक्षा दिदैन । उनले त अहिंसा, प्रेम तथा सहिष्णुताको पाठ पढाउने गर्दछ । त्यस्तै भगवान जसलाई सबैले परमपिता मान्दछ तथा विभिन्न महिमासूचक बिशेषणद्वारा याद गरिन्छ उनले कसरी आफ्नै भाइहरुमा हिंसायुक्त युद्ध गर्नको लागि ज्ञान दिए होलान् ?

३. भगवान त्रिलोकीनाथ हुन भने के उनले अर्जुनको रथको सारथी बने होलान् ? के नष्टोमोह र स्मृतिर्लब्धा भएपछि पनि अर्जुनले भगवानसँग यस्तो सेवा लिए होला या रथ र सारथीको कुनै गुढ आध्यात्मिक अर्थ छ ?

४. भगवानको जन्म दिव्य हुन्छ । तर गीतामा कृष्णको जन्मको बारेमा जुन कुरा उल्लेख गरिएको छ के त्यसलाई दिव्य जन्म भन्न सकिन्छ ? या दिव्य जन्मको कुनै भिन्न अर्थ छ ?

५. भनिन्छ कि गीता ज्ञान द्वापर युगमा दिइएको थियो तर प्रश्न उठ्छ कि ज्ञान दिएपछि तथा धर्मको स्थापना भएपछि त सत्य युग आउनु पर्नेमा किन कलियुग आयो ?

माथि उल्लेखित गरिएका वा अन्य अनेक प्रश्नहरु जुन गीताको बारेमा उठ्ने गर्दछ त्यसको समाधान जरुरी छ । जबसम्म गीता ज्ञान कसले दियो ? कहिले दियो ? कसरी दियो भन्ने जस्ता कुराहरुको स्पष्ट हुँदैन त्यतिबेलासम्म गीताको पूरा सम्मान हुन सक्दैन, मानिसको मनको लक्ष्य पनि स्पष्ट हुँदैन । योगको अभ्यास पनि ठीक तरीकाबाट गर्न सक्दैनन् ।

भगवानले त मनुष्यलाई पवित्र, निर्विकारी, दैवी सम्पदासम्पन्न, स्थित प्रज्ञा एवं योग युक्त बनाउनको लागि नै गीता ज्ञान दिएका थिए । भगवानले मानिसलाई ज्ञानरुपी तरवारले कामरुपी शत्रुलाई मार्नको लागि अथवा योग बलद्वारा इन्द्रिय तथा निद्रामाथि विजय पाउनको लागि अथवा आध्यात्म बलद्वारा काम, क्रोध, लोभ आदि विकारहरुलाई परास्त गर्नको लागि गीताको रुपमा अनमोल ज्ञान दिएका थिए । यस विद्यालयले के ठान्दछ भने मनुष्यले हिंसायुक्त युद्धलाई गीताको साथ जोडेर कल्याणमयी गीता माताको अपमानित गरिरहेको छ ।[२१०]

श्रीमद्भागवद गीतामा वर्णित युद्ध वास्तवमा एक अहिंसा प्रधान धर्म युद्ध थियो । स्वयं भगवान नै यस युद्धमा सहायक भएकोले यो युद्ध वर्णन गर्नलायक बनेको हो । यो युद्ध

---

२०९ *ऐजन,* पृ. ६ ।

२१० ब्र.कु.जगदीश चन्द्र, *पूर्ववत्* , पादटिप्पणी नं. २१, पृ.१४ ।

कुनै मनुष्यको विरुद्धमा लडिएको नभै मनोविकारको विरुद्ध गरिएको युद्ध थियो ।[२११] यो एक विचित्र युद्ध थियो । यस युद्धमा संसाररुपी कर्मक्षेत्रलाई 'कुरुक्षेत्र'को उपमा दिइएको छ र 'प्रजापिता ब्रह्मा'लाई अर्जुन । अतः 'प्रजापिता ब्रह्मा'को आत्मा अर्जुन हो र उनको शरीर अर्जुनको रथ हो । त्यस शरीररुपी रथमा परमात्मा शिव परमधामबाट अवतरित भएर अनुप्रवेश गर्दछ र यस दृष्टिकोणबाट उनी अर्जुनको सारथी बन्दछ । चार घोडा चारै दिशामा भाग्ने वेगवान मनको प्रतीक हो उनीहरुलाई सेतो देखाउनुको अर्थ उनीहरुको मन पनि सफा भैसकेको छ । परमात्माप्रति मनलाई अर्पण गर्नु अथवा मनको लगामलाई भगवानको हातमा सुम्पेर उनलाई सारथी वा मार्गदर्शक बनाउनु हो ।[२१२] बुद्धि भनेको धनु हो जसमा किसिम किसिमका दिव्य वाण छन् । अर्जुनले शिव तथा देवताहरुबाट नै दिव्य शस्त्र लिएका थिए । वास्तवमा परमात्मा शिवद्वारा सिकाउनु भएको ज्ञान र सहजयोग तथा पवित्रता नै पाशुपतास्त्र हुन् । अन्तर्मुखता, सहनशीलता, गम्भीररता, मधुरता, करुणा आदिं दिव्य वाण हुन् र पुरुषार्थ धनुष हो । यस्तो धनुष र वाणधारण गरेर गीतामा 'प्रजापिता ब्रह्मा' अर्थात अर्जुनले काम, क्रोध, लोभ, मोह, अहंकार आदि विरुद्ध धर्म युद्ध गरेका थिए र गीताको भगवान शिवबाट मार्ग प्राप्त गरी श्री एवं विजय प्राप्त गरेका थिए ।[२१३] 'श्री'लाई प्राप्त गर्नुको अर्थ भविष्यमा श्री नारायण (श्रीकृष्ण) पद प्राप्त गर्नु हो र विजय प्राप्त गर्नुको अर्थ पूर्ण पवित्र देवपद एवं वैकुण्ठको चक्रवर्ती राज्य प्राप्त गर्नु हो । यस्तो पुरुषार्थ अन्य थुप्रै अहिंसक योद्धाहरुले पनि गरेका थिए र उनीहरु पनि वैकुण्ठमा देवपदको भागीदार बनेका थिए ।[२१४] अतः यस युद्धको बारेमा गीतामा भनिएको छ कि-

> "हे वत्स मेरो स्मृतिमा रहेर पनि हर समय युद्ध गर । तिमी यस युद्धमा मरे पनि स्वर्गमा जानेछौ अर्थात यदि तिमी मायामाथि पूर्ण विजय प्राप्त गर्न नसके तापनि स्वर्गको सम्पूर्ण सुखलाई प्राप्त गर्नेछौ र यदि तिमीले यी मनोविकारहरुलाई निमिट्यान्न पाऱ्यौ भने तिमीलाई स्वर्गको अखण्ड एवं चक्रवर्ती राज्य प्राप्त हुनेछ ।" [२१५]

अहिले यही अहिंसक युद्ध फेरि भैरहेको छ । गीता युगको पुनरावृत्ति भैरहेको छ । परमात्मा शिव 'प्रजापिता ब्रह्मा'को तनमा अनुप्रवेश गरेर यही धर्म युद्ध गरिरहेका छन् । जसले यस अहिंसक युद्धमा एक सैनिक बनेर यी विकारहरुमाथि विजय प्राप्त गर्दछ उनले नै

---

[२११] *ऐजन,* पृ, १६ ।

[२१२] ब्र.कु. शिशिर, *पूर्ववत्* , पादटिप्पणी नं. १६ ।

[२१३] *ऐजन ।*

[२१४] *ऐजन ।*

[२१५] ब्र.कु.जगदीश चन्द्र, *पूर्ववत्* , पादटिप्पणी नं. २१, पृ. ३१० ।

स्वर्गिक सुख एवं स्वराज्यका भागी बन्नेछन् ।[२१६] यसकारण भगवानले ज्ञानरुपी तलबारबाट कामरुपी शत्रुलाई मार्नको लागि अथवा आध्यात्मबलद्वारा काम, क्रोध, लोभ जस्ता बिकारहरुको परास्त गर्नाका लागि गीतारुपी अनमोल ज्ञान दिएका थिए भनेर ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको शिक्षाले विश्वास गर्दछ ।

तर गीताको यो ज्ञान कहिले दिएका थिए त ? हालसम्म संसारमा पाँच युग मानिएको छ- सत्य, त्रेता, द्वापर र कलियुग र संगम युग । यिनीहरु आफ्नो चक्रमा घुमिरहन्छन् र द्वापरपछि कलियुग आउँछ । कलियुगमा सम्पूर्ण धर्म तथा कलाको ह्रास तथा आसुरी लक्षणको उत्तरोत्तर विकास एवं प्रधानान्य हुने गर्दछ । यसरी द्वापरयुगमा भगवानले गीता ज्ञान दिएका थिए भन्ने कुरा मान्ने हो भने यस्तो कुरालाई ठीक मान्न सकिन्न ।[२१७] भगवानले पवित्रता र सतचरित्रको ज्ञान दिएपछि त धर्म, पवित्रता एवं दैवी सम्पदाको युग अर्थात सत्ययुग, देवयुग वा कृत युग नै आउनु पर्दछ न कि किनकि अधर्म, पतन, आसुरीयता एवं योग भ्रष्टता चरित्रको कलियुग । अधर्मको विनाशको समय वा सृष्टिको महाविनाश (लोक क्षय)को समय त कलिको अन्त्यको समय हो । अतः वास्तविकता यो हो कि भगवानले गीता ज्ञानरुपी शिक्षा कलियुगको अन्त्य र सत्ययुगको शुरुको सन्धिकाल अर्थात संगम कालमा दिएका थिए । संगम कालपछि नै सत्ययुगको आगमन हुन्छ जहाँ धर्म र कला पूर्ण हुन्छ ।[२१८] यिनै आधारमा हिन्दूहरुको धर्मशास्त्र गीताप्रति प्रजापिता ईश्वरीय विश्व विद्यालयको अवधारणा बुझ्न सकिन्छ ।

---

२१६ *ऐजन ।*

२१७ ब्र.कु.शिशिर, *पूर्ववत्* , पादटिप्पणी नं. १६ ।

२१८ *ऐजन ।*

# अध्याय - आठ

## प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको प्रभाव र यसको आर्थिक व्यवस्थापन

### ८.१ प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको प्रभाव

धेरै टाढाको कुरा नगरौं । एक शताब्दी पूर्वमात्र हाम्रो जीवन प्रकृतिको सानिध्यमा थियो । जीवन विश्रामपूर्ण थियो । मानिसहरु संयुक्त परिवारमा बस्थे । परिवारमा एक अर्काप्रति स्नेह, सद्भावको सम्वन्ध थियो । सहज भक्ति या परम्परागत भक्ति जस्तै मन्दिर जाने, तीर्थ जाने एउटा परम्परा थियो । सबै धर्ममा वा सबै सम्प्रदायमा मानव भयले होस् वा परम्परा धान्ने नाममा होस धर्मका कुनै न कुनै मार्गमा लागेका हुन्थे ।

तर आज संसारमा जताततै अन्याय, अत्याचार र नैतिकताको ह्रास तथा बेइमानहरुको बोलबाला छ । गरीबी चरमसीमामा पुगेको छ तर गरीबी हटाउन ठेक्का लिएकाहरु कुम्भकर्णको निद्रामा मस्त छन् । दुःख र गरीबीलाई जरैदेखि नै समाप्त गराउनको लागि सारा दुनियाँ प्रयत्नशील छन् तर भोगवादको प्रचारप्रसारले पनि उत्तिकै रुपमा बढीरहेको छ जसले गर्दा आम्दानी कम र खर्च बढी भैरहेको छ । मानिसहरुको अवाञ्छित क्रियाकलापले गर्दा नयाँ नयाँ प्रकारका रोगहरु देखा परेका छन् । त्यसलाई उन्मुलन गरेर संसारलाई स्वास्थ्य बनाउनको लागि खरबौं डलर खर्च भैरहेको छ तर सफल हुन सकेको छैन ।

जीवनलाई सुखमय बनाउन नियमित व्यायाम र पर्यावरणको शुद्धताको साथै आध्यात्मिक चिन्तनको प्रमुख योगदान रहेको हुन्छ । तर यस तर्फ कसैको ध्यान गएको छैन । आज काम, क्रोध, लोभ, मोह र अहंकारमा डुबेका व्यक्तिहरुको नै बढी चर्चा र सम्मान भइरहेका छन् । यसले संसारभर आध्यात्मिक आलोकको कमी भएको छ जसले गर्दा चारैतिर नैराश्यता छाइरहेको छ । जुन आगोको प्रयोग गरेर स्वादिष्ट भोजन तयार गर्न सकिन्छ त्यही आगोको दुरुपयोग भएमा संसारका भौतिक सम्पत्ति क्षणभरमा ध्वस्त हुन सक्छ । त्यस्तै कुवाको शीतल जलले प्यास बुझाउन सकिन्छ भने त्यही कुवामा हाम फालेर

जीवनलाई समाप्त गर्न पनि सक्छ । दिव्य संस्कारहरुको प्रभावद्वारा नै सृष्टिलाई सम्पूर्ण स्वर्ग बनाउन सकिन्छ । अतः जीवनको हरेक क्षेत्रमा हामीले अलौकिकता ल्याउन सकिन्छ भने मात्र नै नयाँ दुनियाँ निर्माण गराउन सकिन्छ । यस कार्यमा प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय सदा प्रयत्शील रहेको छ ।[२१९]

यस विद्यालयमा आएर धेरै मानिसहरुले आफ्नो जीवनमा अभूतपूर्व परिवर्तन आएको महसुस गरेका छन् । पहिला इन्द्रियहरुको दासी भएको तर अहिले निरन्तर ईश्वरीय ज्ञान प्राप्ति र राजयोगको अभ्यासबाट आफूले इन्द्रियलाई बशमा राख्न सकेको बताउँछन् । त्यस्तै यस विद्यालयबाट आयोजना गरिने सकारात्मक सोच र तनाव प्रवन्धन जस्ता कार्यक्रमहरुले समाजमा राम्रो प्रभाव पार्न सफल भएको छ ।

आधा जनसंख्या महिलाहरुको भएपनि समाजमा पुरुषले उनीहरुलाई दोश्रो दर्जाको नागारिक रुपमा व्यवहार गरिरहेका छन् । तर ब्रह्माकुमारी ईश्वरीय विद्यालयमा नारीको सम्मान गरिन्छ । यसको मुख्यालय माउण्ट आबू होस् वा संसारका अन्य शाखा जहाँ पनि नारी नै प्रमुख रहेकी छन् । यसले ब्रह्माकुमारीहरुको रुपमा नारीहरुको शक्ति बढिरहेको छ । उनीहरुको हरेक पाइलाले सृष्टिमा पुनः नयाँ प्रकाश फैलाइरहेको छ । नियमित रुपमा प्राप्त ज्ञान र राजयोगको अभ्यासले गर्दा नारीहरु आफैं दुर्गामाताले झैं सबैका दुर्गुण र व्यवहार र दुविधाहरु मेटाउन या खत्तम गर्नको लागि ज्ञानको मसाल लिएर चारैतिर फिर्न सक्ने भएका छन् । त्यस्तै शीतलादेवीले झैं शान्ति र सन्तुष्टताद्वारा सबैको जीवन रुपी झोली भरिदिदै छन् । उनीहरुको कला यति समुन्नत भएर जाँदैछन् कि मातृप्रधान समाजको निर्माण हुँदैछ । त्यही स्रष्टा वा धरालाई स्वर्ग वा सत्ययुगको नाम दिइनेछ । यसलाई एकप्रकारको आदिम साम्यवादको रुपमा व्याख्या गर्न पनि सकिन्छ । नारीहरुलाई भोग्य, वा दासी सम्झेर उसको जीवनलाई कौडी सरह प्रयोग गर्ने हैन सृष्टि र ज्ञानको मुहान सम्झेर सम्मान गर्न थालिदैछ । नारीको आध्यात्मिक योग्यताहरु स्वतः उजागर हुँदैछन् जसले उनीहरुको अपमान गर्ने समाज पनि आफैं नतमस्तक हुन परेको छ । पतनको मार्गबाट आफूलाई बचाएका छन् । आफ्नो मूल्य र मान्यतालाई यी नारी शक्ति सेनाले श्वेत वस्त्र जसरी निर्मल र चोखो बनाएर राख्न सकेका छन् । यस्तै कुरालाई ध्यानमा राखी सम्पूर्ण ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयहरु नारीहरुकै नेतृत्वमा चलिरहेको छ । यसले गर्दा आजको नेपालको सामाजिक जीवनमा सकरात्मक प्रभाव पारेको छ ।

आजको युग कलियुगको अन्त्य र सत्य युगको आदि हुने पुरुषोत्तम संगम युग हो । अबको केही वर्षपछि कलियुगको विधिवत अन्त्य भै सत्य युगको शुरुवात हुँदैछ । सतयुगमा

---

[२१९] *ब्र.कु. शिशिरसँग* मिति २०६५।४।२० गते पार्दीमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

सबैको अङ्गअङ्गबाट शीतलता वा दिव्य सुगन्ध फैलिनेछ । सतयुगी संसारमा सम्पूर्ण मानवहरु पनि देवीदेवता जस्तै दिव्य धारण गरेका हुन्छन् । त्यहाँ भय, शोक, रोगबाट पूर्ण विहीन आनन्दित जीवन विताउँछन् । जन्म र मृत्युको पूर्व साक्षत्कार भएको कारणले शरीर छोड्दा बस्त्र फेरे जस्तै खुशी खुशीले शरीर छोड्छन्, धारण गर्दछन् । त्यसैले त्यसलाई अमरलोक पनि भनिन्छ । त्यहाँ मर्ने भन्ने शव्द बोलिदैन सर्ने भनिन्छ । देवता, किन्नर, यक्ष, गन्धर्व एवं अप्सराहरु सबै एकआपसमा मिलिजुली बस्छन् । हरदिन उत्सव हुन्छ । आफ्नो अमूल्य जीवनको आनन्दमय रसलाई सधैं त्यही रुपमा अनुभूति गर्छन् । प्रकृति सत्वप्रधान र सम्पूर्ण मनुष्यहरु देवीदेवता सरह हुन्छन् । त्यसबेला मनुष्यको इच्छाअनुसार पाँच तत्वले सेवा गरेको हुन्छ । उनीहरु प्रकृतिपति हुन्छन् । त्यसैले सतयुगमा कुनै प्रकारको दुर्घटना, खडेरी, अतिवृष्टि, बाढी, पहिरो, भूकम्प आदि प्रकृति प्रकोप हुदैन । देवीदेवताहरु त १६ कला सम्पन्न सम्पूर्ण निर्विकारी हुन्छन् । अहिंसा देवीदेवताको मूल नारा हो । उनीहरुको धर्मको नाम हो 'आदि सनातन देवी देवता धर्म' । जुन धर्मको स्थापना स्वयं विश्वनाथ परमपिता परमात्माले प्रजापिता ब्रह्माको साकार माध्यमबाट पुन निर्माण गर्दै छन् । यसैकारण यो धर्म सृष्टिमा २५ सय वर्षसम्म चल्दछ र जुन राज्यलाई रामराज्य भनिन्छ । यस्तै आदर्शवादी सिद्धान्तलाई यस ईश्वरीय विद्यालयले आफ्नो लक्ष्य मानेको छ । यसको लागि यो संस्था क्रियाशील पनि छ ।[२२०] त्यसैले यस विद्यालयको केन्द्र पनि शान्त वातावरणमा रहेका हुन्छन् । त्यहाँ कोही कसैसित चर्को स्वरमा कुरा गर्दैनन् । त्यहाँ कुनै शंख, घण्टा वा भजन कीर्तनको आवाज सुनिदैन । शान्तमय वातावरणमा गरिने राजयोग र ईश्वरीय ज्ञानको श्रवणले समाजलाई सकारात्मक दिशामा डोऱ्याउन मद्दत गरेको छ भन्दा अतिशयोक्ति नहोला । यसैकारण यो संस्था संयुक्त राष्ट्र संघको शान्ति दूतको रुपमा मनोनित भएको छ । यसरी यस ईश्वरीय विश्व विद्यालयको शिक्षाले समाजमा राम्रो प्रभाव फैलाउन सकेको छ । जसले समाजलाई सतयुगी स्वर्गको निर्माण गर्न सहयोग पुऱ्याइरहेको छ ।

## ८.२ प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालयको आर्थिक व्यवस्थापन

ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको नियमित राजयोगको अभ्यास एवं ईश्वरीय ज्ञानद्वारा पोषित भएपछि मनुष्य आत्मा पवित्र र सत्वप्रधान बन्दछ । अब उसले अनावश्यक फजुल खर्च गर्दैन । अस्वस्थ्य, दुर्व्यसन, मंसाहार, सिनेमा, अनावश्यक खर्चबाट भएको बचत रकमको केही भाग उसले आफ्नो सेवाकेन्द्रलाई अर्पण गर्दछ । यस्तै अन्य श्रोतबाट प्राप्त धनबाट भएको वचतको केही भाग तथा यस विश्व विद्यालयमा ज्ञान प्राप्त गर्न आउने

---

[२२०] *ऐजन ।*

महानुभाव तथा लाभन्वित एवं समर्पित व्यक्तिहरुले गर्ने आफ्नो धनको स्वेच्छिक सहयोगको आधारमा नैं अर्थ संकलन हुन्छ। त्यस्तै हरेक विहान मुरली कक्षामा आउने व्यक्तिहरुले दान बाकसमा केही पैसा खसालेको हुन्छ । त्यसबाट पनि केही अर्थ संकलन हुन्छ । त्यसरी संकलित अर्थबाट नै यो संस्था चलेको छ । फेरि यो संस्थाको खर्च त्यति हुँदैन । कुनै कार्यक्रम गर्नु पऱ्यो भने त्यही आउने भक्तजनबाटै उक्त कार्यक्रम सम्पन्न गर्न स्वतः स्फूर्त रुपमा आर्थिक सहयोग प्राप्त हुनछ। त्यस्तै नयाँ सेवा केन्द्रहरु पनि यस्तै ईश्वरीय ज्ञानमा विश्वास राख्ने व्यक्तिहरुको निमन्त्रणाबाट नैं स्थापना गर्ने गरिन्छ र संस्थाको शिक्षाद्वारा लाभन्वित सदस्यहरुको स्वेच्छिक सहयोगबाट नैं विशेषतः यो संस्था चलेको छ।[२२१]

[२२१] *ऐजन।*

# अध्याय - नौ

## निष्कर्ष र सुझाव

### ९.१ निष्कर्ष

नेपालको धार्मिक संरचनालाई अध्ययन गर्ने हो भने यहाँ थुप्रै सम्प्रदायहरु रहेका छन् र सबैका आ-आफ्नै संस्कार, रीतिरिवाज र मान्यता रहेका छन् । उनीहरुवीचको धार्मिक सहिष्णुताले गर्दा अहिलेसम्म पनि आफ्ना मूल्य र मान्यताहरुलाई जीवितै राख्न सक्षम भएका छन् ।

नेपालमा प्राचीनकालदेखि नै सनातन रुपमा चलिआएको धर्म हिन्दु हो । यसका साथै अन्य धर्महरु बौद्ध, क्रिश्चियन तथा इस्लाम र यसका सम्प्रदायका अनुयायीहरु पनि नेपालमा रहेका छन् । यतिवेला नेपालमा सनातन धर्मको नाममा विभिन्न धार्मिक संस्थाहरुको अस्तित्व देखा परेका छन् । सिद्धाश्रम शक्ति केन्द्र, श्यामाश्याम सत्सङ्ग धाम, साइबाबा, रजनीश, श्री कृष्ण प्रणामी, ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय जस्ता संस्थाहरु सनातन धर्मको हाँगोमा टेकेर आफूलाई एउटा सम्प्रदायको रुपमा उभ्याउने कोशिस गरिरहेका छन् ।

यसरी सनातन धर्मको जगमा बसेर ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयले पनि नेपालमा आफ्नो मतको प्रचार गरिरहेको छ । यो संस्थाको संस्थापक दादा लेखराजले सन् १९३६ मा हाल पाकिस्तानको सिन्ध प्रान्तमा गरेका हुन् । उनी पहिला एक हीरा व्यापारी हुनुको साथै धार्मिक प्रवृत्तिका व्यक्ति पनि थिए । उनी सधैं गीता पाठ गर्दथे भने उनको घरमा सत्सङ्ग पनि चलिरहन्थ्यो । एकदिन उनी सत्सङ्गमा बसिरहँदा उनीभित्र परमात्मा शिवको आत्मा प्रवेश भयो । यसलाई उनीहरु ‘परकाया प्रवेश’ भन्दछन् । यो सिद्धार्थ गौतमलाई बुद्धत्व प्राप्त भएको जस्तै घटना थियो । त्यसपछि लेखराज ‘शिवबाबा’, ‘प्रजापिता’ वा ‘ब्रह्मा बाबा’ नामले परिचित भए । उनले प्रारम्भमा ओम मण्डली भन्ने संस्था स्थापना गरी आफ्नो सारा सम्पत्ति प्रदान गरे । यही ओम मण्डलीमार्फत नै उनले ईश्वरीय ज्ञान र राजयोगको अध्यास सम्वन्धि शिक्षा प्रदान गर्दै आए । त्यसबेला भारतमा अंग्रेजहरुको शासन थियो । सन् १९४७ मा भारत स्वतन्त्र भएपछि भारत विभाजित भयो र एक भाग पाकिस्तानको रुपमा उदय भयो । ओममण्डली पाकिस्तानमा पऱ्यो तर पछि १९५० मा हालको राजस्थानस्थित आबू पर्वतमा स्थानान्तरित भयो । हाल यसको मुख्यालय पनि यही रहेको छ । अहिले यसलाई प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको

नामले चिनिन्छ र संसारमा १३३ राष्ट्रमा करीव ८००० भन्दा बढी शाखा वा उपशाखा स्थापित भैसकेका छन् । लेखराजको मृत्यु सन् १९६९ मा भएको थियो ।

नेपालमा यस संस्थाको प्रचारप्रसार बि.सं.२०२३ सालमा विराटनगरबाट शुरु भएको हो । हाल लगभग नेपालको अधिकांश भागमा यो संस्थाको जालो फिजिसकेको छ । हिन्दु धर्मका शास्त्र मानिने श्रीमदभगवतगीतालाई यस संस्थाले आफ्नो मार्ग निर्देशन मान्दछ । हालसम्म गीता नै सर्वश्रेष्ठ धार्मिक ग्रन्थ हो । यो गीता ज्ञानको भण्डार हो र यो स्वयं भगवान श्रीकृष्णले दिएको ज्ञान हो । गीतामा उल्लेखित कृष्ण र महाभारतमा उल्लेखित कृष्ण फरक हुन् । यो ज्ञान भगवानले महाभारतको युद्धमा दिएका होइनन् र द्वापर युगमा दिएका पनि होइनन् । यो ज्ञान त संगम युगमा दिएका हुन् किनकि भगवानको यो गीता ज्ञानपश्चात त संसार सत्ययुगमा पदार्पण हुन्छ ।

गीतामा भगवान स्वयंले 'यदा यदा हि धर्मस्य ग्लार्निभवति भारत ...... ' भन्नुभएको छ । जब यो संसारमा धर्मको ग्लानि हुन्छ तब धर्मको रक्षाको निम्ति भगवान स्वयं यस संसारमा अवतरित भएर गीता ज्ञान र राजयोगको अभ्यास सिकाएर पतित भएका आत्माहरुलाई पावन बनाउन महत्वपूर्ण भूमिका खेल्दछ र सबैलाई सत्ययुगी स्वर्गको अधिकारयोग्य तुल्याउँछन् । अहिले संसारमा यही भैरहेको छ । मानिसहरु नैतिकता, चरित्र, इमान्दार जस्ता आफ्ना सद्गुणी वस्तुहरुलाई बिर्सदै गएका छन् अधार्मिक क्रियाकलापहरुमा बढी सहभागी भैरहेका छन् । यो अवस्था भनेको कलियुगको अन्त्य हुने र सत्ययुगको स्थापना हुने समय अर्थात संगमयुग हो । अहिले परमात्मा शिव यस संसारमा प्रजापिता ब्रह्माबाबाको रुपमा अवतरित भैसकेका छन र ईश्वरीय ज्ञान दिइरहेका छन् । अबको केही वर्षपछि यो संसार सत्ययुगमा पदार्पण हुन्छ, त्यस अवस्थामा गीता ज्ञान सुन्ने र राजयोगको अभ्यासको पुरुषार्थ गर्नेहरु मात्र सत्युगी राज्यको उत्तराधिकारी हुन्छन् । त्यसैले आज सबैले यस्तो पुरुषार्थ गर्नु सबैको कर्तव्य हो ।

यस्तै मानिसले आत्मा र मनको बारेमा बुझ्नु आवश्यक छ । आत्मा र मन फरक कुरा हुन् । आत्मा आफ्नो कर्मको फल भोग्न सूक्ष्मलोकबाट यस पृथ्वीमा आउने गर्दछ । मन, बुद्धि र संस्कार आत्माका तत्व हुन् । यी तीन तत्व आत्माद्वारा निर्देशित हुन्छन् । तर परमात्मा पनि यस संसारमा छन् र उनी धर्मको ग्लानि भएको बखतमा यस ससारमा अवतरित हुन्छन् । मतलव परमात्मा जन्म आत्माहरुको झैं आमाको गर्भबाट हुँदैन । उनले यसलोकको दुःखसुखको चक्करमा पर्दैनन् । उनी कुनै बृद्धको तनमा प्रवेश गर्दछन् । यस परमात्माको अवतरण भनिन्छ ।

पृथ्वी भएका चार युगमध्ये सत्य र त्रेता परमात्माका दिन हुन भने द्वापर र कलि परमात्माका रात हुन् । हरेक ५००० वर्षमा यो चार युगको एक चक्र घुम्दछ । हरेक युगको १२५० वर्ष हुन्छ । सत्ययुग र त्रेतायुगमा आत्माहरु सद्गुणी थिए आफै देवता समान थिए । तर जन्मजन्मान्तरको कारणले बिस्तारै बिस्तारै आफ्नो वास्तविक रुपलाई बिर्सन पुगे र मनुष्यात्माले दिन प्रतिदिन आफूलाई नैतिकहीन, घमण्डी र पथभ्रष्टताको परिणत गर्दै लगे । विशेष गरी कलियुगको अन्त्यसम्म आइपुग्दा मनुष्यात्माको यो रूप बढेर असुरको रूपमा परिणत हुन थाल्छ । यसरी धर्मको स्थान कम हुँदै जान थाले पछि समाजमा अशान्ति, भय, कलझगडा हुन्छ । अनि परमात्मा शिव जसको अर्थ कल्याणकारी हो उनी यस लोकमा आफ्नो दिव्य कर्तव्य पूरा गर्न आउँछन् । यसको निम्ति उनी कुनै बृद्धको तनमा प्रवेश हुन्छन् र पतित आत्माहरुलाई ईश्वरीय ज्ञान दिन्छन् ।

संसारमा एउटै मात्र धर्म रहेको छ त्यो हो 'आदि सनातन देवीदेवता धर्म' । यस धर्मलाई भगवानले नै स्थापना गरेका हुन् । यस धर्मको ग्रन्थ भनेको गीता हो । संसारमा दैवी गुण सम्पन्न र असुरी गुण सम्पन्न भएको मानिसहरु हुन्छन् । भगवानले असुरी सम्प्रदायालाई बिनाश गरी देवी सम्प्रदायको रक्षा गर्दछ । यसलाई अधर्मको विनाश र सत्यको पुनःस्थापना भनिन्छ ।

त्यस्तै वर्तमान समयमा नेपाली समाजमा मनाइने चाडपर्वहरु पनि बढी विकृति र बिसंगतिको मार्गबाट गुज्रिरहेको छ । वास्तवमा चाडपर्व वा सांस्कृतिक उत्सव भनेको मानवको गहना हो । यिनै गहनाहरुले समाजलाई सुसस्जित बनाएर मानव समाजलाई धनी बनाएको हुन्छ । हिन्दू समाजमा प्रचलित अधिकांश चाडपर्वले आध्यात्मिक रहस्यहरुको अर्थबोध गराउँछ । तर आजभोलि चाडपर्व मनाउने बखत त्यसको वास्तविक रहस्यभन्दा टाढा रहेर भौतिक आडम्वर र उपभोक्तामुखी संस्कृतिको विगविगी बढेको छ, जसले चाडपर्वहरुको वास्तविक स्वरुप के हो भन्ने कुरा सबैले बिर्सिसकेको छ ।

मानिस एक सर्वश्रेष्ठ प्राणी हो । नैतिकता, चरित्र, शुद्ध हृदय, संयमता, संकल्प, शक्ति, खुसी जस्ता भावनात्मक वस्तुहरु मानव जीवनका अनमोल सम्पत्ति हुन् । यी वस्तुहरुको उचित प्रयोग नगरेमा मानव जीवन मूल्यहीन हुन्छ । आज सृष्टिचक्रको यो संगमयुगमा मनुष्यले आफ्नो जीवनको महत्वलाई भुल्दै गइरहेका छन् । उनीहरु समस्याग्रस्त वा चिन्ताग्रस्त बन्दै गइरहेका छन् । क्षणिक फाइदा वा खुसीको लागि आफ्नो स्वर्णीम जीवनलाई वर्वाद पार्न मानिसले कुनै कसर बाँकी राखेको छैन । मानिस आफू त वर्वाद भयो भयो भविष्यका सन्तानलाई पनि त्यस्तै हविगत व्यहोर्न उक्साइरहेको छ, उ इन्द्रियहरुको दास बनिरहेको छ ।

अर्कोतिर जीवन यापनको विविधताले निम्त्याएका चुनौतीले गर्दा आर्थिक आर्जनमा सबैले होमिनु पर्ने परिस्थिति सृजना भएको छ, जसले गर्दा संयुक्त परिवार टुट्दै गएको छ । यसै कारणले मानिसहरू आफ्नै जीवनबाट टाढिदैछन् । जीवन कृतिमता र यान्त्रिकतामा परिणत भएको छं भने भौतिक रुपमा मानव गतिहीन अवस्थामा रहेको छं । कामको बोझ, सामाजिक बोझ र आर्थिक बोझले जीवन नै बोझिलो र तनावयुक्त बनेको छ । मानिस अनिच्छित इच्छाहरुको जवरजस्त दवावमा परेका छन् । विज्ञानले गरेका नयाँ नयाँ आविष्कारले मानिसका आवश्यकताहरु अप्रत्यासित रुपले बढाइदिएका छन् । पहिला के भनिन्थ्यो भने आवश्यकता नै आविष्कारको जननी हो । तर अहिले पहिले आविष्कार हुन्छ अनि त्यो हाम्रो आवश्यकता बनिदिन्छ । अब त आविष्कार पो आवश्यकताको जननी भइ दियो । अहिले विज्ञानले वस्तुहरुको कृत्रिम आवश्यकता हाम्रो दिमागमा यसरी राखिदिएको छ कि त्यो वस्तु बिना मान्छे सुखी हुन सक्दैन जस्तो भैसक्यो । सौन्दर्यका कृत्रिम प्रसाधनहरुले यस्तो बनाइदियो कि त्यो विना मानिस सुन्दर हुनै सक्दैन ।

यसले गर्दा मनुष्यसँग भएको सीमित आय, समय र शक्तिले त्यसलाई पूर्ति गर्न सकिरहेको छैन । त्यस्ता कृत्रिम आवश्यकताले जीवनलाई व्यर्थहीन संघर्ष र तनावमय बनाइदिएको छ । तर यस्तो तनावपूर्ण जीवनलाई शान्त र दवावमुक्त बनाउन सकिन्छ । यसको लागि सदा ध्यान वा योग गर्नु र ईश्वरीय ज्ञान श्रवण गर्नु आवश्यक हुन्छ । जीवनमा आउने अनगिन्ती चुनौतिहरुको सामना गर्नको लागि यो नै महत्वपूर्ण औषधी हो । योग गर्नु योगीहरुको लागि मात्र नभै गृहस्थ जीवन व्यतीत गर्नेहरुका लागि पनि उत्तिकै आवश्यकता छ । आत्मालाई स्थिर र मजवुत वा दृढ बनाउन आज राजयोगको अभ्यास तथा ईश्वरीय ज्ञानको आवश्यकता देखिएको छ । त्यसैले ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको प्रख्याती दिनप्रतिदिन बढिरहेको छ ।

मानव जीवन सुख लिनको लागि मात्र हैन सुख दिनको लागि पनि हो । आफ्नो नैतिकता र इमान्दारीताको उचित सदुपयोग गरी जीवन उत्सवमय बनाउनुको साथै अरुको कल्याण गर्नु, भात्तृत्वको भावना राख्नु, निर्मल आचरणको निर्माण गरी जीवनको बाटोमा शान्तिपूर्वक अघि बढ्नु पनि मानवको कर्तव्य हो । त्यसैले नैतिकता चरित्र निर्माण आजको महत्वपूर्ण कार्य भएको छ । यसरी जीवनको शान्ति पथमा अघि बढ्दै जीवनलाई सुखमय बनाउनकै निम्ति ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयले ईश्वरीय ज्ञानको प्रचार गर्दै आइरहेको छ जसले मानवलाई सही बाटोमा ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ । यसरी यस विद्यालयको संक्षिप्त अध्ययनपछि निम्न निष्कर्षहरुलाई क्रमगत रुपमा राखिएको छ

१. प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयले समाजमा रहेका कुरीति र अन्धाविश्वासलाई मेटाउने प्रयास गरेको छ ।
२. प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयले समाजमा फैलिएको नकारात्मक भावनासँग जुध्न विभिन्न कार्यक्रममार्फत प्रयास गरिरहेको छ ।
३. यसले आफ्नो दैनिक क्रियाकलापहरुलाई वा आफ्ना शिक्षाहरुलाई व्यवहारमा लागू गर्ने प्रयत्न गरिरहेको छ ।
४. तनाव व्यवस्थापन तथा स्वप्रवन्धन जस्ता अतिरिक्त क्रियाकलापमार्फत वर्तमान तनावलाई घटाउने कार्य गरिरहेको छ ।
५. प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयले संसारमा परमात्माको अवतरण भैसकेको र केही समयपछि कलियुगको अन्त्य भएर संसार सत्ययुगमा पदार्पण गर्दैछ भन्ने सन्देश जनमानसमा फिजाइरहेको छ ।
६. प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयले मानवमा रहेका नराम्रा विचारहरु, खानपान, बोलचाल र व्यवहारमा परिवर्तन ल्याई जीवन जिउने कला सिकाउने कोशिस गरिरहेको छ ।
७. प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयले भजन, किर्तन, व्रतपूजा जस्ता औपचारिकता वा आडम्वर पूर्ण कार्य हैन व्यवहारिक ज्ञानको प्रयोग र राजयोगको साधना एवं व्यवहारको प्रशिक्षण दिने गरेको छ ।
८. प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय हिन्दु धर्मको शाखा होइन बरु यो त हिन्दु धर्मको आदि रुप सनातन धर्मको पुनर्स्थापना गर्ने एक ईश्वरीय अभियान हो भन्ने भावनाको प्रचार गरिरहेको छ ।

## ९.२ सुझावहरु

१. ईश्वरीय ज्ञानको शिक्षा समाजको तल्लो वर्गमा सम्म पुऱ्याउनु पर्ने ।
२. जसरी तनावलाई व्यवस्थापन गरिए झैं काम, क्रोध, लोभ, मोह, अहङकार जस्ता विकारलाई त्याग्नु भन्दा पनि त्यसलाई व्यवस्थापन गर्नु पर्नेमा जोड दिंदा राम्रो हुने थियो ।
३. हिन्दी भाषामा पढाइने मुरलीलाई नेपालीमा उल्था गर्न सके अझ राम्रो हुने थियो । (परिशिष्ट १ र २)

# सन्दर्भ सामग्री

## मौलिक श्रोत

**अन्तर्वार्ता लिइएका व्यक्तिहरुको नामवाली**

| | |
|---|---|
| अधिकारी, युवराज | भक्त, श्री कृष्ण प्रणामी सेवा समिति, रत्नचोक । |
| गुरूङ्ग, अमृतकुमार | कर्मचारी, भारतीय पेन्सन क्याम्प, रामबजार, पोखरा । |
| गुरूङ्ग, डिलबहादुर | आर्वाविजय गा.वि.स., वडा नं.१, कास्की । |
| गुरुङ्ग, परणिता ब्र.कु. | निर्देशिका, प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, पश्चिम नेपाल । |
| गुरुङ्ग, पुनम | संचालिका, प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, मासबार । |
| गुरुङ्ग, शरण | मानव धर्म सेवा समिति, रामघाट । |
| धिताल, विष्णु | सञ्चालिका, प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, लामाचौर । |
| पन्थी, प्रतिक्षा | प्रचारक, आत्मज्ञान प्रसार संघ, सूचना केन्द्र, चिप्लेढुङ्गा । |
| परियार, बसन्त | साइभक्त, सत्य साइ केन्द्र, नदीपुर । |
| पोखेल, नारायणी ब्र.कु | सञ्चालिका, प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, छिनेडाँडा । |
| पौडेल, गोमा ब्र.कु. | सञ्चालिका, प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, रामबजार । |
| पौडेल, छविलाल | ब्र.कु. ब्रह्माकुमारी गीता पाठशाला, खैरेनीटार, तनहुँ ।. |
| पौडेल, झंकनाथ ब्र.कु | संचालक, ब्रह्माकुमारी गीता पाठशाला, छोरेपाटन । |
| बराल,शैलेशराज ब्र.कु. | महासचिव, प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, पश्चिम नेपाल । |
| बाँस्तोला, यज्ञराज | आनन्दमार्गी, आनन्दमार्ग प्रचारक संघ । |
| रेग्मी,. शिशिर | ब्र.कु. प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, पार्दी शाखा । |
| लामिछाने, उषा ब्र.कु. | सञ्चालिका, प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, विन्ध्यावासिनी । |
| श्रेष्ठ, चन्द्र | ब्र.कु. प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, नयाँबजार शाखा । |
| सापकोटा, रेशम | ब्र.कु.प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, नयाँबजार शाखा । |
| सिग्देल, डिल्लीराम | ब्र.कु. प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, नयाँबजार शाखा । |
| सिग्देल, मञ्जु | सिद्धाश्रम शक्ति केन्द्र, रामघाट । |
| सुबेदी, अप्सरा ब्र.कु. | संचालिका, प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, पार्दी शाखा । |
| सुबेदी, अप्सरा ब्र.कु. | सञ्चालिका, प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, कुँडहर । |
| सुबेदी, बालकृष्ण | भक्त, श्यामाश्याम सत्सङ्ग धाम, रामबजार । |

**प्रकाशित पुस्तकहरु (नेपाली तथा हिन्दी)**


आचार्य, बलराम, ***सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण,*** काठमाडौंः नेशनल बुक सेण्टर, २०६० ।

आचार्य, महेशकुमार, ***नेपालमा मुसलमानहरुको बसोबास स्थितिः एक अध्ययन,*** पोखराः हिस्टोरिया, भोल्युम ८, २०६१ ।

क्षेत्री, डा.दिलबहादुर, ***प्राचीन तथा पूर्व-मध्यकालिन नेपाल,*** काठमाडौंः निरन्तर प्रकाशन, २०६२ ।

जगदीशचन्द्र, ***परमात्माका अवतरण कब, क्यों और कैसै ?*** राजस्थानः प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, मिति अनुल्लेखित ।

------- ***श्रीमद् भगवद्गीताका सत्यसार,*** राजस्थानः प्रजापिता, ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, मिति अनुल्लेखित ।

***जीवन को पलटाने वाली एक अद्‌भुत जीवन कहानी, भाग-१,*** राजस्थानः प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, मिति र लेखक उल्लेख नभएको ।

***नेपालको अन्तरिम संविधान २०६३,*** दोश्रो संशोधन, काठमाडौंः नवदीप प्रकाशन, २०६३ ।

***पपुलेशन अफ नेपाल,*** (सेलेक्टेड डाटा), काठमाडौंः केन्द्रीय तथ्याङ्क विभाग, सन् २००१ ।

***प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय संक्षिप्त परिचय,*** राजस्थानः प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, मिति र लेखक उल्लेख नभएको ।

पौडेल, विनिता, ***युवक र यौन,*** काठमाडौंः डिकुरा प्रकाशन, २०६४ ।

भट्टराई, तुलसीप्रसाद, ***प्रेमरस सिद्धान्त,*** नयाँ दिल्लीः राधा गोविन्द समिति, २००६ ।

***मानव धर्म,*** (सरल नेपाली भाषामा), पंजावः मानव उत्थान समिति, मिति उल्लेख नभएको ।

***मेचीदेखि महकाली,*** भाग ३, पश्चिमाञ्चल क्षेत्र, काठमाडौंः श्री ५ को सरकार, संचार मन्त्रालय, सूचना विभाग, २०३१ ।

***राष्ट्रिय जनगणना,*** (सेलेक्टेड डाटा २००१), काठमाडौंः केन्द्रीय तथ्याङ्क विभाग, सन् २००१ ।

श्रेष्ठ, हिरण्यलाल, ***नेपाल परिचय,*** काठमाडौंः एम.के.पब्लिसर्स एण्ड डिष्ट्रीव्युटर्स, २०५६ ।

***स्मारिका,*** पोखराः सिद्धाश्रम शक्ति केन्द्र, २०६१ ।

***ह्वाट इज आनन्द मार्ग,*** कलकत्ताः दयाब्रतानन्द अभादूत, मिति र लेखक उल्लेख नभएको ।

हसिजा जगदीशचन्द्र, ***भारतका त्योहारों की आध्यात्मिक व्याख्या और उन से जुडे महानुभावोंका न्याय संगत परिचय,*** राजस्थानः प्रजापिता, ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, मिति अनुल्लेखित ।

***ज्ञान योग पवित्रता शान्ति पथ प्रदर्शनी,*** राजस्थानः प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, मिति र लेखक उल्लेख नभएको।

**पत्रपत्रिका तथा ब्रोसर**

***आध्यात्मिक सन्देश,*** बर्ष ४ अंक १०, ठिमीः श्यामाश्याम धाम, २०६५ ।

***ईश्वरीय उपहार, (आध्यात्मिक द्वैमासिक),*** बर्ष ४, अंक ३, बैशाख, भैरहवाः प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, २०६३ ।

***ईश्वरीय उपहार, (आध्यात्मिक द्वैमासिक),*** वर्ष ५, अंक २ बैशाख, भैरहवाः प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, २०६३ ।

***ईश्वरीय उपहार, (आध्यात्मिक द्वैमासिक),*** वर्ष ७, अंक ३, भाद्र, भैरहवाः प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, २०६३ ।

***ईश्वरीय उपहार, (आध्यात्मिक द्वैमासिक),*** वर्ष ७, अंक ४, असोज, भैरहवाः प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, २०६५ ।

***ईश्वरीय उपहार, (आध्यात्मिक द्वैमासिक),*** वर्ष ७, अंक ५, कार्तिक, भैरहवाः प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, २०६३ ।

***प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र*** ब्रोसर ।

***शान्ति सन्देश,*** काठमाडौं:: आत्मज्ञान प्रचार संघको पर्चा ।

***ज्ञानामृत, (हिन्दी मासिक),*** वर्ष ३७, अंक ३, राजस्थानः प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय्र, सन् २००१ ।

***ज्ञानामृत, (हिन्दी मासिक),*** वर्ष ३७, अंक १२, राजस्थानः प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय्र, सन् २००१ ।

**प्रोफाइल**

***कास्की जिल्लाको वस्तुगत विवरण,*** पोखराः जिल्ला विकास समिति, कास्की, २०५८ ।

***पोखरा उपमहानगरपालिकाको वस्तुगत विवरण,*** पोखराः पोखरा उपमहानगरपालिकाको कार्यालय, कास्की, २०५८ ।

# कृतज्ञता ज्ञापन

**पोखरास्थित प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको चिनारी र प्रभावः संक्षिप्त अध्ययन** विषयक प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत इतिहास विषयको छैठौं पत्रको प्रयोजनका निम्ति तयार पारिएको हो । यस शोधपत्रमा पोखरामा रहेका ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयहरुको गतिविधि, समाजमा यसको प्रभाव तथा क्रियाकलापहरुकोबारेमा चित्रण गर्ने प्रयास गरिएको छ । यसको प्रभाव तथा क्रियाकलापहरु अझै पनि बाहिर आउन सकेको छैनन् । तसर्थ केही हदसम्म भए पनि प्रस्तुत अध्ययनमा यस बारेमा प्रकाश पार्ने प्रयास गरिएको छ ।

प्रस्तुत शोधपत्र सर्वप्रथम 'प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयहरुको चिनारी र प्रभावः संक्षिप्त अध्ययन' शीर्षकमा शोध अध्ययन गर्ने अवसर प्रदान गरिएकोमा त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस, पोखराप्रति आभार प्रकट गर्न चाहन्छु । यसै गरी प्रस्तुत शोध कार्य गर्न विशेष प्रोत्साहन दिनु हुने इतिहास तथा संस्कृति विभाग पृथ्वीनारायण क्याम्पस, पोखराका विभागीय प्रमुख सह-प्राध्यापक श्री गुणाखर जैसी भट्टराई तथा यस शोध पत्रका निर्देशक तथा आदरणीय गुरु पृथ्वीनारायण क्याम्पस, पोखराका सहप्राध्यापक श्री डा. दिलबहादुर क्षेत्रीप्रति म ज्यादै आभारी छु ।

प्रस्तुत शोधपत्र लेख्ने क्रममा आवश्यक सन्दर्भ सामग्री जुटाउन सहयोग गर्नु हुने एवं आवश्यक सल्लाह र सहयोग दिनु हुने आदरणीय गुरु पृथ्वीनारायण क्याम्पस, पोखराका उपप्राध्यापक डा.दीर्घमान गुरुङ्ग र शिक्षण सहायक चन्द्रकान्त पौडेल तथा गंगाराम पौडेलप्रति पनि आभारी छु । यसका अतिरिक्त क्याम्पसका सहपाठी साथीहरु प्रकाशराज सापकोटा, बबिता थापा, कूलपसाद खनाल, ताराप्रसाद बस्याल पनि धन्यवादका पात्र हुनुहुन्छ । साथै प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय नयाँबजारका निर्देशिका ब्र.कु.राजयोगिनी परणीता दिदी, पश्चिम नेपालका महासचिव ब्र.कु. शैलेशराज बराल, ब्र.कु.झंकनाथ पौडेल, ब्र.कु.चन्द्र श्रेष्ठ, ब्र.कु.रेशम सापकोटा, ब्र.कु. रमा बराल, ब्र.कु. शोभा श्रेष्ठ तथा ईश्वरीय उपहार (आध्यात्मिक द्वैमासिक)का सम्पादक ब्र.कु.भानुप्रकाशको सहयोग पनि अविस्मरणीय रहेको छ । यसबाहेक आवश्यक सामग्री जुटाइ सहयोग गरिदिने ब्र.कु.डिल्लीराम सिग्देलको सहयोग झनै विर्सन सक्ने छैन । त्यसैगरी प्रस्तुत शोधपत्रका निम्ति अन्तर्वार्ताका माध्यमबाट सूचना तथा तथ्यहरु उपलव्ध गराइ दिनुभएकोमा प्रजापिता

ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय पार्दी शाखाका सञ्चालिका ब.कु.अप्सरा र ब.कु.शिशिर रेग्मीप्रति म ज्यादै ऋणी छु । त्यस्तै यो चर्को लोडसेडिङ्गको बेला आफ्नो ल्यापटप कम्प्युटर दिएर मेरो मित्र ऋषिप्रसाद गुरुङ्गले लगाउनु भएको गुन पनि अविस्मरणीय रहेको छ । त्यसवाहेक प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुभएका मेरा अन्य मित्र तथा शुभचिन्तकहरु तथा परिवारजनलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत यो शोधपत्रको आवश्यक मुल्याङ्कनका निम्ति इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा समक्ष प्रस्तुत गर्दछु ।


**सुरजकुमार गुरुङ्ग**

त्रि.वि.वि. दर्ता नं. ११११५-८७

कक्षा रोल नं. ०१/०६२

परीक्षा रोल नं. ३०४४/०६४

पृथ्वीनारायण क्याम्पस,

पोखरा

२०६५


मिति ०६५।११।१५